वर्ष ३०/ पूर्णाङ्क १०१/ साउन–भदौ २०७३

प्रेश काउन्सिल नेपालद्वारा 'क' वर्गमा वर्गीकृत राष्ट्रियस्तरको पत्रिका

दायित्व

द्वैमासिक

प्रधान सम्पादक

रामप्रसाद पन्त

फोन नं. ४-४८६४७६

गोजीफोन ९८४१५२६०१७

सम्पादन सल्लाहकार

ठाकुर शर्मा भण्डारी

फोन नं. ४-४२०६१०

सह-सम्पादक

यादव भट्टराई

फोन नं. ४-७८३२६४

सम्पादन सहयोगी

केशवराज पन्त

कमल ज्ञवाली

विष्णु ज्ञवाली

सहयोग रू. ५०/-

विशिष्ट सदस्यता शुल्क रू. ५,०००/- वा सोभन्दा बढी ।

व्यवस्थापक

लक्ष्मी पन्त

फोन ४-४८६४७६

कार्यालय

घ-२७२/७०, चावहिल-७, काठमाडौं

फोन ४-४८६४७६

E-mail: dayitwa@hotmail.com

Website: www.nepalipublisher.com

दायित्व द्वैमासिकका विशिष्ट सदस्यहरू

निराजन तिमल्सिना/नारायणदेव पन्त/नैना नेपाल ढकाल/राधेश्याम भट्टराई/मोहन चापागाईं/वासुदेव उपाध्याय ढकाल/जनक शिक्षा सामग्री केन्द्र/रूकु कार्की/विजयध्वज थापा/आत्माराम खरेल/गङ्गासागर पन्त/योगराज पौडेल/गणेशप्रसाद भट्टराई/इष्टपोल उच्च मावि/विद्याप्रसाद घिमिरे/केशव रूपाखेती/राममणि दुवाडी/ ब्रिलियन्ट बहुमुखी क्याम्पस/डा. टीकाराम अधिकारी/डा. बद्री पोखेल/सुषमा शर्मा बडाल ।

🕮 वेदवाणी 🕮

ऋषि – मेधातिथि काण्व । **देवता** - इन्द्र । **छन्द** - गायत्री ।

आ त्वा वहन्तु हरयो वृषणां सोमपीतये । इन्द्र त्वा सूरचक्षसः ॥१॥

हे बलसम्पन्न इन्द्रदेव ! सोमरस पिउने सुविधाका लागि नै तिमीलाई तेजस्वी घोडाले यज्ञस्थलमा लिएर आएका हुन् । सूर्यजत्तिकै प्रकाशयुक्त ऋत्विक्ले मन्त्रद्वारा तिम्रो स्तुति गरुन् ।

इमा धाना घृतस्नुवो हरी इहोप वक्षतः । इन्द्र सुखतमे रथे ॥२॥

अत्यन्त सुखदायी रथमा नगरिएका दुई वटा घोडाले इन्द्रदेवलाई धाना ग्रहण गर्नका लागि यहाँ लिएर आएका हुन् । धाना भनेको घिउमा तारेको जौको परिकार हो । यज्ञको हविका रूपमा इन्द्रेवले त्यसलाई ग्रहण गर्दछन् ।

इन्द्रं प्रातर्हवामह इन्द्रं प्रयत्यध्वरे । इन्द्रं सोमस्य पीतये ॥३॥

हामीहरू प्रातः यज्ञ आरम्भ गर्ने बेलामा, मध्याह्न सोमयाग प्रारम्भ भएपछि र सायं यज्ञको समाप्तिपछि पनि सोमरस पिउनका लागि इन्द्रदेवलाई आह्वान गर्दछौं ।

उ प नः सुतमा गहि हरिभिरिन्द्र केशिभिः । सुते हि त्वा हवामहे ॥४॥

हे इन्द्रदेव ! लामो जगर भएका आफ्ना घोडाहरूलाई तिमी सोमरस तयार हुँदै गरेका ठाउँमा लिएर जाऊ । सोमरस तयार भएपछि हामी तिम्रो स्वागत गर्नेछौं ।

सेमं नः स्तोममा गह्युपेदं सवनं सुतम् । गौरो न तृषितः पिब ॥५॥

हे इन्द्रदेव ! हाम्रो स्तोत्र सुनेर तिमी यहाँ आयौ । तिर्खाएका मृग जलाशयमा पुग्न हतारिएझैं सोमरसको तयारी गर्ने ठाउँमा नजिकै आऊ । तिमी सोमरस पान गर ।

इमे सोमास इन्दवः सुतासो अधि बर्हिषि । ताँ इन्द्र सहसे पिब ॥६॥

हे इन्द्रदेव ! प्रभावशाली सोमरस तयार भएकाले कुशका आसनमा सजाइएको छ । आफ्नो शक्ति बढाउनका लागि तिमी यसलाई पान गर ।

अयं ते स्तोमो अग्रियो हृदिस्पृगस्तु शंतमः । अथा सोमं सुतं पिब ॥७॥

हे इन्द्रदेव ! यो स्तोत्र श्रेष्ठ, मर्मस्पर्शी र अत्यन्त सुखद छ । यो स्तोत्र सुनिसकेपछि पेलेर तयार पारेको सोमरस तिमी पान गर ।

विश्वमित्सवनं सुतमिन्द्रो मदाय गच्छति । वृत्रहा सोमपीतये ॥८॥

सोमरस तयार पार्ने गरेका सबै ठाउँमा इन्द्रदेव अवश्य जान्छन् । दुष्टहरूको विनाश गर्ने ती इन्द्रदेव सोमरस पिएर आफ्नो खुसी बढाउँछन् ।

सोमं नः काममा पृण गोभिरश्वैः शतक्रतो । स्तवाम त्वा स्वाध्यः ॥९॥

हे सयौं असल काम गर्ने इन्द्रदेव ! तिमी हाम्रा गाई र घोडासित सम्बिन्धित कामना पूर्ण गरिदेऊ । हामी मन लगाएर तिम्रो स्तुति गर्दछौं ।

अनुवाद : तिलकप्रसाद लुइटेल

ऋग्वेद-संहिता, प्रथम मण्डल, (सूक्त – १६)

सम्पादकीय

- नेपाली साहित्यिक पत्रकारिताको इतिहासमा देखिएका केही सीमित पत्रिकामध्ये विगत तीस वर्षदेखि सञ्चालन हुँदै आएको दायित्व द्वैमासिक पत्रिकाले शताङ्क पूरा गऱ्यो भनी सुनाउन पाउँदा हामीलाई गौरव बोध भएको छ ।

- ११८ वर्ष (सुधासागर-१९५५) को इतिहास बोकेको साहित्यिक पत्रकारिता, जुन गतिमा अगाडि बढ्नुपर्ने थियो, बढ्न सकेको छैन, तथापि निजी प्रयासमा भए पनि शारदा र रूपरेखा पत्रिकाले साहित्यिक पत्रकारितालाई अगाडि बढाउन ठूलो योगदान गरे तर साहित्यिक फाँटमा राम्रो प्रतिष्ठा कायम गरेको रूपरेखा त बन्द नै भयो, शारदालाई भने विमल भौकाजीको सत्प्रयासबाट पुनर्जीवित गर्ने काम भएको छ ।

- साहित्यिक पत्रकारिताको क्षेत्रमा योगदान पुऱ्याउँदै आएका र शताङ्क नघाएका 'रत्नश्री' र 'सुगन्ध'को गति पनि यस बेला रोकिएको छ तर 'भानु'ले भने शताङ्कपछि पनि निरन्तरता पाएकै छ । पुरानो तर धिमा गतिमा चलेको 'नेपाली' पत्रिका शताङ्कबाट उकालो लागेको छ । यसै गरी 'उन्नयन' र 'ज्ञानगुनका कुरा' पनि शताङ्कको लाइनमा लागेका छन् । तर पुरानो इतिहास बोकेको 'जुही' चाहिँ चूडामणि रेग्मीको वृद्धत्वसँगै थला परेको छ ।

- चार बीसको सङ्घारका पुगेका हाम्रा अगुवा नगेन्द्रराज शर्मा र रोचक घिमिरेले 'अभिव्यक्ति' र 'रचना'लाई द्विशताङ्क पुऱ्याउने दौडमा लागेका छन् भने मोहन दुवालले पनि 'जनमत'लाई त्रिशताङ्कतिर उकालो चढाउँदै छन् । यिनीहरूको गति र क्रम रोकिएको छैन । नरोकियोस् भन्ने हाम्रो शुभकामना छ ।

- यसपछिको युवापुस्ता पनि नयाँ नयाँ पत्रिकाहरूको थालनी गरेर साहित्यिक पत्रकारितामा सक्दो योगदान गर्न कम्मर कसेर लागेको छ । यही पुस्ता नै अबको साहित्यिक पत्रकारिताको भविष्य हो, जुन आशालाग्दो छ, यसले साहित्यिक पत्रकारिताको इतिहासलाई जीवित राख्दै र निरन्तरता दिँदै युग सुहाउँदो पत्रकारिता गर्नेछ ।

- साहित्यिक पत्रकारितामा मलजल थप्न र साहित्यिक पत्रकार एवम् साहित्यिक पत्रकारिता सञ्चालनमा देखा परेका अप्ठ्याराहरू फुकाउने उद्देश्य राखेर 'नेपाल साहित्यिक पत्रकार संघ'को जन्म भएको छ। जसअनुरूप यसले विगत दश वर्षदेखि अत्यन्त महत्त्वपूर्ण कामहरू गर्दै आएको छ। यो संस्था सबल र सक्षम भयो भने साहित्यिक पत्रकारिताको जग पनि बलियो हुने र निरन्तरता पाउने कुरा निश्चित छ।

- साहित्यकारहरू निर्माण गर्ने सेतुको रूपमा रहेको साहित्यिक पत्रकारिताले समाजमा जुन स्थान स्थापित गर्नुपर्ने हो, त्यो स्थान पाउन सकिरहेको अवस्था छैन। यसो हुनुमा सरकारले साहित्यमाथि हेर्ने दृष्टिकोण विभेदकारी हुनु हो। नत्र तीन वर्षपछि थालनी भएको पत्रकारिता यतिविधि शक्तिशाली हुँदासम्म साहित्यिक पत्रकारिता यतिसाह्रो कमजोर बन्ने थिएन।

- पछिल्लो चरणमा आएर प्रेस काउन्सिल नेपालले साहित्यिक पत्रिकाहरूलाई वर्गीकरणमा राखेर कल्याणकारी विज्ञापन दिन थालेपछि साहित्यिक पत्रिकाहरूको निरन्तरता र स्तरीयतामा अभिवृद्धि हुँदै गइरहेको छ तर समाचारमूलक पत्रिकाहरूलाई दिएको सुविधा र अन्य अवसरहरूबाट भने साहित्यिक पत्रिकाहरू अझै वञ्चित भइरहेको अवस्था छ। अबदेखि यस्तो विभेद हट्दै जाओस् र सरकारले पत्रकारिता र साहित्यिक पत्रकारिताबीचको विभेदकारी नीति अन्त्य गरोस्। हाम्रो यही चाहना र कामना छ। अस्तु।

"ॐ भूर्भूवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात्।"

भावार्थ : प्राणस्वरूप, दुःखनासक, सुखस्वरूप, प्रवलतेजस्वी, पापनासक, देवस्वरूप परमात्मालाई हामी अन्तरात्मामा धारण गर्दछौँ। ती परमात्माले हाम्रो बुद्धिलाई सन्मार्गमा प्रेरित गरून्।

दायित्व

(साहित्यिक द्वैमासिक)

सृजना	पाना नं.	स्रष्टा
कथा/लघुकथा		
बादल फाटेपछि	२१	राम विनय
तीन लघुकथा	४३	युवराज मैनाली
बालहित पुरस्कार	५४	चन्द्रश्री कार्की
सत्य केवल आकाश हो	५५	मुकुन्द न्यौपाने
नभोगेको बिहे	६२	टेकनाथ दहाल
भगवान्मा भक्ति लागोस्	७१	लक्ष्मी पौडेल
लेख/निबन्ध/यात्रासंस्मरण		
भन्ने-सुन्ने-पढ्ने	८	सत्यमोहन जोशी
दायित्वको शताङ्क	१५	अच्युतरमण अधिकारी
बज्जि गणराज्यको अभिनन्दन	३८	शीतल गिरी
विवेकमा उब्जिएका सन्तोषी मनहरू	६७	आत्माराम खरेल
अहा ! कति राम्रा ती घुम्ने रेष्टुराँ	११	कलाधर काफ्ले
नाटक		
भानुभक्त	५२	विमल खनाल
समीक्षा/समालोचना		
कथासँगै दुखेर हेर्दा	१७	साधना प्रतीक्षा
'हाम्री ज्यै' स्मृतिकाव्यको अवलोकन	२४	प्रा.डा. कृष्णप्रसाद दाहाल
कवि अजम्बरको माइँली खण्डकाव्यमा सङ्क्षिप्त अवलोकन	३१	प्रा.डा. गार्गी शर्मा
शाकुन्तल महाकाव्यको सम्प्रेषणीयता	४५	भगवती अर्याल 'पाण्डे'
श्रीमद्भागवतामृत कृतिको समालोचना	५६	डा. दामोदर ढकाल

कविता/गीत/गजल/मुक्तक

यादवप्रसाद शर्मा-७/ उज्ज्वल जिसी-१४/शिवप्रसाद पौड्याल-१६/डा. गोपालप्रसाद भट्ट- २०/ रामकुमार शास्त्री- २८/कृष्ण प्रधान-२९/ पवन आलोक-३७/केशवराज पन्त-४१/विजयध्वज थापा-४२/ डा. मुरारि पराजुली-४४/नारायण 'गोदारे'-५३/विनयकुमार शर्मा नेपाल-६०/जनार्दन अधिकारी 'धड्कन'-६१/सङ्गीता आचार्य-७०/प्रेम वली-७३ ।

साथमा सम्पादकीय, दायित्वबोध, कृतिविवरण, वेदवाणी र निराजन तिमल्सिनाको स्थायी स्तम्भ आदि ।

'दायित्व' उपलब्ध हुने पुस्तक पसलहरू

१ इलाम पुस्तक पसल- इलाम - ०२७-५२०४२३
२ श्रेष्ठ बुक एन्ड न्यूज सेन्टर- दमक, झापा - ०२३-५८४१२५
३ मैनाली पुस्तक भण्डार- विराटनगर, मोरङ - ०२१-५२१९२६
४ मुनाल पुस्तक भण्डार- गाईघाट, उदयपुर - ०३५-४२०१२५
५ सीता नोवल- लाहान, सिराहा - ०३३-५६००२७
६ न्यू परजुना स्टेशनरी- सिन्धुली - ०४७-५२००२५
७ श्रीराम पुस्तक पसल- लालबन्दी, सर्लाही - ०४६-५०१५८९
८ मिलिजुली पुस्तक तथा स्टेश्नरी- मन्थली, रामेछाप - ०४८-५४००८३
९ जे. एन. पुस्तक पसल- मन्थली, रामेछाप - ०४८-५४००१०
१० झिगु समाचार पुस्तक केन्द्र- वीरगन्ज, पर्सा - ०५१-५२८९१८
११ न्यू समाचार केन्द्र- हेटौँडा, मकवानपुर - ०५७-५२४०५५
१२ श्री सूचना केन्द्र- हेटौँडा, मकवानपुर - ०५७-५२१७३७
१३ नारायणी पुस्तक सदन- नारायणगढ, चितवन - ०५६-५२१२८०
१४ झरना पुस्तक पसल- बेसीसहर - ०६६-५२०५१०
१५ त्रिपुरा पुस्तक पसल- धादिङ - ०१०-५२०१९०
१६ पत्रपत्रिका स्टेशनरी (लालचन्द्र)- बागलुङ - ०६८-५२०१८४
१७ सगुन स्टेशनरी स्टोर्स- म्याग्दी - ०६९-५२००३५
१८ सिर्जना स्टेशनरी सेन्टर- वालिङ, स्याङजा -०६३-४४०३५४
१९ कन्चन प ुस्तक पसल- पोखरा, कास्की - ०६१-५२४४६६
२० गोरखापत्र बाजे- पोखरा, कास्की - ०६१-
२२ हाम्रो पुस्तक पसल- भैरहवा, रूपन्देही - ०७१-५२६५२९
२३ सिटी बुक एन्ड न्युज सेन्टर- बुटवल, रूपन्देही -०७१-५४५२३६
२४ विशाल पुस्तक सदन- बुटवल, रूपन्देही - ०७१-५४६५५९
२५ जनता बुक स्टल- घोराही, दाङ - ०८२-५६०२६९
२६ न्यू प्रभात पुस्तक पसल- सुर्खेत - ०८३-५२००७५
२७ न्यू अर्याल पुस्तक पसल- भुरिगाउँ, बर्दिया - ०८४-४०३००६
२८ महाकाली समाचार केन्द्र- महेन्द्रनगर, कन्चनपुर

हाल काठमाडौँमा थप भएका पसलहरू

१. कमल स्टेशनरी, सिफल-९८४११८५४७२
२. न्यू कविना बुक्स, कोटेश्वर-४६००१६७
३. कवि स्टेशनरी, मन्डिखाटार-९८४१३१३२९३
४. मञ्जुश्री बुक्स, नयाँ बानेश्वर-४४८५३०२
५. न्यू विएन बुक्स, चाबेल-९८४१३७०७५०
६. ध्रुव बुक्स, डिल्लीबजार-४४३३२०१
७. टङ्केश्वर इन्टरप्राइजेज, कालिमाटी-४६७०३६२
८. विधा बुक्स बौद्ध-४९१६६८४
९. बौद्ध बुक्स बौद्ध -४९१६५५८
१०. पुस्तक सेन्टर अद्वैतमार्ग पुतलीसडक -४२६६७८०

दायित्व

■ यादवप्रसाद शर्मा

जन्मेपछि देह अवश्य मर्छ
फक्रेपछि फूल अवश्य झर्छ
सदैव संसार अनित्य जान
दायित्व तिम्रो यही एक मान ॥१॥

असारको भेलसरी सुसाई
उमङ्ग उल्लास सबै सुकाई
वैलेर जाने फल हो जवानी
अज्ञानको एक यही कहानी ॥२॥

दायित्व सम्झीकन देशनिम्ति
मनुष्यता निम्ति र सत्यनिम्ति
सुशील भै नित्य बनेर प्रज्ञ
बनाउँदै जीवन ज्ञान-यज्ञ ॥३॥

भोगेर कैल्यै पनि भोगचैन
अनन्तसम्मन् पनि तृप्ति छैन
अनादिको तार अनन्तपार
पुगेपछि मिल्दछ सृष्टिसार ॥४॥

घुमेर शाखान्तरमा सदा नै
चाखेर यी भोग नयाँ नयाँ भैँ
चरो कहाँ तृप्ति अनन्त पाओस्
अज्ञानमा जीव कहाँ रमाओस् ॥५॥

को हूँ ? भनी सोध्दछ कोइली यो
म हूँ भनी भन्दछ न्याउली त्यो
को हूँ स्वयं चिन्न सकेर बाँच
विमुक्ति-सङ्गीत सुनेर नाच ॥६॥

रागादिका बन्धन यी छुटाई
अनन्त आनन्दसरित् फुटाई
आकाश झैँ निर्मल चित्त राख
विमुक्तिको स्वाद अनन्त चाख ॥७॥

दायित्वको रास अनन्त माझ
जागेर ज्युने शुभ मार्ग खोज
दायित्व साझा पनि छन् अनेक
कर्तव्य तिम्रो यही मुख्य एक ॥८॥

आनन्दको स्रोत अनन्त ब्रह्म
जानेर गर्दै शुभ नित्यकर्म
अनादि यो भ्रान्ति बुझेर रोऊ
निर्वाण पाई कृतकृत्य होऊ ॥९॥

अनन्तमा कल्प अनन्तसम्म
रागादिमा लिप्त रहेर टम्म
संसार भोग्यौ अब मुक्ति खोज
दायित्व तिम्रो यही एक रोज ॥१०॥

●●

लेख

भन्ने-सुन्ने-पढ्ने

■ सत्यमोहन जोशी

उहिले उहिले धेरै पहिले अन्तरिक्षको एकादेशमा बस्ने देवराज इन्द्र आफ्ना आसेपासेहरूका साथमा वैकुण्ठ लोकमा पुगे । त्यहाँ उनले भगवान् विष्णुको दर्शन गरिसकेपछि रोएर बिन्ती गरे– "हे नाथ ! मेरो रक्षा गरिदिनुपर्‍यो । दानवलोकका दानवराज वलिले त आफ्ना यज्ञादि र दानादिका कर्मको बलले मेरो बासस्थान अन्तरिक्ष र स्वर्ग नै डगमग पारिसक्यो । हामीहरू शरणमा आएका छौँ ।"

भयभीत भएर रुँदै आएका इन्द्रको मनोदशा थाहा पाएपछि, भगवान् विष्णुबाट आज्ञा भयो– "देवराज इन्द्र, नरोऊ, धैर्य गर । मैले तपाईंहरूको रक्षा गरिदिने भएँ ।"

त्यति बेला पतिदेवको सेवामा रहेकी लक्ष्मीले आफ्ना पतिदेव विष्णुकन बिन्ती चढाइन्– "नाथ, अन्तरिक्ष तथा स्वर्गको रक्षा गर्ने दायित्व त देवराज इन्द्रकै होइन र ? आज उनी किन यहाँ डरछेरुवा र रुन्चे मुख गरी यज्ञादि कर्ममा अग्रगामी र दानी दानवराज बलिको विरुद्ध उजुरी गर्न आएका ? मैले त भनिदिएकी छु, नाथले आफ्ना भक्तजनहरूमा कसैलाई पाखा र कसैलाई काखा गर्नु उचित हुँदैन, गरेमा अन्याय हुन जानेछ । यसको नतिजा नराम्रो पनि हुन सक्छ ।" अर्धाङ्गिनी लक्ष्मीको कुरा सुनी, भगवान् विष्णुबाट आज्ञा भयो– "देवी लक्ष्मी, मलाई सब कुरा थाहा छ, यसबारे तिमी चिन्तै नगर ।"

देवराज इन्द्रको हाहामा लागेर, भगवान् विष्णु छद्मवेशमा हातमा एउटा कमण्डलु बोकी एक जना बाम्पुड्के वटुक भई दानवराज वलिको यज्ञशालामा देखा परे । उनलाई दानवराज वलिले स्वागत गरी सोधे– "हे अतिथिदेव वटुक, के कति कारणले तपाईं यहाँ आउनुभयो, के चाहियो तपाईंलाई ?" वटुकले हात जोडेर भने– "हे दानवीर वलिराजा, म यहाँ आएको एउटै कारण छ, त्यो के भने मलाई पठनपाठनका लागि एउटा सानो कटेरो बनाउनका लागि एक टुक्रा जग्गा चाहिएको छ, प्राप्त भएमा मेरो खुट्टाको तीन पादले चापेको जग्गा लिनेछु ।"

वटुकको कुरा सुनी, हर्षित मुद्रामा दानवराज वलिले भने– "अतिथिदेव वटुक, मैले त तपाईंले ठूलो वस्तु माग्न आउनुभएको होला भनेर ठानेको त, जाबो तीन पादले चापेको एक टुक्रा जग्गा पो माग्नुभो तपाईंले । तपाईंले भने बमोजिम तपाईंको तीन पादले चापेर लिने जग्गा मैले तपाईंलाई दिएँ, तथास्तु ।"

उक्त यज्ञस्थलमा दानवराज वलिका गुरु शुक्राचार्य पनि थिए । त्यस बेलाको परिस्थितिबाट भयावह घटना हुनसक्ने ठानेर शुक्राचार्यले राजा वलिलाई कानेखुसी गरेर भने– "हे राजन्, आफूले दिएको वचन फिर्ता लेऊ । फिर्ता नलिएमा ठूलो हानी हुन बेर छैन ।" तर त्यसबेला एकोहोरो बुद्धि भएका राजा वलिले गुरु शुक्राचार्यको कुरा सुनेर पनि नसुनिएको झैँ गरेर भने– "गुरुदेव, दिइसकेको वचन म फिर्ता लिन्न ।"

राजा वलिको बामपुड्के वटुकलाई तीन पादले चापेर लिने जग्गा दान गर्न हातमा जौतिल राखे । उनकी धर्मपत्नीले कमण्डलुको पानी जौतिलमा खन्याउन मात्र के लागेकी थिइन्, गुरु

शुक्राचार्य आफ्नो तन्त्रमन्त्रको शक्तिले कमण्डलुभित्र पसेर कमण्डलुको टुटीको प्वाल थुनेर कमण्डलुभित्रै खुम्चिएर बस्नपुगे । यज्ञका होताहरू दानवाक्य पढ्दै थिए । तर आश्चर्य यही भैदियो कि कमण्डलुको टुटीबाट एक थोपा पानी पनि झरेन । त्यसैबेला कमण्डलुको टुटीबाट जल निस्केन भनेर एक जना ऋत्विक्ले कुशले टुटीको प्वालमा झीरले झैँ खोल्न खोज्दा त्यसबाट कमण्डलुभित्र लुकेर बस्न पुगेका गुरु शुक्राचार्यको एउटा आँखा नै फुट्न गयो । त्यस बेलादेखि नै शुक्राचार्य एक आँखे बने । कमण्डलुको टुटीबाट पानी झरेपछि तीन पादले चापेर लिने जग्गादानको कार्य सम्पन्न भयो । तर यसबखत त्यहाँको वातावरण अत्यन्त भयावह र आश्चर्यलाग्दो भयो ।

भगवान् विष्णुको छद्मभेषीमा देखापरेका वामपुङ्के वटुकले विष्णुविक्रान्त रूपधारी वामनको विकराल रूप धारण गरी उनले आफ्नो एक पादको नापले सम्पूर्ण अन्तरिक्ष र स्वर्ग ढाकिदियो, दोस्रो पादको चापले सारा पृथ्वीलाई अधिनस्थ गरेर लियो । अब तेस्रो पादले चापेर लिने जग्गाको निमित्त कहीँ कतै ठाउँ नै नभेटिएपछि, विष्णुविक्रान्त रूपधारी वामनबाट आज्ञा भयो– "दानवीर वलि, अब मलाई दिन्छु भनेर कबुल गरे बमोजिम तेस्रो पादले चापेर लिन पाउने जग्गा चाहियो, कहाँ छ त्यो जग्गा ?"

विष्णुविक्रान्त रूपधारी वामनको विकराल रूप र छलकपटपूर्ण षड्यन्त्र चाल पाएपछि दानवराज दानवीर वलि रनभुल्लमा परे र किंकर्तव्यविमूढ बने । उनले त्यसबेला घटिरहेको त्यो आश्चर्यजनक घटनालाई सपना हो कि विपना भनेर ठम्याउनै सकेनन् । उनै विष्णुविक्रान्त रूपधारी वामनले फड्केर भन्नथाले – "दानवीर वलि, तिमी किन बोल्दैनौ ? कि मेरो तेस्रो पादले चापेर लिने जग्गा दिन असमर्थ भएँ भनेर भन तिमी ।"

बिचरा दानवीर दानवराज वलिले दुई पादले द्यौलोक र पृथ्वी अधीनस्थ गरी अगिल्तिर भयङ्कर रूप धारण गरेर उभिने छद्मभेषी भगवान्को त्यो षड्यन्त्रपूर्ण करामत वाल्ल परेर हेरिमात्र रहे । उनको बोली नै फुटेन । उनमा जवाफदेहीको दायित्व नै शून्य प्रतीत भयो । अनि एकछिन झोक्रिएर विचारमग्न भएपछि, उनमा दायित्व बोधको दर्शन ज्ञान स्फुरण भयो । उनले छद्भेषी वामनलाई निवेदन गरे– "हे अतिथिदेव, मैले वाचा गरे बमोजिम तपाईंलाई टक्र्याउनुपर्ने भूमि नै अब मसँग कहाँ छ र ? तपाईंको दुई पादले अन्तरिक्ष, स्वर्ग र पृथ्वी नै आफ्नो गरेर चापेर लिइसक्नुभयो, अब हुन्छ भने यो मेरो शिरोभागको एक टुक्रा भूमि नै तपाईंको तेस्रो पादले चापेर लिएमा मेरो मञ्जूर छ ।" दानवराज वलिले करुण स्वरमा यति के बोलेका थिए, भगवान् विष्णुको रूपधारी वामनले दानवीर वलिको टाउकोमा आफ्नो तेस्रो पादले टेकी वलिको टाउकोलाई भकुण्डो झैँ हानेर पाताल पुऱ्याउने अठोट गरे । रिसले चूर भएर वामनले कड्केर बोले– "वलि, अब तिम्रो बास पातालमा हुने भयो ।"

यतिकैमा दानवीर वलिमा निहित दायित्वको शक्ति जुर्मुरायो । उनले आफ्नो टाउकोमा टेकेको वामनको पाद (पाउ)लाई बेसरी अँठ्याएर भएभरको शक्ति बटुलेर समाए । छद्मभेषी भगवान् विष्णुविक्रान्त रूपधारी वामनलाई घिसारेर आफूसँगै पाताल पुऱ्याए र लामो श्वास फेर्न थाले ।

उता दानवीर दानवराज वलिलाई वामनले पातालमा पुऱ्याउन लागेको सुसमाचार गुप्तचरहरूबाट प्राप्त भएको खुशियालीमा अन्तरिक्ष इन्द्रलोकमा ठूलो हर्षोल्लास गरी नाचगान भइरहेको थियो । त्यस बेला वृहस्पति पनि अत्यन्त हर्षित भई आफ्ना परमभक्त जजमान देवराज इन्द्रसँग भित्री मनको कुरा पोख्न लागे– "हेर

देवराज इन्द्र, ठूलो मौका भनेको यही हो । ती दानवहरूका गुरु शुक्राचार्यसँग एकलौटी रूपमा भएको "मृत्युञ्जय बुटी" हात पार्ने षड्यन्त्र पनि हामीले गर्नुपर्छ । देवेन्द्र इन्द्रले गद्गद् भएर गुरुलाई निवेदन गरेर भने– "गुरुदेव, तपाईं हेर्दै मात्र जानुस्, त्यो षड्यन्त्र पनि गर्न मैले जानेको छु ।"

यतिकैमा छद्मभेषी भगवान् विष्णु वामनद्वारा दानवराज वलिलाई आज्ञा भयो– "हे दानवीर वलि, देवराज इन्द्रका पक्षमा मैले पुऱ्याउनुपर्ने मेरो दायित्व पूर्ण भयो । अब तिमीले देवराज इन्द्रको त्यो सिंहासन डगमगाउने प्रयास सदाका लागि नगरे पनि भयो । अब म यहाँबाट आफ्नै धाम वैकुण्ठतिर लाग्छु । तिम्रो बास अब सदाका लागि यो पाताल नै भयो ।" यति आज्ञा भएर भगवान् विष्णु वामनले दानवीर वलिद्वारा बेसरी अँठ्याएर समाइराखेको आफ्नो पाउ (पाद) छुटाउन के बल गरेका थिए, त्यस बेला भएभरको श्वास ठूलो गरी दानवीर वलिले चुनौती दिँदै कड्केर बोले– "हे छद्मभेषी वामन, अब हजुर मेरो पञ्जाबाट फुस्कन पाउनुहुन्न । मैले त्यस्तो के अपराध गरेँ र यत्रो ठूलो सजाय भोग्नुपर्ने ? त्यो डरछेरुवा इन्द्रको हाहामा लागेर यत्रो ठूलो षड्यन्त्र गर्न हजुरजस्तो वैकुण्ठबासी भगवान्लाई सुहाउने काम हो र ? अब म हजुरलाई यहाँबाट एक दुई तीन उम्कन दिन्न ।"

आफ्नो पाँचौं अवतारमा छद्मभेषी बामपुड्के बाउन्ने भएका वामन विष्णु ठूलो सङ्कटमा परे, किंकर्तव्यविमूढ बने । केही सीप नलाग्ने भएपछि, उहाँले दानवीर वलिराजासँग शिष्ट भावमा विनम्र अनुरोध गरेर आज्ञाभयो– "दानवीर वलि, मेरो अनुपस्थितिमा विष्णुलोक वैकुण्ठ नै शून्य हुने भयो । मेरी श्रीमती लक्ष्मीको के दशा हुने हो ? म त ठूलै भूलभुलैया भुमरीमा पर्ने भएँ त । अब म के गरुँ ?"

छद्मभेषी वामनको यो दयनीय मनोदशा बुझेपछि, दानवीर वलिले निवेदन गरे– "अब एउटै उपाय छ, हजुरले यहाँ पातालमा मैले बस्नुपर्ने यही ठाउँमा बर्सेनी चार महिनासम्म मेरो वासस्थानमा ढोकेपाले भएर बस्नुपर्छ । मेरो यो प्रस्ताव मञ्जुर छ भने हजुरलाई छुटकारा मिल्छ, अन्यथा म हजुरलाई मेरो पञ्जाबाट एक दुई तीन उम्कन दिन्न, इन्द्रको बाबु गजेन्द्र नै आए पनि अब म हजुरलाई मुक्त गर्दिनँ । आज्ञा होस्, मेरो यो प्रस्ताव मञ्जुर छ हजुरलाई ?"

अन्ततोगत्वा छद्मभेशी भगवान् विष्णु वामनको बोली नै फुटेन । 'मौनं सम्मति लक्षणम्' सिद्ध भयो । दानवीर राजा वलिकै प्रस्ताव मुताविक छद्मभेषी भगवान् विष्णु वामन दानवीर वलिका राजप्रासादमा ढोकेपाले बने चार महिनाका लागि । र, सृष्टिको त्यो कालखण्डदेखि आजपर्यन्त प्रत्येक वर्ष आषाढ शुक्लपक्षको एकादशीको दिन वैकुण्ठको त्यो वैभव र लक्ष्मीसँगको सहबास परित्याग गरी, पातालमा आई दानवीर दानवराज वलिका राजप्रासादमा ढोकेपाले बने बिचरा बामपुड्के वामन । र, चार महिना (चतुर्मास) सम्म दानवीर वलिको सेवाकार्य गरी कार्तिक शुक्ल पक्षको एकादशीको दिन सेवाकार्यबाट छुटकारा पाई राजा वलिसँग बिदावारी भई वैकुण्ठ फर्कने क्रम एउटा जीवित परम्परा नै बन्यो वैकुण्ठवासी भगवान् विष्णुको पाचौँ अवतार वामनलाई ।

तदनन्तर नेपालको पञ्चाङ्ग निर्णायक समितिबाट स्वीकृत नेपाली पाञ्चाङ्ग (पात्रो)हरूमा अघिल्लो एकादशीलाई हरिशयनी ठूलो एकादशी र पछिल्लो एकादशीलाई हरिबोधिनी ठूलो एकादशी भनेर नेपालीहरूको धार्मिक, आध्यात्मिक र सांस्कृतिक महोत्सवको रूपमा जीवित परम्पराले निरन्तरता पाउन थाल्यो । र, यसरी नै भन्ने-सुन्ने-पढ्ने क्रम टुङ्गिन्छ ।

भन्नेलाई फूलको माला, सुन्ने र पढ्ने जतिलाई सुनको माला !

यो कथा अवश्यमेव वैकुण्ठ जाला । अस्तु ।

❖❖❖

यात्रासंस्मरण

अहा ! कति राम्रा ती घुम्ने रेष्टुराँ

■ कलाधर काफ्ले

नेपाल लिटरेरी फोरम फर सोङगुनपोलिसी स्टडी (Nepal Literary forum for songun policy study) का अध्यक्ष एवं उपन्यासकार शङ्कर भारतीको नेतृत्वमा साहित्यकारहरू जानकी भारती, राधेश्याम लेकाली, विष्णुबहादुर सिंह र यो पङ्क्तिकारसमेत पाँच जनाको भ्रमण टोली सन् २०१३ को सेप्टेम्बर १ का दिन काठमाडौँबाट प्रस्थान गरी मित्रराष्ट्र जनगणतन्त्र चीनको राजधानी बेइजिङ हुँदै सेप्टेम्बर ३ का दिन मित्रराष्ट्र प्रजातान्त्रिक जन गणतन्त्र कोरिया (प्रजगको) अर्थात् उत्तर कोरियाको राजधानी पोङयाङ पुगेको थियो । सेप्टेम्बर ९ मा पर्ने प्रजगकोको गणतन्त्र दिवसका उपलक्ष्यमा पोङयाङमा आयोजना गरिने समारोहमा सहभागी हुन त्यहाँ रहेको कास (KASS–Korean Association of Social Scientist) नामक संस्थाको आमन्त्रणमा सो टोली त्यसतर्फ गएको हो । हामीलाई पोङयाङस्थित पोङयाङ कोर्यो होटलका जुम्ल्याहा भवनमध्ये भवन नं. २ को एकतिसौँ तलामा राखिएको थियो ।

हामी पोङयाङ पुगेको भोलिपल्टदेखि नै विभिन्न कार्यक्रमहरूमा व्यस्त रहनुपर्‍यो । सेप्टेम्बर ४ को बिहान अवलोकन कार्यक्रम र दिउँसो अन्तरक्रिया कार्यक्रममा सहभागी भएपछि अपरान्ह ५ बजेतिर हाम्रो त्यस दिनको औपचारिक कार्यक्रम समाप्त भयो ।

एक छिनको विश्रामपछि हामी फेरि एकतिसौँ तलाको मटानमा भेला भयौँ । कतै घुम्न जाने प्रसङ्ग चल्यो । राधेश्यामजीले हामी बसेकै होटलको माथिल्लो भागमा रहेको रेस्टुराँमा जाने प्रस्ताव गर्नुभयो । हामी त्यसमा मतैक्य भयौँ । सोधखोज गर्दा त्यो ४४ सौँ तलामा रहेको जानकारी मिल्यो । मटानमा लहरै रहेका चारोटा लिफ्टमध्ये हामीले प्रयोग गर्नेगरेकै लिफ्टको ढोका खोल्यौँ र भित्र पसेपछि ४४ नम्बर थिच्यौँ । लिफ्ट माथितिर लाग्यो । ढोका खुल्ने बित्तिकै देखिएको सानो भरेङ चढेपछि रेस्टुराँभित्र पुगियो । रेस्टुराँ त ४४ तले होटलको थाप्लोमाथि थपक्क बसेको पो देखियो ।

रेस्टुराँ गोलाकार थियो । त्यसको वरिपरि ऐनाको बार लगाइएको देखियो । रेस्टुराँको अवस्थिति देख्तैमा मन नै प्रसन्न भयो । चटक्क परेको त्यो तीन खुड्किले रेस्टुराँमा २ महिला र पुरुष १ समेत जम्मा ३ जनामात्र कामदार देखिए । रेस्टुराँको सरसरर्ती अवलोकनपछि हामी मेचमा बस्यौँ र पाँचकप ब्ल्याककफी मगायौँ । एउटा मेघा होटलको शीर्षस्थानमा रहेको अत्यन्त सुसज्जित रेस्टुराँमा एक कप कफीको मूल्य सिर्फ चार अमेरिकी डलर ! मलाई त त्यो अग्घोरै सस्तो लाग्यो । जे होस् कफीको प्रतीक्षा गर्दै हामी गफिन लाग्यौँ ।

साथीहरू कुराकानी गर्दै हुनुहुन्थ्यो । वास्तवमा मेरो ध्यान अन्यत्रै केन्द्रित भइरहेको थियो । मलाई त कताकता त्यो रेस्टुराँ बिस्तारै परिभ्रमण गरिरहेको छनक मिल्यो । मैले बाहिरी दृश्यको निसाना लगाएँ । त्यो पार भएको मैले यकिन गरेँ । हामी बसिरहेको त्यो रेस्टुराँले फन्को मारिरहेको कुरोमा अब मलाई कुनै द्विविधा रहेन । कुनै नौलो कुरो

पत्ता लगाएको अभिनय गर्दै मैले साथीहरूलाई त्यो खुलस्त गरेँ । मेरो भनाइ सुनेपछि प्रतिक्रिया स्वरूप सर्वप्रथम विष्णुबहादुरजी खित्किनुभयो । उहाँको आशय रेस्टुराँ घुमिरहेको होइन भन्ने थियो । शङ्करजीले पनि हाँ मा हाँ मिलाउनुभयो । जानकीजी त झन् सधैँ निःशब्द हाँसिरहने व्यक्ति, त्यहाँ पनि उहाँले त्यसै गर्नुभयो । किन हो कुन्नी ? लेकालीजी पनि चुपचाप बसिरहनुभयो । यथार्थतालाई हो हो भनेर किन जोड दिइरहनु पर्‍यो ? म पनि एक छिन मौन रहेँ ।

एकै छिनपछि फेरि विष्णुबहादुरजीले नै कुरो खोल्नुभयो– 'हो भाइ, रेस्टुराँ त घुम्दो पो रैछ ।' उहाँको प्रस्तुतीकरणको शैलीले हामीलाई फेरि एकपल्ट हललल्ल हँसायो । यत्तिकैमा कफी आइपुग्यो । कफीको सुर्को लगाउँदै अब हाम्रो ध्यान रेस्टुराँको घुमाइतर्फ केन्द्रित हुन थाल्यो । रेस्टुराँको विशेषता के थियो भने कसैले आफ्नो दृष्टिलाई एउटै दृश्यमा मात्र केन्द्रित गर्न खोज्यो भने पनि त्यो बृहत् पोङयाङको चौतर्फी दृश्य एक घण्टामा सर्लक्कै देख्न सकिन्थ्यो । अर्को शब्दमा भन्नुपर्दा त्यो रेस्टुराँले एक फन्को मार्न ठ्याक्कै एक घण्टा लगाउँथ्यो ।

रेस्टुराँ बाहिर दृष्टि नचाउँदा त्यहाँ त्यतिखेर पोङयाङको भौगोलिक अवस्थिति एवं भौतिक संरचना र सूर्यास्तका अनुपम दृश्यहरू एकैसाथ अवलोकन गर्न सकिन्थ्यो । सूर्यास्तको समय नभइसकेकाले सर्वप्रथम मेरो ध्यान त्यहाँको भौगोलिक अवस्थिति र भौतिक संरचनातर्फ नै केन्द्रित भयो ।

पोङयाङ सहर पश्चिम, उत्तर र पूर्वतिर हरिया पहाडबाट परिवेष्टित र दक्षिणतिर सामुद्रिक किनारसँग जोडिएको देखिन्थ्यो । पोङयाङको दक्षिणी भागतिरको भौतिक संरचना अलि पातलो देखिए पनि पश्चिमी, उत्तरी, पूर्वीय र केन्द्रीय भागको संरचना भने घनीभूत र गहकिलो लाग्दथ्यो । अत्याधुनिक र गगनचुम्बी भवनहरूको प्रचुरता रहेको क्षेत्रमा पनि भवनहरू गुजुमुज्ज परेको देखिँदैनथ्यो । भवनहरूमा सेतो रङको बाहुल्यता रहेको पाइयो । फाट्टफुट्ट रूपमा देखिने पुरानो संरचनाबाहेक प्यागोडा शैलीका आधुनिक भवन कतै देख्न पाइएन । तर पिरामिड शैलीको १०३ तले अत्याधुनिक निर्माणाधीन भवन भने त्यहाँबाट छर्लङ्गै देख्न सकिन्थ्यो । सम्भवतः त्यो नै त्यहाँको सबैभन्दा अग्लो भवन पनि हो । होटल सेरोफेरोको भुँइ हेर्दा रेल सर्पजस्तो बस र कारहरू खेलौना मोटरजत्रा र मानिस कमिला हिँडेजस्तो देखिनु स्वाभाविकै हो ।

त्यो घुमन्ते रेस्टुराँबाट पोङयाङको दृश्यावलोकन गरिरहँदा मलाई तत्क्षण ब्रिटिस एयरवेज लन्डन आइ (British Airways London Eye)को सम्झना भयो । सन् २००५ को नोभेम्बर ४ का दिन मैले थेम्स नदीको किनारमा अवस्थित लन्डन आइको उच्चतम बिन्दु १३५ मिटरको उचाइबाट लन्डन उपत्यकाको ४० किलोमिटर सेरोफेरोको मनोरम दृश्यावलोकन गर्ने अवसर पाएको थिएँ । त्यसको ठिक आठ वर्ष दुई महिना पुगेको दिन त्योभन्दा पनि बढी उचाइको बिन्दुबाट पोङयाङ सहर छर्लङ्गै देख्न पाएँ । यी दुईबीच के समानता थियो भने दुवै विद्युत् चालित एवं मानव निर्मित उत्कृष्ट कृति थिए । असमानता के थियो भने घुम्ने रेस्टुराँ कुमालेको चक्र झैँ घुम्दथ्यो भने लन्डन आइसाइकलको चक्का झैँ घुमिरहेको देखिन्थ्यो ।

संयोगको कुरो हो, त्यसै दिन बिहानको अवलोकन कार्यक्रममा कोरियाली युद्ध अवधि (१९५०-१९५३) माकोरिया तहसनहस भएको सम्बन्धमा कलाकारहरूद्वारा बनाइएका जीवन्त तर हृदयविदारक, त्रासदीपूर्ण र पीडादायी चित्रहरू घुमन्ते प्रेक्षालय (Auditorium) मा बसेर अवलोकन गर्नुपरेको थियो । साठी वर्षअगाडि

युद्धबाट विध्वंस भएको कोरियालाई दृष्टिगत गर्दा रेस्टुराँबाट देखिएको वैभवशाली पोङयाङलाई विश्वासै गर्न सकिँदैनथ्यो । ६ दशकको छोटो अवधिमा युद्धको अवशेष समेत नेदेखिने गरी भएको विकास निर्माण निश्चय पनि एउटा असाधारण उपलब्धि थियो ।

परिभ्रमण गरिरहेको रेस्टुराँमा बसेर कफीको सुर्को मार्दामार्दै मलाई अस्ट्रेलियाको फ्लोटिङ्ग रेस्टुराँ (Floating Restaurant) मा कोक तन्काइरहेको सम्झना भयो । स्मरणीय कुरो के हो भने सन् २००६ को सेप्टेम्बर २१ का दिन अस्ट्रेलियाको सिड्नीमा रहेको पङ्क्तिकारले त्यसै दिन अस्ट्रेलियाको डार्लिङ हार्बरको सामुद्रिक छातीमाथि तैरिरहेको सो रेस्टुराँलाई स्पर्श गर्ने अवसर पाएको थियो ।

घुमन्ते रेस्टुराँमा पुगेको अर्को उपलब्धि के भयो भने त्यहाँबाट सूर्यास्तको मनमोहक दृश्य स्पष्ट रूपमा अवलोकन गर्न पाइएको थियो । हामी त्यहाँ पुग्दा सूर्य पूरै पश्चिमतिर ढल्किसकेको थियो । पश्चिमी क्षितिजमा बादलका अनगन्ती बुट्टाहरू छिरलिइहरेका देखिन्थे । तेर्सो परेका सूर्यका किरण धूलिकण र जलकणयुक्त बादलसँग ठोक्किएर पश्चिमी क्षितिज पूरै सुनौलो देखिइरहेको थियो । अस्ताउँदो सूर्य बादलका बुट्टाहरूसँग लुकामारी खेलिरहेको जस्तो देखिन्थ्यो । अस्ताउन लागेको सूर्यलाई डाँडामाथिको घाम भन्ने चलन पनि छ । सूर्य अब साँच्चिकै डाँडामाथिको घाम भइसकेको थियो । हेर्दाहेर्दै सूर्य त आगोको भर्भराउँदो फिलिङ्गो जस्तो पो देखिन थाल्यो । हुन पनि हो, सूर्य भनेको आखिर अपरिमित घनत्व भएको आगोको गोला न हो ।

अब सूर्यको रक्तिम गोलो चक्का क्षितिजमा क्रमशः बिलाउन थाल्यो । सूर्यका सुनौला किरण पनि हराउँदै गए । रहर नपुग्दा नपुग्दै पनि रेस्टुराँको हाम्रो बसाइ त्यहीँ नै टुङ्गिन पुग्यो । हामी फेरि एकतिसौँ तलामा फर्कियौँ र आ-आफ्नो कोठातिर लम्कियौँ । कोठातिर लम्किँदै गर्दा मेरो मनमा अनायास जिज्ञासा उठ्यो– 'घुम्ने रेस्टुराँ सहित होटलको बाहिरी आवरण कस्तो देखिएला ?'

सेप्टेम्बर ५ को बिहान निर्धारित समय अगाडि नै म होटलको भुँइतलामा पुगेँ र मूलढोकाबाट बाहिरिएँ । त्यहाँबाट सरासर होटलको बाहिरी परिसरमा पुगेर ठिङ्ग उभिएँ । घुम्ने रेस्टुराँ सहित होटलको बाहिरी आवरणको अवलोकन गर्ने मेरो मूलभूत उद्देश्य थियो । बदामी रङका इँटबाट निर्मित जुम्ल्याहा भवन र तिनीहरूका शीर्षभागमा जुम्ल्याहा घुम्ने रेस्टुराँ सुशोभित थिए । यसले गर्दा होटल भव्य र अत्यन्त सुन्दर देखिएको थियो । मैले त त्यसलाई पोङयाङ सहरको एउटा उत्कृष्ट कृतिको रूपमा आत्मसात् गरेको थिएँ ।

पोङयाङ कोर्यो होटलको आवरण अवलोकन गरेपछि त्यसको शीर्षभागमा रहेका ती रेस्टुराँका आकार प्रकारबारे पनि मेरा मनमा अनेकौँ तरङ्गहरू चलिरहे । रेस्टुराँका प्रतीकात्मक स्वरूपका सम्बन्धमा होटलको नक्साङ्कन गर्ने वास्तुकलाविद्ले मात्रै भन्न सक्ने कुरो हो । पङ्क्तिकारले त ती रेस्टुराँहरूलाई घरी होटलका गजुर र मुकुटका रूपमा त घरी बौद्ध धर्मका अनुयायीहरूले हात मालिएर घुमाउने 'ॐ मणि पद्मे हुँ' लेखिएको वस्तुका रूपमा परिकल्पना गरेको थियो । आठ दिनको पोङयाङ बसाइमा मैले त्यहाँ कतै पनि गुम्बा, मठमन्दिर, चर्च वा मस्जिद देख्न नपाएको पृष्ठभूमिमा मेरो परिकल्पना त्यति सार्थक नठहरिएला तर कुनै समयमा उत्तर-पूर्वी एसियाली देशहरू मङ्गोलिया, चीन, जापान, कोरिया, भियतनाम, बर्मा, कम्बोडिया, लाओस, थाइल्यान्ड आदि देशमा परेको बुद्धधर्मको गहिरो प्रभावको अवशेषको रूपमा 'माने' त्यहाँ घुम्ने रेस्टुराँका रूपमा उभिन पुगेको कुरोलाई भने ठाडै अस्वीकार गर्न सकिँदैन ।

२०७२।८।१४ ***बानेश्वर, काठमाडौं***

अभ्यर्थना

■ उज्ज्वल जी.सी.

सामञ्जस्यको आभाष नभए पनि
विश्वासका कोपिलाहरू विदग्ध भए पनि
मर्माहत हृदयलाई निराकुल गराई
एउटा सुलह गर्न -
सकालमै आऊ तिमी
म वरवर्णिनीजस्तै
शालीनताले सनद्ध भई
अश्रुस्थलीमा रसाल मुस्कान भर्दै
प्रतीक्षामा हुनेछु– अक्षमा त्याग गरी

००

हो,
म अवश्य पनि मेरा -
मत्सरका ज्वालाहरूलाई
प्रणयको अथाह सागरभित्र झोस्नेछु

००

तिमी म हौ
म तिमी हूँ भन्नुपर्ने बाध्यताको
उत्प्रेक्षा हो हाम्रो पार्थक्य
जसले -
शुभ्र भविष्यमा पयोधा ल्यायो
एक आपसमा विभक्ति ल्यायो
सन्नाटा ल्यायो
तमिस्रा रात ल्यायो

००

उलेलीलाई परिवर्जन गर्दै
अनुढको एक्लोपनभित्र
उकुस-मुकुस्सिएर बाँच्नुपर्ने
यो निरीह क्रम तन्काउनु भन्दा
खुम्च्याउनु नै वेश होला प्रिया

००

हृदयका पाटाहरूमा आस्था र श्रद्धाका
कोपिलाहरू फक्राउने
पावन अभिप्सा लिँदै आऊ तिमी
हामीले एउटा पुनः अभिनव जीवन
प्रवर्तन गर्नुछ -
उच्चाट/निबिड क्षणहरू बिर्सी
मृषा सङ्कटहरू बिर्सी
म तिम्रो शुभागमनमा उदधि बोक्दै बस्नेछु
विगतका अज्ञताहरू स्वीकार गर्दै ।

❖❖❖

तपाईंले निजीस्तरबाट प्रकाशित हुने 'दायित्व'लगायत अन्य साहित्यिक पत्रिकाहरू पढ्नुभएको छ ?

रचना, अभिव्यक्ति, भानु, जुही, रश्मि, वेदना, हाम्रो पुरुषार्थ, नाद-बिन्दु, चैतन्यज्योति, वनिता, जनमत, उन्नयन, तन्नेरी, वैश्वानर वार्ता, मनोभाव, अयन, दोभान, अभिनव, शब्दाङ्कुर, अक्षय अक्षर, अन्तर्बोध, आँखीझ्याल, साहित्यसागर, नव-प्रज्ञापन, शब्दसंयोजन, कौशिकी, ज्ञानगुनका कुरा, निर्झर, कल्पतरू, वैजयन्ती, शब्दसिन्धु, हिमाली गुराँस, फित्कौली, सुलेख, कपन-बानेश्वर, रजस्थल आदि ।

लेख

दायित्वको शताङ्क

■ अच्युतरमण अधिकारी

शताङ्क अथवा सय अङ्क यसले पुऱ्याइसक्यो । छापाको कर्म अथवा प्रेससम्बन्धी काम गरेर लेख, लिपि, भाषा आदिको यथार्थ संरक्षण गर्ने सही सत्य निकै दुःखदायी पनि हुन्छ । त्यसैले प्रेस सल्लाहकारले पनि यसप्रति निकै अप्ठ्यारो अनुभव गरेको मानिन्छ । आज देखिने प्रेस सुविधा कम्प्युटरका माध्यमबाट विशेष छ तर पहिले त्यस्तो थिएन । पहिलेको समयका आखिरीतिरको यथार्थ यो लिपि लेखकले पनि भोगेको छ । विशेष गरी काठमाडौँ आएर पढी-लेखी गर्दा खाइजीविकाका लागि जति र जसरी दुःख भोगियो, त्यो निकै महत्त्वपूर्ण इतिहास भएको छ । काम गर्दा जीवन निर्वाहका लागि प्रेसको काम गर्नै पऱ्यो । छापाको काम गर्दा लेख अनुसारका अक्षर जोड्ने, फेरि प्रुफ हेरी शुद्ध पारी प्रेसमा राख्ने र छापी निकाल्ने त्यस समयको यथार्थ कथा हो । समयको सत्यकथा पत्रकारी इतिहास यस्तै यथार्थबाट देखिन्छ ।

नेपालमा सही यथार्थको कुरा गर्दा लाजलाग्दो पनि महसुस हुन्छ । दुःख भोग्ने-खेप्ने मानिस आफ्नै ठाउँमा छन् । मैले त पहिले प्रुफ रिडिङको कामबाट छापाक्षेत्रमा प्रवेश गरेको हुँ । त्यसपछि बिस्तारमा पढाइ पनि अघि बढाएँ र एम.ए. पूरा गरेँ । त्यसै सन्दर्भमा 'मुकुट' पत्रिकामा पनि काम गरेँ । 'मुकुट'को कर्ममा पुरुषोत्तम बस्नेतलाई मैले जाने र सकेसम्म सहयोग पुऱ्याएँ । यस्तै गर्दै कर्मगतिमा अघि बढ्दा साहित्यिक पत्रकारिताका क्षेत्रमा निकै समय काम गरेँ र गर्दै पनि छु । पहिलेको प्रभावले पछि पनि 'उन्नयन' पत्रिकामा काम गर्दैछु । यो पत्रिका साहित्यिक पत्रकारिताको इतिहासमा राम्रो गौरवशाली इतिहासका साथ सञ्चालित छ । यी त भए साहित्यिक पत्रपत्रिकाको इतिहासको साङ्केतिक यथार्थमा आधारित कुराहरू ।

यहाँ सन्दर्भ चल्दै छ– 'दायित्व' पत्रिकाको । दायित्वले आफ्नै प्रकारको यथार्थ रूप र रङ्गको निर्माण गर्दै छ । यसरी रूप-रङ्ग निर्माण गर्नामा 'दायित्व'को निजी कर्म र शैली छ । पहिलो हो कर्मशीलतामा निरन्तरता, दोस्रो हो त्यस कार्यप्रति लगनशीलता । नेपाली साहित्यमा निरन्तर प्रयास गरेर सम्बन्धित लेखन र सम्पादन लगायत कार्यमा संलग्न हुने केही समर्पित व्यक्तिको नाम हेर्दा पहिलोमा त सु. ऋद्धिबहादुर मल्ल नै हुन् । त्यस बखत 'शारदा' जस्तो पत्रिका सञ्चालन गरेर मल्लले नेपाली साहित्यको इतिहासमा साह्रै महत्त्वपूर्ण योगदान दिएका थिए । आधुनिक साहित्यको इतिहासमा त्यस पत्रिकाको साह्रै मूल्यवान् योगदान छ । 'शारदा' पछि 'रूपरेखा' को पनि महत्त्वपूर्ण योगदान रह्यो । लामो समयसम्म विशेष प्रयास गरेर एउटा इतिहास निर्माण गर्ने यी दुई पत्रिकाको साह्रै अमूल्य योगदान छ । 'दायित्व'को सञ्चालनबाट पनि यसले आफ्नै प्रकारको इतिहासमा कर्म सञ्चालन गरेको छ । यसरी त्यस कर्मगतिमा महत्त्वपूर्ण योगदान दिँदै आएको यथार्थ त यस पत्रिकाबाट देखा परेको छ ।

लेखाइ गन्थनको प्रमाणपत्र हो । इतिहासका सुजाता, सुलभ रेखाहरू हेर्दै– भोग्दै गएपछि केही कोरकार गर्दै मानिसले मानिसकै सामु राख्तै

जान्छ। त्यसरी अभिव्यक्त भएका यथार्थलाई साहित्य भनिन्छ। 'दायित्व'को प्रसङ्ग मुख्य त साहित्य हो। जीवनमा अभिव्यक्त हुने कर्मरेखाको प्रसङ्गलाई साहित्य भनिन्छ। त्यस्ता जीवनका कथालाई देखाउँदै आएका लेखकीय अभिव्यक्तिलाई सुरक्षित गर्न कर्ममार्ग निर्माण गर्नेमा दायित्व पनि पर्दछ। पहिलेका ऐतिहासिक महत्त्व भएका पत्रिकाको इतिहास आफ्नै ठाउँमा छ। आजको स्वस्थ-सुलभ जीवनमा पाएका सुविधाहरूलाई उपभोगमा ल्याएर जीवनलाई उपयोग गर्ने कर्ममार्गी कममात्र छन्। साहित्यिक पत्रकारिताको मार्गबाट त्यसरी अघि बढ्ने त झनै कम छन्। कसरी चाँडै सुविधा उपभोग गर्न पाइन्छ भन्नेतर्फको सोचाइ र स्वार्थले गर्दा यस्ता कर्मगतिलाई निकै कमजोर पनि बनाइरहेको पाइन्छ। यस्ता कमजोरीलाई हटाउन 'दायित्व'हरूको दायित्व हुनै पर्छ।

हामीले समष्टिमा विचार गर्दा र हेर्दा 'दायित्व' को निकै मूल्यवान् योगदान देखिएको छ। दायित्व भनेको दायित्व नै हो। यसले आजसम्म आफ्नो गतिमा जसरी र जे गरी योगदान दिएको छ, त्यसले नेपाली साहित्यमा ठूलो योगदान प्राप्त भएको देखिन्छ। यहाँ आजको परिस्थितिले नेपाली साहित्यिक पत्रकारितामा जति योगदान दिएको छ त्यो निकै मूल्यवान छ। नेपाली साहित्यिक पत्रकारिताका क्षेत्रमा आजको इतिहास त्यति प्रभावकारी नभए पनि 'दायित्व' जस्ता पत्रिकाले 'शताङ्क'सम्म पुऱ्याएको छ। यसरी साहित्यिक पत्रकारितामा निरन्तर गतिशील रहनु एउटा सौभाग्य नै मान्नुपर्दछ। पहिलेका जस्ता इतिहास नबने पनि आजको 'दायित्व' ले राम्रो उत्तरदायित्व पूरा गरेको छ। यस पत्रिकाको इतिहास निरन्तर अघि बढोस् र पहिलेका 'शारदा' 'रूपरेखा' जस्ता पत्रिकाको जस्तो अमर इतिहास यसले पनि कायम गरोस् भन्ने कामनाका साथ यो लेखन यहीँ टुङ्गो लगाउँछु।

❖❖❖

थकित छ क्रान्ति

■ **शिवप्रसाद पौड्याल**

रगतको धारा बगाउँदै
क्रान्तिको बिगुल फुकेर
गाउँ गाउँमा, बस्ती बस्तीमा
रगताम्य झण्डा बोकी उठ, जाग,
अघि बढेको क्रान्ति थकित छ
उहिले हिँडेको अहिलेको क्रान्ति।

छातीमा थापेर गोली
मुक्ति दिलाउन जन्मभूमिलाई
जनताको बनेर छोरो देशभक्त भई हिँडेको
अहिलेको क्रान्ति थकित छ।

अचानक हरायो एउटा क्रान्तिपुत्र
आँखाबाट, देशबाट
यो देशबाट हरायो
अहिलेको क्रान्ति थकित छ।

आमा मरेँ भन्दै बाँच्न र बचाउन हिँडेको
क्रान्ति बीचबाटोमै
पानीमरुवा बन्यो क्रान्ति
क्रान्ति थकित छ अहिलेको।

क्रान्ति भ्रान्तिमा बदलियो आज
युग बदल्ने आशा बोकेर हिँडेको
हिजोको अधुरो क्रान्ति गोरेटो बाटो मै अस्तायो
त्यसैले अहिले क्रान्ति थकित छ।

यो देशको लागि
मेरो देशको लागि
नेपाली जनताको लागि
राँको बालेर हिँडेको क्रान्ति
बीच दोबाटोमै हरायो
त्यसैले त थकित छ
अहिले नेपालको क्रान्ति।

❖❖❖

समीक्षा

कथासँगै दुखेर हेर्दा

■ साधना प्रतीक्षा

घाउ त दुख्छ नै, चाहे त्यो तनको होस् चाहे मनको ! तनको घाउ दृश्य हुन्छ र त्यसले सहानुभूति पनि पाउँछ । तर मनको घाउ अदृश्य हुन्छ र सहानुभूतिको मलम समेत पाउन सक्दैन । तनको घाउ उपचारपश्चात् निको हुन्छ तर मनको घाउ बल्झिरहन्छ ! निरन्तर बल्झिरहन्छ ! यस्तै मर्मस्पर्शी भावका कथाहरूको सँगालो हो 'घाउ चहऱ्याइ नै रह्यो' । कथाकार रामेश्वरी पन्तको यस कथासङ्ग्रहभित्र यथार्थको बाहुल्य भएका पच्चीस कथाहरू अटाएका छन् । प्रायः सबै कथाले सामाजिक यथार्थको सशक्त प्रस्तुति गरेका छन् । आफ्नै सेरोफेरोका ती स-साना घटना र प्रसङ्ग जसलाई सामान्य नजरले खासै महत्त्व दिएको हुँदैन । तर तिनैमाथि जब कुनै स्रष्टाको दृष्टि पर्छ । उसको भावुक हृदय सुटुक्क त्यसलाई आत्मसात् गर्दै पग्लन थाल्छ अनि त्यही पग्लाई अन्ततः एउटा सिङ्गो कृति बनेर जन्मन्छ । यतिमात्र होइन, त्यसले पुनः झक्झक्याउन थाल्छ । सोही समाज र सामाजिक परिवेशलाई र त भनिन्छ यथार्थवादी रचनाहरू समाज निरपेक्ष रहन सक्दैनन् ।

नेपाली साहित्यको इतिहासलाई नियाल्दा, लेखकका भावना अनि कलम जब सामाजिक यथार्थको विषयवस्तुमा पोखिन पुगे, तब साहित्य इतिहासले नयाँ मोड लिन पुग्यो आधुनिकताको शङ्खघोष गर्दै । मैनाली त्यसै लोकप्रिय भएका होइनन्, उनका कथाबाट सलल बग्ने सामाजिक यथार्थले नेपाली पाठकको अन्तष्करणमा छोएको हुनाले रुचाइएका हुन् उनी त्यतिविघ्न । त्यसपछिको क्रमशः कथायात्रामा पनि नेपाली पाठकले यथार्थवादी कथाहरू नै बढी रुचाएका छन् । यस्तै आफ्नै सेरोफेरोका यथार्थ थुँगाहरू बटुलेर कथाकार रामेश्वरी पन्तले कथाको सुन्दर माला गाँसेकी छन् । शीर्षक कथा त्यस्तो घाउको कथा हो, जुन घाउ उनको मात्र होइन, मेरो पनि हो र समग्रमा सम्पूर्ण नेपालीहरूको हो । दसबर्से जनयुद्धले दिएका असङ्ख्य घाउहरू आ-आफ्ना छातीमा बोकेर शान्त र समुन्नत बिहानीको पर्खाइमा सङ्क्रमणको कालो रातमा रुमलिइरहेका हामी सबैको साझा नियति बोलेको छ । यस कथाले "मेरा दाजुजस्ता हजारौँको मानवबलि चढाएर मुक्तिको लामो सास फेरेका युद्धनायकहरूले बेलाबेलामा गलाले धान्नै नसक्ने गरी सयपत्रीको माला लगाएर हिँडेको जब देख्छु, मैले ती मालामा उनिएका प्रत्येक थुँगा-थुँगामा तिनै युद्धमा मारिएकाहरूको अनुहार देख्छु र देख्छु ती मालाभित्र आफ्नो दाजुलाई । उनीहरूको कुटिल मुस्कानमा सहिद परिवारको चीत्कार देख्छु ।" (पृ.१२८)

'चुनौती', 'सेतो खाम'आदि कथाहरू पनि द्वन्द्वका घाउहरूबाट निस्केका कहरहरू हुन्, जुन कहरको अनुभव र अनुभूति प्रत्येक नेपालीको स्मृतिमा ताजा र सुरक्षित छ । "सेतो वस्त्र बिधुवाको बाध्यता बन्नुहुन्न तर हरेक बिधुवाले आफ्नो खुसीले रातो वा सेतो लगाउन पाउनुपर्छ । कसैले जबर्जस्ती लगाइदिएर समाज रूपान्तरण नै हुन्छ भन्न म सक्दिनँ.....। बरू सक्नुहुन्छ भने यस्तो अभियान चलाउनुहोस्, जसले नेपालीका छोराहरू अकालमा मर्न नपरोस्...देशमा सल्केको युद्धको डढेलोलाई निभाउन जिम्मेवार निकायलाई

दबाव दिनुहोस्.... मजस्ता सहाराहीन बिधुवाहरूलाई क्षमता अनुसारको रोजगारी दिलाएर आत्मनिर्भर बन्ने बाटो खोल्ने अभियानमा लाग्नुहोस्" (पृ.२३) । वास्तवमै जनयुद्धमा ज्यान गुमाएकाहरूका परिवारको चुनौतिपूर्ण जीवनको यस कथाकी पात्रजस्ता कति नेपाली चेलीहरू यसरी नै बोलिरहेका होलान् देखावटीका राहत र समाज रूपान्तरणका खोक्रा नाराविरुद्ध ! युद्ध र प्रत्यक्ष द्वन्द्वपछि राजनीतिले निश्चित मोड लिन नसक्दा आम नेपालीले खेप्नुपरेका पीडा कम छन् र ? आफन्तको बलिदानले भावी सन्ततिको भविष्य सुनिश्चित होला, सहिदको रगतमाथि शान्ति र विकासको फूल फुल्ला भन्ने आशाहरू निराशामा परिणत हुँदाका चोट हुन 'रामविलासको लोकतन्त्र', 'बिर्खेले बुझेको नयाँ नेपाल', नागरिक सर्वोच्चता', 'नयाँ नेपालको यात्रा' आदि कथाहरू । "बा, नयाँ नेपालमा त सबैले नयाँ लुगा लाउन र मीठो खान पाइन्छ भन्थे नि ! हामीले मात्र किन नपा'को बा ?" (पृ.५५) ।

जनताका लागि भनेर हरेक पार्टी र समूहले जनतालाई नै सास्ती दिने राजनैतिक परम्पराको ज्वालामा झिल्सिएका हामी नेपाली नागरिक सर्वोच्चताको अर्थ खोज्न विवश हुन्छौँ त कहिले लोकतन्त्र र नयाँ लेपालको । "चक्काजामको समय सकिन अब करिब आधा घण्टा मात्रै बाँकी थियो । यसबीच रामकुमारले कतिपटक घडी हेऱ्यो गन्ती नै छैन । अचानक विन्ध्याको शरीर उसको काखमा लत्रियो । विन्ध्या कहराउन छाडिसकेकी थिई ...सास फेर्न छाडिसकेकी थिई...। उसका खुलेका आँखाले भनिरहेका थिए '...मैले तिमीलाई तिम्रो सन्तान दिन सकिनँ, म आमा बन्न सकिनँ....। गाडीको स्टेरिङ समातेर टोलाइरहेको ड्राइभर युवकले त्यो हृदयविदारक दृश्य हेर्दै नागरिक सर्वोच्चताको परिभाषा खोजिरहेको थियो"(पृ.९३-९४) । यी र यस्ता कथाहरू सँगालिएका छन् यस सङ्ग्रहभित्र । मातृभूमिको उर्वरतामा लागेको ऐजेरु उखेल्न भनी जनताका छोराछोरीलाई युद्धमा होम्ने अनि शासनसत्ता हातमा आएपछि स्वयम् ऐजेरु बनेको पत्तो नपाउने गलत राजनीतिले बनाएका घाउजस्तै पाठकको मनमा चहऱ्याउँछन् यी कथाहरू ।

मान्छे, मान्छे नै हो । ऊ न नारी हो न पुरुष । न छोरो हो न छोरी । शारीरिक संरचनाका आधारमा मान्छेलाई मान्छेभन्दा अरू नै केही बनाएर विभेदको कहिल्यै नपुरिने खाडलमा निरन्तर धकेल्ने अरू कोही नभएर 'मान्छे' नै हो । नारी या पुरुषभन्दा पहिला मान्छे बन्न नसक्नु र मान्छे बन्न नदिइनुले एक्काइसौँ शताब्दीसम्म आउँदा पनि एकथरि मान्छे धर्तीमा अवतरणपूर्व नै मृत्युको मुखमा पर्छन् 'छोरी भ्रुण' बनेर । यस्तै मर्मस्पर्शी भाव बोलेको छ 'अजन्मा' कथाले । नारी शरीरसंरचनामा जन्मेका मान्छेहरू मान्छेबाटै प्रताडित छन् 'पत्नी'का नाममा । 'लोग्ने मान्छे'ले उसलाई मन होइन मात्र तन अनि आफ्नो उपभोग्य वस्तु ठानेर भोग गर्ने मात्र होइन, अनेक शारीरिक र मानसिक यातना दिने गर्छ । त्यसलाई चुपचाप सहनुबाहेक कुनै विकल्प छैन उनीहरूसँग र त 'घाउहरूको बिस्कुन' कथाकी पात्रले जस्तै एकान्तमा घाउका बिस्कुन सुकाउने गर्छन् । "बिहेपछिका कैयौ वर्षहरू बिते, छोराछोरी जन्मे तर पनि विशुद्ध आत्मीयताको कोपिला फक्रिएको देखिनँ । फूल फुल्न त धर्ती र आकाश दुवै चाहिन्छ रे ! धर्तीको फूल फक्रन आकाशबाट निर्मल जल बर्सिनुपर्छ रे ! तर आकाशबाट निर्मल जलको सट्टा अम्ल वर्षा भैदियो भने फूल त के बिरुवा नै डढेर जाँदो रहेछ ।" (पृ.१८) । साँच्चै कति मार्मिक भाव छ यो हाम्रो विभेदकारी समाज र सामाजिक मूल्य अनि मान्यताप्रतिको !

स्वतन्त्रता र समानता तबसम्म नारामा मात्र सीमित रहन्छ जबसम्म प्रत्येक मान्छे सङ्कुचित मानसिकताको साँघुरो घेराबाट निस्केर अनि व्यक्तिवादको अहमबाट निस्केर एक अर्काको अस्तित्वलाई सम्मान गर्न सक्ने हुँदैन । विभेदका

विरुद्ध जति नै नारा जुलुस र आन्दोलन गरे पनि त्यो सार्थक बन्न सक्दैन । यस्तो यथार्थलाई पनि कथामार्फत् चित्रित गरेकी छन् कथाकारले । एउटा प्रगतिशील विचार भएको श्रीमान् बाहिर नारी स्वतन्त्रताका भाषण छाँट्दै हिँड्छ तर आफ्नै श्रीमतीमाथि अन्याय र शोषण गरिरहेको हुन्छ, 'नारी दिवस' कथामा झैँ । इच्छा, चाहना, अनुभूति दुवैथरि मान्छेका समान हुन्छन् । एकथरिलाई पूर्ण छुट छ त्यसको परिपूर्ति गर्ने तर अर्काथरिलाई छैन । अतः आफ्ना चाहनाका कुण्ठामा वास्तविक जीवन पोको पारेर सपनामा हराउँदै 'जिन्दगी सपनाजस्तै भए' भन्दै कल्पेर बाँच्न विवशहरूका मार्मिक कथाहरू छन् यसभित्र ।

छोरी भएर जन्मिएकै कारण शिक्षा र सम्पत्तिमाथि पूर्ण अधिकार नपाएपछि आत्मनिर्भर भै आत्मनिर्णयको अधिकारबाट वञ्चित भएका परनिर्भर आइमाई मान्छेहरू मानौँ अस्तित्वहीन छन् । आफ्ना लोग्नेलाई नै आफ्नो इच्छा, चाहना, आभूषण र अस्तित्व मान्नुपर्छ भन्ने परम्परामा हुर्काइएका आधा जनसङ्ख्याको प्रतिनिधित्व गर्छन् यस सङ्ग्रहभित्रका केही कथाहरूले । "लोग्ने आफ्नो प्यास मेटाएर मस्त निद्रामा घुर्न थाल्यो, मानौँ उसले महान् युद्ध जितेर निर्धक्कसँग सुतेको छ । हरेक रात यसरी नै उसका सुन्दर सपनाहरूमाथि हमला हुन्थ्यो, हरेक रात उसका रहरहरू बलात्कृत हुन्थे । तर ऊ भने छेवैमा पल्टेर आफ्नो कल्पनाको राजकुमारलाई सम्झिरहन्थी"(पृ.५२) ।

प्रेम सृष्टिको सुन्दरतम उपहार ! मान्छे मात्र त के आत्मा र परमात्माबीचको सम्बन्ध पनि यही प्रेमको आधारमा बनेको हुन्छ । संसार त झनै प्रेमबाट सञ्चालित छ तर जब प्रेममा स्वार्थ र दुर्भावनाको प्रवेश हुन्छ, त्यो दुर्घटित हुन पुग्छ । 'आस्थाको पर्खाल ढलेको दिन' जस्ता कथामा यस्तै भावना पाइन्छ । यसैगरी यस सङ्ग्रहभित्र प्रेमको लालित्य भावमा रमाउन चाहने रोमाञ्चक मनहरूलाई भित्रैदेखि कुत्कुत्याउने प्रेमरसका प्रशस्त कथाहरू छन् । प्रेम भौगोलिकता, उमेरअवस्था र निश्चित कालखण्डमा सीमित नभई सर्वव्यापी तथा अजर अमर हुन्छ भन्दै पाठकलाई प्रेमरसमा चुर्लुम्म डुबाउने क्षमता राखेका छन् ती कथाहरूले । वास्तवमा, यस सङ्ग्रहका धेरै कथाहरू प्रेमको शाश्वत पक्षसँग पाठकलाई जोड्न सफल देखिन्छन् । 'उत्सर्ग प्रेम', 'फूलजस्तै छे मेरी ऊ', 'जीवनको रङ्ग', 'अमर प्रेम' आदिजस्ता कथाहरू फिल्मी शैलीमा लेखिएका छन् । 'काँक्रो' कथा प्रेमलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको उत्कृष्ट कथा हो । "...उसले चक्कु उठाउँछ र काँक्रोतर्फ बढाउँछ तर चक्कु समातेको उसको हात काँक्रोतिर बढ्नै मान्दैन । उसले घरि चक्कुलाई घरि काँक्रोलाई पालैपालो हेर्छ अनि झट्ट चक्कुलाई भान्साको कुनामा मिल्क्याउँछ र काको लिएर कोठातिर लाग्छ..... थचक्क पलङमा बस्छ र काँक्रोलाई आफ्नो अनुहारभरि डुलाउँछ.....त्यसपछि पुनः खोकिलामा च्यापेर पलङमा घोप्टो पर्छ ।" (पृ.१११).

गरिब राष्ट्रका गरिबहरूले बाँच्नका लागि गर्नुपरेको सङ्घर्षलाई अत्यन्त भावुक शैलीमा व्यक्त गर्ने कथाकारले समाजमा भएका अनेक विकृति र विसङ्गतिका पर्दाहरू उघारेर आफ्नो समाजको प्रष्ट चित्र उतार्ने प्रयास गरेकी छन् । 'क्षतिपूर्ति', 'सुखको परिभाषा' जस्ता कथा यस दृष्टिले राम्रा कथा मानिन्छन् । कारखानामा काम गर्दागर्दै आफ्नो एउटा हात गुमाएर बेरोजगार बनेको मजदुर आफ्नो परिवार पाल्ने कुनै उपाय नभेटेपछि राति ट्रकमुनि किचिएर आत्महत्या गर्न पुग्छ क्षतिपूर्तिको रकम परिवारको हातमा पार्न । उफ् ! जिन्दगी कति दारुण ! केही मात्र सुखी सम्पन्न भाग्यशालीहरूलाई छाड्ने हो भने हामी अधिकांश नेपालीको नियति यही हो– दशनङ्ग्रा खियाएर पनि निर्धक्क गुजारा चलाउन नसक्नु । छोटो सिरकभित्र न्यानिएर बस्नुको डल्लिँदो जिन्दगी जिउन विवश हाम्रै कथाजस्तै लाग्छन् यी घाउका कतिपय कथाहरू ।

रूप र अन्तर्वस्तुलाई तुलनात्मक रूपमा हेर्दा अन्तर्वस्तु सशक्त देखिन्छ। भाषा एवम् प्रस्तुतिको सरलता यस सङ्ग्रहको अर्को विशेषता रहेको छ। वर्तमान समयका पाठकहरू जो नवीन शिल्प र सौन्दर्यात्मक प्रस्तुतिको अपेक्षा गर्छन् तिनीहरू अलि निराश हुनु अस्वभाविक छैन किनकि, 'काँक्रो', 'बूढो रुख', 'एकादेशको कथा' प्रतीकात्मक सौन्दर्यपूर्ण भए पनि बाँकी कथाहरू अविधात्मक शैलीमा लेखिएका छन्। शिल्पसौन्दर्यको अभावलाई विषयचयनको मार्मिकताले पूर्ति गरेको छ यस कथाकृतिमा। स्मरणीय छ, कुनै पनि कृतिकारको प्रथम कृतिमै सर्वगुणसम्पन्नताको अपेक्षा गर्नु पनि न्यायोचित नहोला।

नेपाली कथायात्राको पछिल्लो चरणमा 'घाउ चहऱ्याइ नै रह्यो' कथाकृतिमार्फत् देखिएकी कथाकार रामेश्वरी पन्तले यस यात्रामा स्थापित हुनाका लागि परिष्कार तथा लेखनको निरन्तरतालाई आत्मसात् गर्नै पर्ने हुन्छ। किनकि, नेपाली साहित्यको कथायात्राले पार गर्दै आएको लामो समयावधिमा यस विधाले निकै नयाँ नयाँ, आधुनिक उत्तरआधुनिक शैलीशिल्प एवम् नवीनतालाई आत्मसात् गरिसकेको छ। नेपाली कथाका प्रत्येक नव बिहानीसँगै नव-नव प्रतिभाहरूको उदय भैरहेको छ। आआफ्ना निश्चित धार निर्माण गरेर यस विधामा स्थापित हुने होडमा कैयौँ कलमहरू सल्बलाइरहेका छन्। यसो भए तापनि, उनको प्रस्तुत सङ्ग्रका कथाहरू यथार्थ विषयचयन र मार्मिक भावाभिव्यक्तिका कारण पाठकको मन जित्न सफल देखिन्छन्। प्रत्येक कथा पढ्दा पाठकलाई अन्तरमा कतै चसक्क दुखाउने क्षमता यस कृतिको विशेषता भएका कारणले पनि कथाप्रेमी पाठकहरूको चयनमा घाउका कथाहरू पनि पर्छन् भन्नेमा कुनै सन्देह देखिँदैन।

❖❖❖

बीज फल मनोवाद

■ डा. गोपालप्रसाद भट्ट

उही जमीन, उही माटो
उही आकाश, उही पानी
उनी वायु, उनी सूर्य
सब प्रकृति उही, फरक बीज
फरक बोट, फरक फूलबारी
फरक सुगन्ध, फरक मधुरता
मनमोहक प्रकृति, अनेकतामा एकता।

उही देश, उही सीमाना
उही संस्कार, उही संस्कृति
उही समाज, उही सभ्यता
सब भूगोल उही, फरक बीज
फरक व्यक्ति, फरक व्यक्तित्व
फरक निजत्व, फरक दार्शनिकता
मधुरतम मिलन, अनेकतामा एकता।

उही भवन, उही साइनबोर्ड
उही लोगो, उही सङ्गठन
उही लेटरप्याड, उही कम्प्युटर
सब संरचना उही, फरक बीज
फरक राजनीति, फरक युनियन
फरक माग, फरक प्रतिबद्धता
सङ्कीर्ण स्वार्थ, विभक्त मानसिकता।

उही प्रकृति, फरक बीज
उही संस्कृति, फरक बीज
उही सङ्गठन, फरक बीज
बीज गुलाव, फूल गुलाव
बीज सुसंस्कृत, सङ्गठन सुसभ्य
बीज संस्कारित, राष्ट्र सुभाषित
बीज बनावट, फल निस्कासित।

नेपाल राष्ट्र बैंक

कथा

बादल फाटेपछि

■ राम विनय

उसले आकाशतिर हेऱ्यो । बादलले सम्पूर्ण ढाकेको आकाश कता हरायो, हरायो ? यो बादल पनि कति अल्छिलाग्ने गरी घामलाई पूरै छेकेर गजधम्म बसिरहेको होला ! आफूलाई भने कहिले घाम लाग्ला र घाम तापुँलाजस्तो लागिरहेको छ । यो जाडो पनि किन आउँछ होला ? जाडोमा नै सेकिइरहनुपर्ने जिन्दगी ! हुन त हो, जाडोलाई मात्र के दोष दिनु ? आफ्नै घरभित्र जन्मिएको कपुतले गर्दा आफै सेलाएर बिलाएर विक्षिप्त भएर बस्नुपरेको छ । खुम्चिनुपरेको छ । मेरा सारा इज्जत खरानीमा मिसाइदियो– त्यो कपुत ले । यस्तै उस्तै सोच्दै अग्निप्रसाद घरको बरन्डामा बसेर आकाशतिर हेरेर बसिरहेको थियो ।

त्यसै बेला– "ए बूढा ! खाना खान आऊ !" भन्ने स्वास्नीको आवाजले ऊ झस्कियो ।

"हँ ! भात पाकिसक्यो बूढी ? ल, म आएँ ।"

अग्निप्रसाद थुरुथुरु जाडोले काम्दै भान्सातिर लाग्यो । खाना खान लाग्दालाग्दै आफ्नो मनभित्र नअटाएको कुरा ओकलिहाल्यो– "तिमीले कस्तो सन्तान जन्मायौ स्वास्नी ? हाम्रो त नाकै काटिदियो । इज्जत फालिदियो हाम्रो त्यो छोरा भनाउँदो कपुतले ।"

"ए ! खाना खाने बेलामा पनि कति त्यही एउटै कुरा दोऱ्याइरहेको ? जे भए पनि आफ्नै छोरा (सन्तान) हो क्यारे ! किन सधैँ कचकच गरिरहने हो भने ।"

"त्यस्तो भनेर हुन्छ ? हाम्रो इज्जत त धुलोमा मिसाइदियो नि त्यसले ! हाम्रो बेइज्जत भयो । मेरो मनमा सन्तोष छैन । सबतिर हेर्छु । बुझ्छु । मन बुझाउने खोज्छु । बुझ्दैन । कसलाई सुनाएर हिडुँ यो मनको व्यथा ?"

"भयो ! भयो ! कसैलाई सुनाउनु, बुझाउनु परेको छैन । आफूले आफैलाई बुझाउने हो । लौ खुरुखुरु खाना खानोस् । पछि कुरा गरौँला ।"

दुवै जना लोग्नेस्वास्नीले सँगै खाना खाए । "त्यत्रा सन्तानहरू भएर । हुर्के । छोराहरू सबैका विवाह भइसके । एउटै छोरा ! कति धेरै आशा राखिएको थियो ! आफ्नै जातको कन्या केटीसित धुमधामसँग विवाह गरेर यही घरमा एउटी गतिली बुहारी भित्र्याउँला भन्ने ! उत्सब मनाउँला भन्ने कति ठूलो आशा थियो ! तर के गर्नु ? आफूले भनेजस्तो भएन ! त्यो छोराले बिजातकी केटीसँग आफूखुसी विवाह गरेर हाम्रो सपना सबै चकनाचुर पारिदियो त्यो छोरा भनाउँदो कपुतले । – अग्निप्रसादको मनमा यस्तै तरङ्ग चलिरह्यो । यस्तै सोचिरहन्थ्यो । सबैतिर यस्तै अभिव्यक्ति दिइरहन्थे ।

"आफ्नो जात बाहिरकी केटीसित विवाह गर्दा कुलमा भित्र्याउन कुलले मान्दैन । भित्र्याउन दिँदैन । दाजुभाइहरूले नै मान्दैनन् । उनीहरूको अगाडि त मेरो केही लाग्दैन । बेइज्जत भयो नि । गर्नु नगर्नु गऱ्यो त्यो कपुतले !– उसले आफूले आफैलाई भन्यो ।

अग्निप्रसादको एउटै छोरो । चार जना छोरीपछि जन्मिएको छोरो । उसको नाम बन्देज ।

एस.एल.सी. पास गरेपछि ऊ थप अध्ययन गर्न छोडेर विदेशतिर लागेको थियो । विदेशमा बस्दा पढाइ र कमाइ दुवैमा लागेको रहेछ । त्यतिबेला त्यतै बसोबास गरेका कुलप्रसाद गुरुङकी छोरी बन्धनासित बन्देजको भेटघाट परिचय भएछ । मायाप्रीति बसेछ । त्यतै बसेको बेलामा अनौपचारिक विवाह भएछ ।

बन्देजले घरमा आफ्ना आमाबाउलाई आफूले विवाह गरेको र घरमा आएपछि परम्परागत औपचारिक विवाह गर्ने कुरा सुनाएछ । खबर पठाएछ । खबर सुनेपछि अग्निप्रसाद प्रधानलाई छानाबाट खसेको जस्तो महसुस भएछ । मनमनै छोराले ठीकै त गऱ्यो भन्ने लागे पनि आफ्नो समाज, छिमेकले हेलाको दृष्टिले हेर्छन् कि भनेर ऊ मनमनै असाध्यै तर्सिएको थियो । बेइज्जत भएको ठानेको थियो ।

एक दिन उसको भतिजा हरेराम प्रधान उसको घरमा आयो । कुरै कुरामा अग्निप्रसादले भन्यो– "लौ हरेराम भतिज ! म त भताभुङ्ग भएँ । मेरो छोरो छ नि त्यो बन्देजले मेरो बेइज्जत गरिदियो । इज्जतलाई धुलोमा मिलाइदियो । छोरो बन्देज कुलाङ्गार भएर निस्क्यो । बिजाति केटीसित विवाह गरेर ।"

"यो के भन्नुभएको काका तपाईंले ! तपाईंजस्तो सचेत नागरिकले यस्तो भन्न सुहाउँछ ?"

"किन ! भतिज ! के भन्न खोजेको ?"

"तपाईं राजनैतिक रूपमा पनि सचेत व्यक्ति ! जातपात भन्ने कुरा केही पनि होइन ! सबै जात एकै हुन् । यसको असमानतालाई मेटाउनुपर्छ ।"– भन्नुहुन्थ्यो तपाईंले । अहिले के भयो काका तपाईंलाई ?"

भन्ने र गर्ने कुरा परक हुने रहेछ भतिज । समाजले नमानेको कुरा हामीले मात्र मानेर हुने रहेनछ नि ! गुरुङको छोरीसित छोराले विवाह गऱ्यो । अब त्यो आफ्नो जातबाहिरको बुहारीलाई कुलमा भित्र्याउन आफ्नै दाजुभाइले दिँदैनन् । तिमीहरू मान्दैनौ । कुल देवताहरूले पिर्छ भन्छन् । हामीले तिमीलाई कुलबाट बाहेक गर्छौं । भन्छन् । म त अल्मलमा परेँ । आफ्नो कुल सन्तानसित बोहक भएर पनि के गर्ने । बहिस्कृत भएर बस्नु त झन् बेइज्जतै भयो नि भतिज !"

"हो, हुन त ! तर काका ! भाइ बन्देजले त दुलहीलाई विवाह गरेर ल्याइसक्यो । यो त यथार्थ हो नि त ! वास्तविकतालाई स्वीकार गर्नुपर्छ नि त ! नमानेर भयो र ! कुलमा नभित्र्याए पनि घरमा त बुहारीलाई भित्र्याउनु पऱ्यो नि ।"

"खै मलाई त कत्ति चित्त बुझेको छैन । अब मानवजाति अन्तर्राष्ट्रिय जाति हुनेछ भनेर मुजे पोटरले गीत लेखेको पनि कति वर्ष भइसक्यो । खै, झन् जातिपातिको जातीयतावादले मानवतावादलाई गाँज्न छोडेको छैन । संसारलाई गाँजेको गाँज्यै छ ।

"हो काका ! तपाईंले हामीलाई जातीय असमानता हटाउनुपर्छ । अब अन्तर्राष्ट्रिय जातिको समय हुनेछ भनेर सिकाउने तपाईं । अब बन्देजले अर्को जातको छोरीसित विवाह गरेको छ त के भयो । आफ्नो जात त जाँदैन नि । आपसमा घुलमिल भएको जातिले नै झन् नयाँ समाजको सृजना गर्नुपर्ने होइन र ! अर्को जातको बुहारी भनेर तपाईंहरूले छोराबुहारीलाई हेला गर्ने, बेइज्जत भयो भनेर सोच्ने होइन । वास्तविकतालाई स्वीकार गर्ने हो । तपाईंहरूले पहिले सजिलै स्वीकार गर्नुहोस् । समाजले के गर्छ भनेर नहेर्नोस् । समाजले त्यसलाई बिस्तारै व्यवहारिक रूपमा पचाउने छ । स्वीकृत गर्नेछ ।"

"खै भतिज ! के गर्ने ! के नगर्ने !"

यस्तै उस्तै कुरा हुन्थ्यो अरूहरूसित पनि । अग्निप्रसादलाई भने सामाजिक डर भर कायमै थियो । चित्त पटक्कै बुझेको थिएन ।

ooo

विदेशबाट फर्केर आएपछि बन्देज र बन्धना अलग ठाउँमा डेरा गरेर बसेका थिए । एक दिन बन्देज र बन्धना बा आमालाई भेट्न भनेर घरमा आए । त्यतिबेला उनीहरूलाई भेटेर/देखेर मनमनै निकै रिस उठेको थियो उसलाई । भन्न मन लागेको थियो – "तँ कुकुर ! तैँले हाम्रो कुलको बेइज्जत गरिस् । थुइक्क.....।"

तर उसले त्यसो भन्ने आँट गरेन/सकेन । बुहारीले ढोगिन् आमा बा दुवैलाई । त्यतिबेला पनि अग्निप्रसादलाई भन्न मन लागेको थियो– "तिमी गुरुङकी छोरी भएर नेवारको छोरालाई फसाउने ? आफ्नै जातको केटा पाउँथ्यौ नि ! किन यस्तो गरेको ?" तर त्यसो भन्न सकेन । बुहारीले ढोग्दा पनि अग्निप्रसादले मुन्टो एकातिर फर्कायो मात्रै । केही बोलेन ।

मनमनै भन्यो– "यी कपुतहरूको अनुहार हेर्न पनि मन छैन ।"

केही पर सासू स्वस्तीलाई ढोगभेट गरेपछि बन्देज र बन्धना आमासित बसेका थिए । अग्निप्रसाद नजिक हुन चाहेन सायद ! परै बसिरहेको थियो । आमा चाहिँले छोराबुहारीसित कुरा गरिरहेको कत्ति पनि उसलाई चित्त बुझेको थिएन । चुपचाप अलग्गै बसिरह्यो ।

आमा, छोरा, बुहारीले कुरा गरिसकेपछि फर्कने बेलामा बन्धनाले सासूआमाको अनुहार हेरिन् । झोलाबाट एउटा पोका झिकिन्– "ममी यो सामग्री राख्नोस् ।" भनेर सासूको हातमा राखिन् । त्यसपछि बिदा भएर आफ्नो डेरातिर फर्के !

स्वस्तीले पोको खोलेर हेरिन् । त्यसमा बुहारीले चढाएको रकम रु. चार हजार रहेछ । बन्देजकी आमा छक्क परिन्, बुहारीको त्यो उदारता देखेर ।

यी सबै कृयाकलाप अग्निप्रसादले पर बरन्डामा उभिएर चियाइरहेको थियो । छोराबुहारी फर्केपछि अग्निप्रसाद भित्र पस्यो । बन्देजकी आमा स्वस्तीलाई बोलाएर भन्यो– "ए बूढी ! यता आऊ त !'

"किन के भयो ?"

"खै त्यो अघि बन्धनाले दिएको रकम मलाई देऊ । तिमीलाई के काम ! ल्याऊ छिटो ।"

आफ्नो बूढाको ताल देखेर स्वस्ती अकमक्क परिन् । बूढाको अनुहार हेरिन् । त्यतिबेला आकाशमा बादल फाटिसकेको थियो । घाम झलमल लागेर न्यानो दिन थालेको थियो । उसले फेरि मनमनै आफैलाई सोध्यो– "यो जात भनेको के हो ? वर्ग भनेको के हो ? कहिले समाधान निस्केला यसको ?" बूढीले बुहारीले दिएको रकम दिई । अग्निलाई लाग्यो– कस्ती आज्ञाकारी छ है यो स्वस्ती ! यो बूढी !"

कुलेश्वर

निर्धो होस् शत्रुका साथ कदापि बस्न हुन्न नै
ठाउँ पायो भने ब्वाँसो विनाश गर्न सक्छ है ।

नेल जेल फुकालेर भाग्न सक्तछ मानिस
प्रेमिकाले अँगालेमा अनेलै कैद पर्दछ ।

भाइभाइ मिले राम्रो हुन्छ सार्थक जीवन
पञ्चपाण्डवको मेल आदर्श भातृरञ्जन ।

भित्री सुन्दरता ठूलो बाहिरी केही हैन नि
सुदर्शन शरीरैमा ज्ञान शून्य भए सरी ।

'तीतामीठा कुरा'बाट

समालोचना

'हाम्री ज्यै' स्मृतिकाव्यको अध्ययन

■ प्रा.डा. कृष्णप्रसाद दाहाल

माता लीलावती देवी पौडेल र पिता कृष्णप्रसाद पौडेलका द्वितीय सुपुत्रका रूपमा वि.सं. २००० साल कार्तिक वैकुण्ठ चतुर्दशीका दिन यस भूधरामा पाइला टेकेका श्रीधर पौडेल नेपाली साहित्यमा कलमवीरका उपमाले प्रख्यात भएका छन् । आफ्नो मतिलाई कलमको गतिद्वारा सशक्त गराउने सर्जक कमै हुन्छन् । श्रीधर पौडेल यस्तै कमै प्रतिभामध्येका एक हुन् । निर्झर, निश्छल र बेगवान् गतिद्वारा साहित्यको दीर्घ आराधना गरेर पौडेलले नेपाली साहित्यलाई धन्य गराएका छन् । न आराम चाहिन्छ उनलाई न बिरामले उनलाई छेक्छ; एकनासले कर्णाली सुसाएझैं गरी साहित्यका विभिन्न विधाहरूको आह्वान गर्दै जानु उनको विशेषता हो ।

संस्कृत साहित्यमा आचार्य एवं नेपाली भाषामा शिक्षाशास्त्रीको योग्यता प्राप्त गरेका श्रीधर पौडेलले डेड दशक जति निजी विद्यालयहरूमा अध्यापन गरी शिक्षाको ज्योतिद्वारा समाजलाई आलोकित तुल्याएको देखिन्छ । त्यस्तै लामो समयसम्म प्रशासनिक सेवाद्वारा कुशल र इमानदार प्रशासकको छवि बनाएका पौडेल सम्प्रति राष्ट्रको बिग्रँदो अवस्था देखेर चिन्तित पनि हुने गर्दछन् । सुशासनको अभाव र भ्रष्टाचारको बिगबिगी देख्दा उनीभित्रको स्रष्टा कहिलेकाहीँ विद्रोही बनेर छचल्किएको पनि पाइन्छ ।

लेखक संघ दाङबाट नन्द प्रज्ञा पुरस्कार, राप्ती साहित्य परिषद्बाट प्रतिभा पुरस्कार, दाङ साहित्य तथा संस्कृति प्रतिष्ठानबाट यज्ञकीर्ति पुरस्कार, त्रिमूर्ति निकेतन काठमाडौँबाट नइ पुरस्कार, अभिनव साहित्य प्रतिष्ठानबाट सम्मान-आदरपत्र, सूचक समूह काठमाडौँबाट सम्मान तथा पुरस्कार, भानु द्विशताब्दी वार्षिकीमा स्वर्ण पदक र तोयनाथ पाण्डेय पशुपति कुमारी साहित्यिक प्रतिभा पुरस्कारहरूद्वारा सम्मानित श्रीधर पौडेलका प्रकाशित कृतिहरूको सूची यसप्रकार छः जीवन र जीविका (खण्डकाव्य), मेघदूत (भावानुवाद), भर्तृहरिका तीनधारा (भावानुवाद), दुर्गा सप्तशती चण्डी (गीति छन्द), दुर्गा सप्तशती चण्डी (भावानुवाद), हालको बकस (उपन्यास), नाता (उपन्यास), बेबी किङ (उपन्यास), सौतेनी आमा (उपन्यास), रमाइला कथाहरू (कथासङ्ग्रह), त्रिदेवतात्मा (महाकाव्य), त्रिकालदर्शी (खण्डकाव्य), आफ्नै शब्दचित्र (खण्डकाव्य), त्रिरत्न (महाकाव्य), त्रिपुरासुन्दरी माई (खण्डकाव्य), डाडाँमाथिको घाम (महाकाव्य), जीवन र जगत् (खण्डकाव्य), रेलयात्राको रहर (लघुकाव्य), रश्मिराज (महाकाव्य) र हाम्रो आधा आकाश (उपन्यास) प्रकाशनको पर्खाइमा रहेका छन् ।

नेपाली आख्यान र काव्यमा उल्लेख्य योगदान पुऱ्याएका श्रीधर पौडेलको 'हाम्री ज्यै' स्मृतिकाव्यको प्रकाशन २०७१ साल, माघ महिनामा भएको हो । काव्यकार पौडेलले यसको रचना २०७० सालमा नै गरेका हुन् । सात सर्गमा विभाजित यस काव्यलाई काव्यकार पौडेलले स्मृतिकाव्य भने तापनि यो शोककाव्य नै हो । यसलाई नेपाली शोककाव्यकै परम्परामा राख्नुपर्ने हुन्छ । आफ्नी आमा लीलावती देवीको २०२३ साल जेठ २६ गते असामयिक निधन भएको थियो । उनै आमा लीलावतीको निधनबाट आहत हुन पुगेका पौडेलले

यस शोककाव्यको रचना गरेका हुन् । आमालाई केन्द्रीय पात्र बनाएर कविले आमाको विविध व्यक्तित्वमाथि प्रकाश पारेका छन् । यस शोककाव्यको शीर्षक 'हाम्री ज्यै' राखिएको छ । आमालाई नेपालको राप्ती अञ्चलभित्र कसैले जेई, कसैले ज्यै, कसैले ज्या भन्ने गरेको पाइन्छ । संस्कृतको जननी शब्दबाट अपभ्रंश भई ज्यै शब्द बनेको देखिन्छ । संस्कृतको ज्या वयोहानौ शब्दको अर्थ वृद्ध भन्ने हुन्छ । वृद्ध यो शब्दलाई नेपाली समाजमा परिपक्व अर्थमा पनि बुझ्ने गरिन्छ । यसरी कवि पौडेलले भाषिकाको रूपमा व्याप्ति पाएको ज्यै शब्दलाई शोककाव्यको नाम राखेर सम्पूर्ण नेपाली भाषीलाई ज्यै भनेको आमा हो भन्ने बोध गराउन सफल भएको हुनाले उनलाई विशेष धन्यवाद दिनै पर्दछ । उनले ज्यै शब्दलाई कवितात्मक शैलीबाट यसरी प्रकाश पारेका छन्:

"राप्तीका पाँच जिल्लामा पर्याय जननी हुने
कसैले ज्यै, कसैले ज्या, कसैले जेइ नै भने
पिताकी जननीलाई बज्यै नै भन्दछौं जब
पति पोई हुँदा पत्नी भनिन्छे जोइ त्यो तब
पाणिनी शब्दमा ज्याले वृद्ध सङ्केत गर्दछ
ज्या, ज्यै वा जेइ क्षेत्रीय भाषा हो बुझ्नुपर्दछ
पितृ भाषा पढे सिक्ने मातृभाषा घरै हुने
त्यसैले लेखिने भाषा पितृको पछि आउने
मातृभाषा सबै बोल्छन् पितृभाषा पढेपछि
नपढी बोलिने भाषा मातृभाषा छ सञ्चिति
भाषा संस्कृति हो हाम्रो हुनुपर्छ सुरक्षित
हाम्री ज्यै काव्यमा मैले ज्यै नै राखेँ सभक्तितः"

कविले यहाँ मातृ र मातृभाषाभक्ति राम्ररी दर्साएका छन् । मातृभाषालाई केन्द्रीय भाषाको शीर्षक बनाएर तयार गरिएको यस काव्यको अध्यायगत प्रारम्भ गर्नुभन्दा पहिले काव्यकारले आमा बित्नु भएको ४९ वर्षपछि अर्थात् आफू ७० वर्ष पुगेपछि लेखिएको खुलासा गरेका छन्:

"हौ नै आमा ! मन हृदयकी मूर्ति वात्सल्यताकी
साक्षात् देवी तर गतिमती शाश्वती सभ्यताकी
सुत्दा उठ्दा स्मृतिपटलमा झल्झली देखिइन्छयौ
जाग्रत् स्वप्ना बिच पनि तिमी सर्वदा साथ हुन्छयौ ।

श्रद्धाका यी सुमन जननी हृन्मनः शान्त पार्दै
अर्पे सम्झी विगत घटना सिर्जनामा उतार्दै
लेखूँ लाग्थ्यो मन हृदयको भेलमा होमिएर
बेला आयो अब, जब पुग्यो सत्तरीको उमेर ।"

आमाप्रति कृतज्ञता ज्ञापन गरेपछि विधिवत् रूपमा कवि पौडेल शोककाव्यको लहरमा हेलिन थाल्दछन् । त्रियासी ओटा श्लोकमा तयार पारिएको प्रथम सर्गमा कवि पौडेलले आफ्नो शिक्षा-दीक्षा, आमाले आफ्नो विवाहका लागि लिएको चिन्ता, भाइ-बैनीका निम्ति हेरविचार गर्नुपर्ने जस्ता कुराहरू समेटेका छन् । खास गरेर माइलो छोरो श्रीधर नै आमाको आस्था र भरोसाको केन्द्रबिन्दु भएको यथार्थलाई प्रकाश पारिएको छ:

'"आशा गर्छु, सहाय बन्न त्रय यी बैनी र भाइप्रति
मैले आशिष दिन्छु सक्षम बनेस् आपत्ति बेला पनि
सम्झून् बिर्सिदिऊन् सहायक नहुन्; के भो म हेर्ने छु नि !
(पृ.१८)

"अझ कति म शुभाशीः पाउँथेँ जेइबाट
तब अनुज करायो भित्रिंदै बाबु साथ
झटपट तल झर्दै भन्नु भो, खै त बैनी ?"
त्यसपछि स्वर दिन्छन् फेरि लैनी बकेर्नी ।"
(पृ.१८)

आमाको आज्ञापालक बन्दा आफूले प्राप्त गरेका आशीर्वादलाई कविले राम्ररी सजाएका छन् । सर्गको अन्तिम श्लोक मालिनी छन्द र बाँकी ८२ ओटा श्लोक शार्दूलविक्रीडित छन्दद्वारा लेखिएको यस सर्गका माध्यमबाट मातृभक्तिको सन्देश प्रवाह गरिएको छ ।

दोस्रो सर्गमा ६८ ओटा श्लोक छन् । अन्तिम श्लोक मालिनी छन्दमा छ भने बाँकी सबै श्लोक शार्दूलविक्रीडित छन्दमा लेखिएको छ । यसमा माइँला छोरा श्रीधरको विवाहको सुखद् प्रसङ्ग छ । छोराको बिहे भएको एक वर्षमा आमाको

निधन हुनेछ भन्ने स्वर्गद्वारी गुरुमहाराज श्री शङ्करानन्दको कथन अनुसार आमाले माहिला छोरा श्रीधरलाई भाइ-बैनीका प्रति गर्नुपर्ने कर्तव्यबोध गराएको विषयलाई प्रस्तुत गरिएको छ:

"बाँच्ने छैन म रुग्ण भै म जिउँला संसारमा के अब !
जाने हो, बुटि बाँध्नुथ्यो जसतसो बाँध्यौं, पुग्यो भो सब
आगामी दिनमा यही सुतसँगै साना यिनी बालक
छोड्ने हो, भर छैन ज्येष्ठ सुतको, यस्को छ आवश्यक ।"

(पृ.१९)

तेस्रो सर्गमा ६४ ओटा श्लोक छन् । त्रिसट्ठी ओटा श्लोक मन्दाक्रान्ता छन्दमा र अन्तिमको एउटा श्लोक चाहिँ मालिनी छन्दमा लेखिएको छ । यस सर्गमा भावना र कर्तव्यका बीचमा द्वन्द्व देखाइएको छ । कवि (छोरो) आमाको रेखदेखका लागि बनारसमा पढ्न नजाने कुरा गर्दछन् तर आमा चाहिँ छोराले पढाइलाई निरन्तरता दिनुपर्छ भन्ने पक्षमा दृढ हुन्छिन् । आफ्ना कारणले छोराले पढाइ नछोडोस् भन्ने चाहना आमाको रहेको छ :

"पढ्नै छाडी घर रहनु यो लाग्छ औचित्यहीन
मेरो बारे मन बिथुलिने काम गर्नै हुँदैन
रोई बस्छन् कतिपय यहाँ पढ्न जानै नपाई
यस्तो बाबू सुलभ हुनुमा ठान्नुथ्यो भाग्यमानी ॥"

(पृ.३८)

सर्ग चारका ४४ ओटा श्लोक पूरै स्रग्धरा छन्दमा आधारित छन् । श्रीधर पढ्नका निम्ति बनारस पुग्छन् । यहाँ कविको पढाइ सम्बन्धी कुरा गरिएको छ । गाउँमा भएकी आमाको विषयलाई लिएर चिन्ता पनि प्रकट गरिएको छ । पाश्चात्य शिक्षाप्रतिको मोहले कविलाई आकर्षित गराएको छ । दिनदशा र ग्रह आदिको स्वस्तिशान्तिका विषयले पनि यहाँ त्यत्तिकै व्याप्ति पाएको छ । मूलतः आमाको चिन्ता व्यक्त गर्न चाहिँ कवि कहीँ पनि पछि परेका छैनन्:

"जान्नेले कृत्य के हो ? गरिदिनु उसको हुन्छ नै मुख्य धर्म
मिल्ला वा त्यो नमिल्ला प्रतिफल ! बरु हो जान्नु निष्काम कर्म
आमाको वर्षभित्रै निधन हुनु निकै दुःखलाग्दो कुरा छ
थाहा पाएर, त्यस्को समय अघि सक्नेसम्म गर्नै पर्‍या छ ॥"

(पृ. ४९)

६५ श्लोक भएको अध्याय पाँचमा अन्तिमको ६२ श्लोक मालिनी छन्दमा र बाँकी सबै श्लोकहरू शिखरिणी छन्दमा लेखिएका छन् । दशैंको बिदामा श्रीधर घर आउँछन् । दशैं संस्कृतिको महत्त्व र विशेषतामाथि प्रकाश पारिएको छ । घर र ससुरालीमा दशैंमा टीका लगाएको कुरा देखाइएको छ । त्यसपछि श्रीधर पढ्न भनेर बनारस नै आएका छन्:

"टीका सामग्रीले विधिवत मलाई सजिधजी
सुगन्धी बास्नाको कुसुमयुत माल्यार्पण गरी
दिँदै आशीः धेरै गतिदिन उठाई करद्वय
बिदाई भो मेरो जनक जननीबाट सजल ॥"

(पृ.६६)

सर्ग ६ पूरै शिखरिणी छन्दमा आधारित छ । यसमा बनारसको बसाइ र पढाइ सिध्याएर घर आएको देखाइएको छ । अङ्ग्रेजी शिक्षा आर्जनका लागि गरेको मिहिनेतको पनि यहाँ उल्लेख गरिएको छ । आइ.ए. र शास्त्री दुवै तहको पढाइ सिध्याएको र पछि मामासँग यात्रामा सरिक भएर प्रयागको कुम्भ स्नान गरेको वर्णन पनि यहाँ आएको छ:

"अकस्मात् मामाको त्यस समयमा दर्शन मिल्यो
उहाँले लौ जाऊँ भनिदिनु हुँदा साइत जुर्‍यो
ल के खोज्छेस् कानी ? 'नयन' भनिएझैं हुन गयो
प्रयागस्नानार्थै गतिमय हुने निश्चित भयो ।"

(पृ.७०)

अध्याय ७ यस सर्गको अन्तिम सर्ग हो । यसमा जम्मा ९१ ओटा श्लोक छन् र ८६ ओटा श्लोकहरू शार्दूलविक्रीडित छन्दमा लेखिएका छन् । एउटा श्लोक स्रग्धरा र बाँकी ४ ओटा श्लोकहरू मन्दाक्रान्ता छन्दमा तयार गरिएका छन् । यसमा २२ वर्षे कवि श्रीधरले आमाका विरुद्धमा जस्तोसुकै निर्दयी शक्ति आए तापनि त्यससँग भिड्न पछि नपर्ने दृढोक्ति प्रकट गरेका छन् । कविले आफूलाई आमाप्रति सचेत र सतर्क गराउँदा गराउँदै पनि

आमालाई रोग लाग्दछ । छाती दुखेर खकारमा रगत आउँछ । वैद्यको उपचारद्वारा भेडाको भुत्लामा चुक घोलेर छातीमा लेप्ने कार्य गरिन्छ । वैद्यले क्षयरोग लागेको पुष्टि गर्दछ । वैद्यको उपचारले अलिकति पनि रोग बिसेक हुँदैन । दाङको घोराहीमा ल्याएर डाक्टरी उपचार गर्दा क्षयरोग नभएर क्यान्सरको आशङ्का गरिन्छ । डाक्टरी उपचारपछि आमालाई घरमा ल्याइन्छ । मार्फिया औषधिले दुखाई कम हुन्छ । तर आमाले आफ्नो अन्तिम अवस्था आएको ठानेर छोरालाई भागवत पाठ गराएर दशदान गर्दछिन् । दशदान गरिसकेपछि बेहुलीजस्तै सिंगार पटार गरेर डोलीमा चढ्छिन् र आफ्नो अन्तिम अवस्था आएको कुरा सबैलाई सुनाएर घाटका लागि प्रस्थान हुन्छिन् :

"डोली आइपुग्यो, भयो अब ढिलो लौ, लौ, छिटो गर्नुहोस् ।
गर्मीले पनि छट्पटी भइसक्यो, मेरो कुरा सुन्नुहोस्
डोली चढ्छु छिटो बसालिदिनुहोस्, जे गर्नुथ्यो सिद्धियो
बेला आउँछ, पखिंदैन, त्यसले जाऔं ढिलो भैसक्यो ॥"

(पृ.९१)

माता लीलावती पौडेलले आफ्नो नाम सार्थक पारेकी छिन् । उनको जीवन साँच्चै नै लीलामय भएको देखिन्छ । आफ्नो जीवनको अन्तिम यात्रा आफैले तय गरी श्रीमान्लाई अगाडि-अगाडि लगाएर छोराछोरीलाई पछि-पछि लगाएर सारा इष्टमित्रलाई बिदाइको अन्तिम हात हल्लाएर घाटमा पुगेपछि सबैलाई सम्झाई- बुझाई गरेर अन्तिम निश्वास फेरेको घटनाले सबैलाई चकित तुल्याइदिएको छ । यस किसिमको घटना कमै मान्छेको जीवनमा घट्ने गर्दछ । यस्तो घटनालाई दुर्लभ नै मान्नुपर्दछ :

"लौ, लौ झार्नुपर्‍यो नदी तट, यहीँ देहान्त होला कि ? भो
भन्दै झट्पट झारियो बगरमा गोडा दुवै चोबियो
पट्क्यो शीर त्यहीँ, शरीर हुन गो निष्प्राण तत्काल नै
देख्दा त्यो स्थिति, बाबुको हुन गयो बेहाल- बेहाल नै ॥"

(पृ.९३)

आमाको जीवनलीला समाप्त भएको घटनाले सबैलाई दुखित तुल्याएको छ । मातृवियोगको पीडाले कवि धेरै व्यथित भएका छन् ।

आमा बितेको धेरै वर्षपछि जन्मेकी आफ्नी कान्छी छोरीको अनुहार 'आमासित मिलेको देख्दा कवि आमाले छोरीको रूपमा घरमा पुनः पाइला राखेको'मा खुसी प्रकट गर्दछन् :

"राख्थें श्रद्धा जति म जननी, पाउँथे प्रीति नित्य
सेवा गर्ने अवसर थियो, दैवकै भो अभीष्ट
स्नेहार्दैले झलक जननी देख्छु आफ्नै सुतामा
हेर्दै यिन्को तन, वदनले दिन्छ सन्तुष्टि आमा !
ल्याएकी छयौ जनम घरमा नातिनी नै बनेर
हिँड्दा, हाँस्दा, पदध्वनि हुँदा आफु जस्ती भएर
तिम्रै जस्तो कद र हँसिलो रूप आकारबाट
ठानें मैले हुबहु जननी, हुन् सुता छिन् मसाथ ॥"

(पृ.९४)

नेपाली शोककाव्यको परम्परामा श्रीधर पौडेलले आफ्नी आमाको अपार महिमा गाएका छन् । मातृतीर्थको आह्वान गरेर खण्डकाव्यकारले आमाको काव्यिक विधिद्वारा श्राद्ध गरेर पितृऋण तिरेका छन् :

"श्रद्धाका यी सुमन जननी हृन्मनः शान्त पार्दै
अर्पे सम्झी विगत घटना सिर्जनामा उतार्दै
लेखूँ लाग्थ्यो मन हृदयको भेलमा उर्लिएर
बेला आयो अब, जब पुग्यो सत्तरीको उमेर ॥"

(पृ.९३)

"हाम्री ज्यै" स्मृतिकाव्यको रचना गरेर काव्यकार श्रीधर पौडेलले मातृतीर्थको सम्मानको परम्परामा नयाँ अध्याय थपेका छन् । काव्यका माध्यमबाट कमैले मातृतीर्थको महिमा गाएका छन् । कविले आफ्नी आमाको विषयलाई साधारणीकरण गरेर सर्वग्राह्य गराएका छन् । कवितात्मक लयात्मकता र संगीतात्मकताले काव्य उचालिएको छ । लीलावतीको असाधारण व्यक्तित्वले सबैलाई चकित पारेको छ । उनको व्यक्तित्वको अध्ययन गर्दा उनीभित्र दैवीशक्तिले बास गरेको देखिन्छ । जो कोही मानिसलाई थाहा पाई पाई मानवीय चोला त्याग्न निकै नै हम्मे-

हम्मे पर्दछ। जसभित्र दैवीशक्ति हुन्छ, उसले मात्रै नश्वरदेह त्याग्न डराएको हुँदैन। उनीहरू नश्वरदेहको क्षणभङ्गुरतालाई मनन गरेर छिटोभन्दा छिटो आत्मालाई परमात्मामा लीन गराउन सधैँ उद्यत रहेका हुन्छन्। लीलावतीको जीवन यस्तै देखिन्छ। उनी मृत्युसित डराएर भोगकी छैनन्, बरु उनले मृत्युमाथि नै विजय प्राप्त गरेको देखिन्छ। यस्तो नारी सबैका निम्ति बन्दनीय हुने गर्दछन्। म यस घडी उनलाई वन्दना गर्दै उनको आत्माको चिरशान्तिको कामना गर्दछु। यस्ती आमाको जन्मले समाज र राष्ट्र नै धन्य भएको हुन्छ। कवि श्रीधर पौडेलले लीलावतीको असाधारण व्यक्तित्वको महिमा गाएर समग्र मातृशक्तिको आरती उतारेका छन्। उनीप्रति साधुवाद व्यक्त गर्दछु।

अन्त्यमा श्रीधर पौडेलको 'हाम्री ज्यै' स्मृतिकाव्य वार्णिक छन्दको परम्परामा आएको उल्लेख्य खण्डकाव्य हो। कविले यहाँ आमा लीलावतीको असाधारण व्यक्तित्वलाई मुख्य कथ्य बनाएर पारिवारिक जीवनका उतारचढाब एवम् आफ्नै आत्मवृत्तान्तलाई समेत समेटेका छन्। अझ भन्ने हो भने कविले आमा र आफ्ना बारेमा धेरै प्रकाश पारेका छन्। आमालाई स्तुत्य बनाएर कविले आफ्नो प्राज्ञिक र पारिवारिक दायित्वलाई गम्भीर किसिमले सजाएका छन्। मातृभक्तिबाट विमुख भएका सन्तानलाई आमाप्रति कृतकृत्य हुन यो कृतिले उल्लेखनीय किसिमबाट भूमिका खेल्न सक्नेछ भन्ने कुरा पूर्ण विश्वास लिन सकिन्छ। मूलतः मातृदेवो भवः सन्देश फैलाउन यो कृति सफल भएको छ। काव्यमा सिद्धि प्राप्त गरिसकेका कवि श्रीधर पौडेलले कृतिको प्रकाशमा केही असावधानीपन आउन नदिएका थिए भने प्राविधिक पक्षलाई लिएर पाठकले दाँतमा ढुङ्गो लागेको अनुभव गर्नुपर्ने थिएन। आगामी दिनमा प्रकाशनका समयमा विशेष सावधानी अपनाउन अनुरोध गर्दै यो आलेख यहीँ अन्त्य गर्दछु।

पाटक संयुक्त क्याम्पस, ललितपुर

लेखानी मन्दिर कविता

■ **रामकुमार शास्त्री**

हे सज्जन ज्ञानी सुनि देऊ पुकार
गर्छ नमस्कार शत बार बार
घरको त्यो काम फुरसत गराई
लेखानी मन्दिर जाऊँ हेर्नलाई।

दहाल युवाले नि जाँगर चलाई
खडा गरेको शिव मन्दिरलाई
बर पिपल चौतारी पवित्र ठाउँ
बनौट प्रकृति रमणीय गाउँ।

भजन र कीर्तन दिनहूँ गरेर
पारौँ प्रभाव परितः घुमेर
हुन् शिव देव यहाँ देव यौटा
ती दैत्य दानवहरूका त द्यौता।

बहत्तर साल्को महिना एघार
चौबीस गतेको दिन सोमबार
मन्दिर उद्घाटन शिवरात्रीमहाँ
तिथि मिलेको नि त्यो ठाउँ त्यहाँ।

लेखानी भूमि ? तिमी भाग्यमानी
लियौ नि काखमा अति रम्य ठानी
लेखानी भूमि त सार्थक गराई
बसिरहू है सधैँ हँसाई।

हे शिव मन्दिर तिमीमा नमस्कार
गर्छु म प्रेम तिमी माथि सत्कार
त्यो मन्दिरभित्र मुहार हँसाई
तिमी बसे है सधैँ रमाई।

❖❖❖

तिलाठीबासीलाई मेरो कविताको सलाम !

■ कृष्ण प्रधान

सलाम !
तिलाठीबासीलाई यो कविको सलाम !
सलाम ! कोटी कोटी सलाम !
मेरो कविताको सलाम !
एसपटक पुष्पगुच्छाहरू होइन
शब्द-गुच्छाहरूको सलाम !
यो कविको सलाम !
स्फटिकभन्दा पनि बलियो गरी
उभेका जिउँदा 'जङ्गेपिलर' हरूलाई सलाम !
'जङ्गेपिलर' भन्दा पनि बलियो गरी
सीमारक्षा गर्ने **तिलाठी**बासीलाई सलाम !
जो,
बाँधभन्दा पनि बलियो उभे
पहाडभन्दा पनि अग्ला उठे,
अक्करजस्तै हिमाल उठेर
सीमा अतिक्रमण रोके,
मिचाहा छिमेकीलाई
पत्थरकै जवाफ दिएर
स्वाधीन राष्ट्र कुर्ले,
तिनैलाई सलाम !
एउटा स्वाभिमान राष्ट बाँचेका
तिलाठीबासीलाई
यो कविको सलाम !

कुनै बेला,
'जङ्गेपिलर' उखेलिँदा
ठूलाठूला स्वर उराल्नेहरू,
सुरुङ युद्ध गर्छौं भन्नेहरू
खोई ! कता हराए ?
तिलाठीबासीहरू
दशगजा मा लडिरहँदा
खाँडोखोला मा रगत बगिरहँदा
सुस्ता र **कालापानी** मा कुर्लनेहरू
कठै ! कानमा तेल हालेर बसिरहे ।

मधेसका हुन्
तर पहाडै उठे,
तराईका हुन्
तर हिमालै उठे,
अक्कर भएर
ठक्कर भएर
सीमा अतिक्रमणमा
बज्रै भएर बर्से ।
हे **तिलाठी**बासी !
तिमीहरूलाई सलाम !
अनुपम तिम्रो राष्ट्र-प्रेमलाई सलाम !
सलाम !
तिमी मधेसी हुनुलाई सलाम !
सत्ता लोलुपमा लुछाचँडी गर्नेहरू
जुन बेला कुर्सीको गणितमा
जोखाना हेर्दै गर्दा
तिलाठीबासीहरू भने सीमा-स्तम्भ भएर
'जङ्गेपिलर' भन्दा पनि बलियो भएर
लडिरहे लडिरहे,
अतिक्रमणका विरुद्ध
धावा बोलिरहे,
'जङ्गेपिलर' को रक्षार्थ
जन्मभूमि जननीको रक्षार्थ
माटोको रक्षार्थ ।
हे **तिलाठी**बासी !

तिम्रो स्वाभिमानको
जति नै प्रशंसा गरे पनि
थोरै हुन्छ,
तिम्रो बहादुरी
आफूलाई 'पहाडिया' र 'मधेसिया' को
सीमा-रेखा कोर्नेहरूभन्दा
कोटी कोटी महान् छ ।

तिमीलाई
कोटी कोटी सलाम !
तिम्रो जमीनलाई सलाम !
तिम्रो बहादुरीलाई सलाम !

धिक्कार छ
ती कथित् 'राष्ट्रवादी'हरूलाई
जो,
तिलाठीबासीहरू **दशगजा**मा लडिरहँदा
निद्रामै थिए,
र,
सपना बुन्दै थिए
गणित कुर्सीको ।

हो,
तिनलाई सलाम !
ती **तिलाठी**बासीलाई सलाम !
अब प्रत्येक
पहाड हिमाल र मधेसबाट
सीमा रक्षार्थ
एक एक **तिलाठी** बासी जन्मिनुपर्छ
होइन भने,
कुनै दिन कुनै पनि क्षण
तिम्रो 'जङ्गेपिलर'
कुन बेला हराउँछ पत्तै नपाई
खाँडोखोलामा कुन बेला भासिन्छ ?
र,
सूर्योदय हुँदासम्म
तिम्रो अङ्ग पनि हराउनेछ ।
र,
विवश तिमी
रमिते मात्र
बनिरहेको हुनेछौ ।

रचनाकाल : २०७३ साउन १५ ।
मञ्जरी भिलेज, इमाडोल, ललितपुर ।

@सप्तरी जिल्लाको तिलाठीस्थित खाँडोखोलामा भारतीय पक्षले एकतर्फीरूपमा बाँध बनाएर वर्षौंदेखि नेपालीहरूलाई डुबानमा पार्दै आएको, एसपटक बर्षाद्ले प्राकृतिकरूपमै सो बाँध भत्किएकोमा भारतले पुनः सीमा मिचेर बाँध बाँध्दा यही २०७३ साउन १३ का दिन तिलाठीबासीहरू स्वतस्फूर्तरूपले सीमा अतिक्रमणको प्रतिकारमा उत्रिएर राष्ट्रिय स्वाभिमानको अनुपम उदाहरण प्रस्तुत गरेका छन् । यो कविता तिनै महान् तिलाठीबासीहरूलाई समर्पित ।

'दायित्व'

उपलब्ध हुने स्थान

पाठ्य सामग्री पसल

जामे मार्केट, रत्नपार्क काठमाडौं,
फोन नं. ४२४३१५०

समसामयिक समाचारमूलक साप्ताहिक पत्रिका

'नेपालबोर्डर'

बजारमा उपलब्ध छ ।

समीक्षा

कवि अजम्बरको माइँली खण्डकाव्यमा सङ्क्षिप्त अवलोकन

■ प्रा.डा. गार्गी शर्मा

विषय प्रवेश

साहित्यकार अजम्बरध्वज खाती (१९९२) नेपाली साहित्यका अजम्बर स्रष्टा हुन् । 'अजम्बरध्वज' भन्ने कसले नाम दिएका हुन् कुन्नी, तर जसले दिएका भए पनि खूब सोच विचार गरेर बुझक्कड र भविष्य द्रष्टाले दिएका रहेछन् । साँच्ची नै दूरदृष्टि रहेछ उनको आजको अजम्बरध्वज खातीको शिशु अवस्थामै उनले यस्तो छनक देखेछन् र नामकरण गरेछन् । यसर्थ म नाम दिने र नाम पाउने दुवैमा हार्दिक अभिवादन गर्दछु । अजम्बरध्वज खाती सरस्वतीका वरदपुत्र हुन्, नेपाली साहित्यका महान् तपस्वी । सिर्जनशील प्रतिभाका धनी खातीबाट नेपाली साहित्य संसारमा कविता, खण्डकाव्य, महाकाव्य आदि कृतिहरू प्राप्त भएको छ । काव्य विधामा उनको कलमले महाकाव्यको उचाइसम्म छोएको छ र आज २०७३ सालसम्ममा उनका पुस्तकाकार कृति संख्या तेह्रवटासम्म पुगेको छ । 'माइँली' उनको छैठौं खण्डकाव्य हो र यसको प्रकाशन २०६७ मा भएको पाइन्छ । यस लेखमा मैले 'माइँली' कै सेरोफेरो घुम्ने प्रयास गरेकी छु ।

'माइँली'को विषयवस्तु

'माइँली' शब्दले विशुद्ध नेपाली जनजिब्रोको प्रतिनिधित्व गरेको छ र सिङ्गो खण्डकाव्यले नेपाली समाजमा अशिक्षित परपीडक र मनोरोगी पतिबाट नारीहरूले भोग्नुपरेको दर्दनाक व्यथा परिलक्षित गरेको छ । यस खण्डकाव्यको नायिका माइँली हुन् भने कोशे यसका नायक । माइँली सर्वहारा वर्गीय परिवारकी छोरी, शारीरिक सौन्दर्य र शक्तिले पूर्ण नारी हुन् । चार छोराहरू मध्येकी एउटै छोरीलाई सन्तेले कोशेसँग बिहा गरिदिएका छन् । कोशेको शारीरिक रूप रङ्ग हेरेर माइँलीको लागि जोडा मिल्नेछ, दुवैको घरबार राम्रो हुनेछ भनेर कोशेलाई दिएका थिए । तर कोशे चाहिँ अनावश्यक शङ्काको मनोरोगी हुनाले जुनसुकै क्षण जुनसुकै पलमा पनि माइँलीको चरित्रमा सतीत्व शङ्का गर्ने र त्यही निहुँमा निर्दयतापूर्वक भकुर्ने हुनाले माइँली अति दुःखित हुन्छे र सकेसम्म सहन्छे । तर सहनुको पनि हद हुन्छ । त्यसैले अति भएकोले एक दिन आमाबुवाकै घरमा फर्किन्छे । दुई चार महिनापछि एक दिन कोशे माइँलीलाई लिन ससुराली टुप्लुकिन्छ । त्यस्तो दुष्ट कोशेलाई देख्दा पनि सबै दङ्ग पर्छन् र माइँलीलाई साथ लगाएर पठाइदिन्छन् ।

नारीको घर कुन हो ?

कुनै पनि छोरीको बिहा नभएसम्म आमाबुवासँग बस्दछन् हाम्रो पूर्वीय समाजमा । बिहापछि उनको घर नै पतिको घर हुन्छ । हाम्रो समाजले भन्ने गरेको छ नारीको जन्मघर माइती हो र कर्मघर पतिको घर । यो भनाइ त्यही बेलासम्म ठीक हुन्छ, जुन बेलासम्म घरका परिवार अर्थात् लोग्ने, सासू, ससुरा आदिले उनलाई अधिकार दिन्छन् । तर दुष्ट परिवार छन् भने घरेलु हिंसा सुरु हुन्छ, सहनसक्ने जति सहने हो, नसक्ने भएपछि पीडित यी नारीहरू कहाँ जाने ? आफ्नो खुट्टामा उभिन सक्ने अर्थात् आफ्नो जीविका चलाउन कमाउन सक्ने भए त घर

माइती दुवै छोडेर एक्लै बस्न सक्छन् । त्यस बेला पनि निर्दयी समाजको क्रूर आँखाबाट र बोलीबाट बच्न पनि समस्या पर्छ । अनि आफ्नो जीविकोपार्जन गर्न नसक्नेहरू माइत घरै जाने गर्दछन् । त्यसबेला माइती भन्दछन् बिहा गरेकी छोरीबेटी माइतीमा धेरै बस्नुहुन्न, डोली चढेर गएकी छोरी अर्थीमा मात्र निस्कनुपर्छ । अनि घरले भन्छ "यो तेरो बाबुको घर हो र ? तेरो दाइजो हो र, जहाँबाट आएकी होस् उतै जा ।"

यसको सूक्ष्म सङ्केत 'माइँली' खण्डकाव्यमा पनि कविले दिन खोजेका छन् । खण्डकाव्यको शुरुवातमै लोग्नेको अचाक्ली पिटाइ सहन नसकेर माइँली माइत आएकी छ । आमाबाबु र भाइहरूकी प्रिय पनि छ । आफ्नो पसिना चुहाएर सबैसँग मिलेर काम पनि गरेकी छ, मजदुरी गरेर कमाएको पैसाले आमा भाइहरूलाई भरथेग पनि गरेकी छ तैपनि बाबु सन्ते र आमा गनीले माइँली आएका दिनहरू गन्न बिर्सेका छैनन् । सन्ते भन्छ -"दुई महिना ठिक्कै भएछ माइँली आएकी ....।" हो सन्ते आफ्नो मुटु मिचेर भन्छ, मेरी छोरी अब कोशेको घर जान्न तर उसको आत्माले भन्छ "बैसालु विवाहिता छोरीलाई माइतमा राख्नुहुन्न ।" आमाबाबुको निद्रा हराम भएको छ । आफूलाई चित्त बुझाउन मात्र ऊ भन्दै गर्छ, "जान्ने मेरी छोरी अब कहीँ, उसले मलाई छोड्दिन । यो मेरो जेठो छोरो हो ।" सन्तेको यही अभिव्यक्तिमा पनि स्पष्ट हुन्छ आमाबाबुको घरमा छोरोको मात्र बस्ने अधिकार छ, छोरीको हैन । त्यसैले ऊ भन्छ यो (माइँली) मेरो जेठो छोरो हो । किन ऊ भन्न सक्दैन यो मेरो जेठो सन्तान हो । किनकि आजसम्म पनि समाजले, कानुनले पनि छोरीलाई सन्तान मान्न धरमराएकै छ । विवाह पश्चात् आमाबाबुबाट दयाको भिक्षा पाउन सक्छे अधिकारले तर आफ्नो भाग पाउन सकेकी छैन । त्यसैले प्रश्न उठ्छ नारीको घर कुन हो ? समाज भन्छ, हात्ती पाल्न सकिन्छ छोरी पाल्न सकिन्न ।

नारी समस्या र समाधान

माइतघरमा सबैकी प्रिय छ माइँली । आमा बाबु भाइहरू सबै उसलाई अन्तर्हृदयबाटै माया गर्छन्, मन पराउँछन् । घरमा कोशेले टिक्न नदिए हामी पाल्छौँ भन्छन् सबै । उनलाई पाल्नै पनि किन पर्‍यो र ? ऊ आफै पाखुरी बजारेर छोरा मान्छेले जतिकै काम गर्न सक्छे, आमा बाबुहरूलाई पूरा भरथेग गर्न सक्छे । ऊ कसैको भार हुन्न । यति भएर पनि ऊ सबैको भार बनेकी छ । विवाहिता छोरी माइतीमा अटाउन्न, उसको लागि पतिघर नै चाहिन्छ । कहिलेकाहीँ पाहुनाको रूपमा आउन सक्छे तर धेरैको लागि अथवा सधैँको लागि बस्नुहुन्न । सन्ते पनि चाहन्छ, कोशेसँग बिहा गरिएकी माइँली कोशेकै घरमा जानुपर्छ, उहीँ अटाउनुपर्छ, उहीँ सुहाउँछे । तर दानवताले भरिएको कोशेको चुटाइ खप्नै नसकेपछि, उसको घरमा टिक्नै नसक्ने भएपछि माइँली अन्त कहाँ जाने ? यस बेला कुनै पनि चेलीको लागि आमाबाबा जतिको नजिक र विश्वसनीय अरू कोही हुन्न । त्यसैले ऊ धुस्री, फुस्री भुत्ली भएर जीउभरि नीलडाम लिएर माइत आउँछे । सन्तेहरू भन्न त भन्छन् हामीलाई छोरी बढ्ता छैन, यतिका छोराहरू पाल्न सकेको छु र छोरी पाल्न सक्दिनँ ? छोराहरू भन्छन्– "हामी दिदीलाई पाल्छौँ, कोशेको घर जान दिँदैनौ ।" सन्तेले जति नै आफू बाबु हुनाको फूर्ति देखाए पनि ऊभित्र भित्र खोक्रिदै गएको छ । माइँली राम्री छे, हिसी परेकी, गोरी चिटिक्क, हाँस्दा गालामा खोपिल्टा परेकी पूर्ण बैँसकी "रूपकी रानी" । आफूलाई जति ढाढस दिन खोजे पनि ऊ चिन्ताले सताइएको छ । यौवनले फुलेकी सुन्दरी छोरी एउटै पिरलो छ । उसलाई बेला कुबेला छोरीमाथि पनि शङ्का लाग्छ । शिवरात्रीको मेलामा अरूसँग लहसिएकी

देख्छ, आत्तिन्छ । बिचरा बाबु हुनाको मुटु कति कमजोर अनि कति निरीह । कोशे लिन आउँछ कि आउँदैन उसलाई थाहा छैन । बरू यस बेला उसलाई होश आउँछ । नारीको विभिन्न समस्या मध्ये एउटा मुख्य समस्या हो शिक्षाको कमी अनि अर्को आर्थिक स्थिति । त्यसैले यस्तो नारी समस्याको समाधानको लागि नारी शिक्षा आवश्यक छ र आर्थिक भरथेगका लागि छोरीलाई पनि अंश दिनुपर्छ । कवि स्पष्ट भन्दछन् :-

"यदि महिलाले सम्पत्ति लिएर गएकी भए
सीप गुण ज्ञान र प्राविधिक
सीपालु माइँलीको त्यहाँ बिहा भएको भए
कहाँ सक्थ्यो यसरी हात उठाउन उसले
बरू सुनको गास दिन्थ्यो
छोरी सीप र गुनले कुशल होस् न
सधैँ छोरी भाले हुन्छे
ज्वाईं पोथी हुन्छ
सीप ज्ञान र प्रविधिले मान्छे
नयाँ सिर्जनाको नयाँ सोच हो ।
यसैले उसलाई नयाँ नयाँ सिक्नुपर्छ ।

छोरीलाई यसरी केही नदिएको र नयाँ नयाँ अर्थात् कुनै पनि सीप नसिकाएकोमा सन्तेको माध्यमबाट खण्डकाव्यकार दुःखित छन् । उनको दृष्टिमा छोरीहरू अवला अथवा अपाङ्ग छैनन् । विकसित देशका नारीहरू झैँ नेपाली छोरीहरू पनि सुयोग्य छन् । उनीहरूको पनि हात गोडा छ तर राष्ट्रले उनलाई सीप नसिकाएर सुयोग्य बनाउन सकेन । माइँलीजस्ता नेपाली चेलीहरूको "हात खुट्टा बाँधिएको छ, छेकिएको छ ।" हात खुट्टा नबाँधिएका भए "ज्ञान गुण र सीप सिक्थे भरिन्थे, अझ अरू योग्य बन्थे ।" उनलाई दृढ विश्वास छ र कुनै पनि आमाबाबुले छोरीहरूलाई केवल पराइघरकी सम्पत्ति नमानेको भए फेरि पनि पौराणिक नारीहरू झैँ देवी-देवता अर्थात् लक्ष्मी सरस्वती हुन्थे । तर अपशोच माइँली जस्ता कतिपय छोरीलाई पराश्रयी, परावलम्बी र अवला बनाउने काम आमाबाबुबाटै भएको छ । यसले गर्दा कतिपय अवला बनेर पुरुषको प्रताडना खाएर आँसुमा डुबेका छन् । कविको मुखपात्र सन्तेको माध्यमबाट कवि स्पष्ट गर्दछन् 'नारीलाई सीप सिकाएर, छोरासरह अंश दिएर सुयोग्य बनाएर बाँच्न दिनुपर्छ ।' छोरी पराई छैन । उनी स्पष्ट भन्छन् :- "छोरी पनि हाम्रै अंश हो, छोरी पनि हाम्रै वंश हो ।"

कविको दृष्टिकोणमा नारी

अजम्बरध्वज खातीले प्रस्तुत खण्डकाव्यमा नारीको दुई रूपको विशेष अध्ययन गरेका छन्– छोरी अनि पत्नी । उनी दुवैलाई अति संवेदनशील दृष्टिकोणले हेर्दछन् । उनी स्पष्ट भन्दछन् "छोरी पनि हाम्रै अंश हो, छोरी पनि हाम्रै वंश हो ।" अनि छोरी पनि आफ्ना आमाबाबा र भाइबहिनीलाई निकै माया गर्ने हुन्छन् । बिहा गरेर गएपछि पनि माइतीघर सम्झिरहन्छन् । आफूसँग केही नभए पनि बाबुआमालाई जे छ केही दिनै पर्छ भन्ने सोच्दछन् । त्यसैले त माइँली कोशेसँग घर फर्किन लाग्दा बुवालाई के दिऊँ भनेर सोचिरहन्छे । अनि हाँसेर सन्तेको खल्ती भरिदिई, नजिकै दोकानबाट एक डब्बा चुरोट किनेर । लिनभन्दा दिन आतुरी रहेछ उसलाई । खण्डकाव्यकार खातीको छोरीप्रतिको भाव अति नै मार्मिक र असीम ममताले चुलिएको छ । उनी देख्छन् छोरीलाई हामी केही दिँदैनौ । बिहा गरिदियो सकियो तर छोरीहरूको आमाबाबुप्रति अपार माया हुन्छ । छोरी नभएको घर घर होइन । सामाजिक कारणले अर्थात् यही पराइघर पठाउनुपर्ने दुःखले मात्र छोरीको जन्ममा दुःख लाग्ने हो, नत्र छोरीले वर्षाउने माया र आनन्द अरूबाट पाइन्न । छोरी पराइघर जाँदा घरै शून्य हुन्छ । छोरीले दिएको माया फुकाएर हेर्ने हो भने आकाशभन्दा धेरै विशाल र विस्तृत छ उसको विराटताले संसार उछिन्छ ।

नारी माया प्रेममा कोहीसँग तुलना गर्न सकिँदैनन् । छोरीको असीमित माया केवल उनको आमाबाबालाई मात्र होइन पत्नीको रूपमा रहँदा पनि पतिलाई त्यत्तिकै मायामा भिजाउँछन् । नारी बिनाको घर कहाँ घर हुन्छ र ? पति पत्नी मिलेर घर स्वर्ग झैं रमाइलो बनाउन सक्छन् । संसार प्रेमिल छ । तर भ्रष्ट चरित्र र मतिले घर ध्वस्त बनाउँदछन् पुरुषहरू । कवि खाती यही स्पष्ट गर्दछन् माइँली र कोशेको सम्बन्धबाट । माइँली अति सज्जन र प्रेमिल छे तर कोशेको दुष्ट्याइँले सीमा नाघ्दछ । माइँलीलाई नीलडाम हुने गरी चुट्नु भकुर्नु उसको बायाँ हातको खेल छ । उसको मन यति शङ्कालु छ कि हरेक पल माइँलीको सतीत्वमा पत्नीत्वमा सशङ्कित छ । उसको दृष्टिमा समाजका सबै पुरुष भ्रष्ट छन्, माइँलीको सतीत्व लुटिरहन्छन् । ऊ चाहन्छ, माइँली कोहीसित नबोलोस् तर यतिमात्र होइन, उसमा प्रेम भन्ने चिज छैदै छैन, न व्यवहारमा न बोलीमा । उसको बोली नै यति नीच छ कि ऊ सामान्य कुरो पनि कहिल्यै राम्ररी बोल्न सक्दैन । "पानी ल्याउन मोर्दिनस् ? तेरा बाबुहरूलाई गोठमा झुन्ड्याएर मार्छेस् ? मोर जा घाँस काट्न" जस्ता सामान्य स्थितिमा पनि अमानवीय बोली बोल्ने कोशेसँग उसलाई दिनरात बिताउनुछ । कोशेको पुरुषको सोचाइ छ, नारी पुरुषका जुत्ता हुन्, पुरुषविना बाँच्नै सक्दैनन् । त्यसैले नारीलाई जति चुटे पनि हुन्छ, मारे पनि हुन्छ । छर-छिमेकीले समेत असह्य देखेर केही भन्न खोजे, मिलाउन खोजे भने स्वयं उनीहरू माथि नै खनिन्छ कोशे । उसका लागि माइँली निर्जीव ढुङ्गो हो, हात खुट्टै नभएकी शून्य हो । तर यस्तो स्थिति पनि सकेसम्म व्यहोर्छे । "मारे मार यहीँ मर्छु, कहीँ जान्न" भन्छे तर पनि पत्थर जस्तो कोशेको मन परिलन्न । कोशबहादुर हेर्दै स्वस्थ वलिष्ठ र खाइलाग्दो अनि माइँलीको जोडा सुहाउँदो दखेर सन्तेले बिहा गरिदिएको थियो माइँलीलाई । तर कोशे यतिको दानव होला भनेर उसलाई के थाहा ? यति दुष्ट र हिंस्रक हुँदाहुँदै पनि माइँलीको पत्नीत्व बेलाबेलामा ऊप्रति परिलन्छ । अरूको खेतमा हली जोत्न गएको दिनमा ऊ मायाले परिलन्छे र सोच्दछे -

"हलोका पछि हिँड्दा हिँड्दा थाकेका होलान्
गोरुसँग कराउँदा कराउँदै भोकाएका होलान्
के पुग्थ्यो होला बैंसको जवानलाई अड्कलेको अर्नीले
मैले नहेरे भोक र तिर्खा हेर्ने अर्को को छ र ?"

धन्य नारी

यही हो नारीको वास्तविक रूप, वास्तविक चित्र । यही हो नारीहृदय, अझ भनौं पत्नीको प्रेम । लेखक खाती साँच्ची नै नारी हृदयको गहिराइमा पुगेर सहज र अति सरल शब्दमा नारी प्रेम र नारी जातिलाई पाठक समक्ष ल्याउन सफल भएका छन् । नारीको सूक्ष्मातिसूक्ष्म अध्ययन गर्न सफल छन् लेखक ।

झुत्री निन्याउरी नीलडामले भरिएको शरीर लिएर माइत पुगेकी माइँली दुई तीन महिनापछि लुसुक्क लिन गएको कोशेलाई देखेर सबै दङ्ग छन् । माइँली आफ्नो घाउ चोट सबै बिर्सिन्छे र हाँसीखुसी उसको पछि लाग्छे, कस्तो विडम्बना । बरू सन्ते भन्छ :-

"पालेर राखेकी मरी छोरी
तपाईंकहाँ फालेको होइन ज्वाईं
सग्ली छोरी पठाएको छु
सग्लै घर माइत गरोस्
आफूले पनि त्यस्तै पाए झैं गर्नुपर्छ
माया दिन जान्नुपर्छ
जिउभरि निलै निलो डाम बोकेर आएकी थिई छोरी
त्यस बेला कस्तो ऐया भयो होला
यत्रो मर्दले भकुर्दा !

छोरीको बेहालमा आमाबाबु जति दुःखी अरू कोही हुन्न । अनि छोरीको सुखी घरवार

देखेर उनीहरू जति खुसी अरू को होलान् ? छोरीको सुखमा खुसी हुनु हो तर त्यो ज्वाईंलाई जति फाइदा अरू कसैलाई हुन्न ।

छोरीले जति सुख पाउँछे त्यो तपाईंको हो
बनेको घर तपाईंको हो
सुख तपाईंकै हो
अनि छोरीले पाएको दुःखमात्र हाम्रो हो ।

'माइँली' खण्डकाव्य सामाजिक खण्डकाव्य हो र पुरुषप्रधान समाजमा नारीको स्थान कस्तो हुन्छ र कस्तो हुनुपर्छ ? भनी साङ्गोपाङ्ग गरिएको छ । नारी छोरी हुन् । आमाबाबुकै मुटुको टुक्रा । पराइ घरमा सुख पाए त ठीकै छ, किनकि छोरी सुखी छ भन्ने जान्न पाए पुग्छ । तर यदि कोशेजस्तोको हातमा परे भने त्यस बेला आमाबाबु जिउँदो लास झैँ जिउँदै मरेर बाँचेका हुन्छन् ।

खातीको दृष्टिमा पारिवारिक जीवन

सुख र सन्तोषले भरिएको जीवन बाँच्न पाउनुपर्छ । पत्नीलाई मुठीको माखो सम्झिनु हुँदैन । नारी पुरुषबीच मायाप्रेम हुनुपर्छ । लोग्ने र स्वास्नीको जीवन ओथ्रामा हुर्कने र हल्कने जीवन हो । हो कहिलेकाहीँ झगडा हुन सक्छ तर त्यो परालको आगो हुनुपर्छ । सियोलाई निहुँले खेलाएर पहाड बनाउनुहुन्न र शङ्काले लङ्का डढाउँछ । अनैतिकता, शङ्का, ईर्ष्या तथा लिप्सामा प्रेम फस्टाउन सक्दैन । प्रेममा विश्व अडेको छ, घर संसार सिँगारिएको छ । यो नैसर्गिक वृत्ति हो, सधैँ अमृतमय भएर निसृत हुन्छ । अनि यही अमृतमय प्रेम विश्वासमा, मिठो बोलीवचनमा, आत्मीयतामा र मीठो व्यवहारमा पलाउँछ । प्रेमिल संसारमा नारी आफ्नो ऐभातीमा रमाउँछे, यस्तो स्थितिमा ऊ हैकमी होइन मैत्रेयी बन्छे । कोशेको शङ्कालु संवेगले उसमा हुनुपर्ने पतित्व, मानवता सबै हराउँछ । सामान्य परिवेशबाट ऊ टाढा पुग्छ । उग्र संवेगले लछारिएको कोशे शङ्कैशङ्काले आफ्नो घर उजाड्न खोज्छ । आफ्नो पुरुषार्थलाई अमानवीयताले चुल्याउँछ र माइँलीलाई चरम दवाव दिनमा चरम अत्याचार गर्न ऊ तृप्त हुन्छ । यस्तो तृप्ति विनाशको लक्षण हो भन्ने बुझ्ने या सम्झने क्षमता उसमा हुँदैन ।

यसरी 'माइँली' को निरूपण जुन कोणबाट गरे पनि यो नेपाली साहित्यको सफल काव्य हो भन्ने देखिन्छ । अझ स्पष्ट प्रगतिवादी खण्डकाव्यको रूपमा पनि 'माइँली'को नवीन निरूपण देखिन्छ । सन्ते आफ्नो घरखेत बाढी र पैरोबाट सकिएपछि तराईतिर झरेको छ । अनि जमिनदारको बाँझो खेत खनेर आफ्नो परिवारको जीविका चलाएको छ । तर प्रस्तुत खण्डकाव्यमा जमिनदार र मजदुर अर्थात् जमिनदार र सन्तेबीच कुनै अप्रिय सम्बन्ध छैन, कतै घोचपेच झैझगडा छैन । सामान्य रूपमा अहिलेसम्म कुनै पनि लेखकको दृष्टिकोणमा जमिनदारहरू मानवीय हृदयका हुन्छन् भन्ने देखिएको छैन । सबै सोच्दछन् जमिनदारहरू शोषक हुन्छन्, अरूको दुःख र व्यथा कहिल्यै नसुन्ने, सहानुभूतिहीन र मजदुरको पसिना चुस्ने मात्र हुन्छन् । तर यस खण्डकाव्यमा भने सन्ते आफ्नो व्यथा जमिनदारलाई सुनाइरहन्छ । माइँलीलाई पनि आफ्नै छोरीजस्तै माया गर्ने रहेछ । छोरी नै सम्बोधन गर्ने रहेछ ऊ ।

यस्तै यस खण्डकाव्यले कोशेजस्तोको हातमा परेकी छोरी चेलीको दुःख अति मार्मिक रूपमा प्रस्तुत मात्र गरेको छैन परन्तु त्यसको समाधान पनि सहज रूपमा दिएको छ । त्यो हो– शिक्षा र पैतृक अंश । छोरीलाई शिक्षित गराउनुपर्छ, सीप सिकाउनुपर्छ, आफ्नो खुट्टामा उभिन सक्ने बनाउनुपर्छ र साथै उनलाई पनि छोरा सरह अंश दिनुपर्छ । यसो भएमात्र नारीको घर कुन हो भन्ने प्रश्नको उत्तर पाउछन् नारीहरू ।

यसै गरी नारी तथा पुरुषप्रति कविको उदारभाव देखिन्छ । कोशेजस्तो खराब पात्रलाई

नकारात्मक दृष्टिले हेरेर उसलाई भ्रष्ट बनाउने होइन, बरू समयले उसमा केही परिवर्तन ल्याउँछ कि भन्ने आशातीत भएर पर्खिनुपर्छ भनेर उप्रति कुनै अभद्र बोली व्यवहार गरिएको छैन । नारी पुरुषबीचको सहअस्तित्व र सहभागिताको आवश्यकता स्वीकारिएको छ । नारी र पुरुष दुवैलाई दुवैको आवश्यक छ, दुवैले दुवैलाई चाहन्छन् । त्यसैले प्रेमिल संसारमा बदलाको भावना हुँदैन भन्ने कविको आशय छ । त्यस्तो दुष्ट कोशे लुसुक्क माइँलीलाई लिन आउँदा कसैले पनि अप्रिय तीतो पोख्दैनन् । सन्ते बाबु हुनाको नाताले पारिवारिक जीवनमा पति पत्नीबीचको सुमधुर सम्बन्ध कस्तो हुनुपर्छ सम्झाउँछ मात्र, तर गाली गर्ने धम्काउने केही गर्दैन । जीवन सुखमय बनाउन पति पत्नीबीच सुमधुर प्रेम हुनै पर्छ, अनिमात्र सुखान्त हुन्छ भन्ने कविको आशय छ । सम्पूर्णमा कविले नारी समस्याको समाधान, नारी स्वतन्त्रता र समानता र अहम्वादी पितृसत्ता पनि प्रेमिल संसारमा झुक्नै पर्छ भन्ने स्पष्ट गरेका छन् ।

अन्त्यमा स्वच्छन्दतावादी र केही प्रगतिवादी धारालाई अपनाएर लेखिएको प्रस्तुत खण्डकाव्यमा नारीजीवन सुधार्न शिक्षा र अंशको भाग प्रस्तुत गरेर केही क्रान्तिकारी बनाउन खोजिएको छ । प्रकृति निरूपणमा पनि कविको दृष्टिकोण नवीन देखिन्छ । 'माइँली' खण्डकाव्य भूमिको प्रथम स्पर्श नै प्रकृतिबाट भएको छ । नेपालका श्रमजीवी परिवारको दिनचर्याको सुरुवात प्रकृतिको विषम परिवेशबाट प्रस्तुत गरिएको छ । सन्ते, गनी र उनका छोराछोरीहरू बिहानै आफ्नो काममा हिँड्छन् । प्रकृतिले साथ दिने नदेखिए पनि परिश्रमीलाई त्यसले केही छेक्दैन भन्ने कविको आशय स्पष्ट छ । हुस्सु टन्न लागेको छ । कवि अति मिठोसँग प्रकृतिलाई मानवीकरण गर्दै भन्छन्-

अल्छीको आँखा जस्तो आजको बिहानी
हुस्सुको सिरक ओढेर सुतेको सुत्यै थियो ।
चराहरूले चिच्याउँदा पनि
शीतले आँखा छ्याप्दा पनि
यो अल्छी बिहान
झन् हुस्सु तानेर कुनातिर फर्कन्थ्यो
उठ्न मान्दैनथ्यो ।

यस्तो हुस्सु यस्तो जाडोको चिसोको पनि कुनै पर्वाह नगरी सन्तेका परिवार भोटो लगाएर, बर्को ओढेर, चुरोटको सर्को तानेर, जाडोलाई छल्दै आफ्नो काममा जान्छन्, गैंती र बेल्चा बोकेर साहुको बिरौटो बिराउँछन् । कविको आशय छ कुनै पनि श्रमिक वर्ग आफ्नो काममा लगनशील छन्, बिहानले हुस्सुको सिरक ओढेझैं सिरक ओढेर आराम गर्न पाउँदैनन् र गर्न पनि खोज्दैनन् ।

यसरी कवि अति मीठो शैलीमा सरल र सहज भाषामा नेपाली समाजको अझ भनौं नेपाली नारीले भोग्नुपरेको दुःख व्यक्त गर्दछन् । तर यति दुःख भोग्नु पर्दा पनि आफ्नो ऐभातीको संरक्षण गर्नु र पत्नीत्व बचाउनु आफ्नो धर्म सम्झन्छन् भन्ने कविको धारणा छ । यति दुःख पाएकी माइँलीलाई कवि सम्बन्ध विच्छेद गर्न लगाउँदैनन्, बरु कोशेलाई नै झुकाएर लिन पठाउँछन् । कविलाई थाहा छ सम्बन्ध विच्छेद गर्दै जाने हो भने पारिवारिक जीवन बिग्रन्छ । सहनु अनि आफ्नो नराम्रो कार्यमा पश्चात्ताप गरेर भूल स्वीकार्नु हाम्रो पूर्वीय संस्कृति हो । हामी टुक्रिन चाहन्नौं, सहजीवन र सहअस्तित्व नै हाम्रो पूर्वीय दर्शन हो । कवि यही तथ्यलाई खण्डकाव्यबाट आफ्ना पाठकहरूलाई स्पष्ट गर्न सफल भएका छन् । 'माइँली' पूरै क्रान्तिकारी नबनाउनुको रहस्य पनि यही हो । परिवार टुक्रिएर होइन, टुक्र्याएर होइन, बरू छोरीलाई शिक्षा र अँश दिएर उनको मान सम्मान गर्न सकिन्छ भन्ने कविको आशयमा हामी पाठक पनि पूर्ण सहमत छौं । बधाइ छ, साहित्यकार अजम्बरध्वज खातीलाई ।

म्हेपी काठमाडौं

ग्राउन्ड जिरोबाट म माइकल

■ **पवन आलोक**

म माइकल जोन
यो ग्राउन्ड जिरोबाट
कोलम्बसलाई साक्षी राख्दै
स्ट्याचु अफ लिवर्टीलाई साक्षी राख्दै
हड्सन नदी र एट्लान्टिक महासागरलाई
साक्षी राख्दै
सुनाउन चाहन्छु
भयानक त्रासदीको कथा
सुन पर्यटकहरू !
हजारौं माइल टाढाबाट
सायद ट्विन टावरको भग्नावशेष हेर्न
आएका हुनुपर्छ तिमीहरू
हाम्रो सहादतको
दर्दनाक कथा
सुन्न आएका हुनुपर्छ तिमीहरू
सुन पर्यटकहरू !
झन्डै पन्ध्र वर्षअघि
सन् दुई हजार एकको
एघार सेप्टेम्बरको त्यो कालो दिनको
अशुभ बिहानीमा
निर्दोष म जस्ता
हजारौं मान्छेहरू
यो माटोको सानको खातिर
यो देशको मानको खातिर
एकैपटक
सहिद भएका छौं
हाम्रा पनि चाहना, आकाङ्क्षाहरू थिए
हाम्रा पनि सपनाहरू थिए
ती सब हावामा बिलाएर गए
त्यो कालो दिनसँगै
हामी पनि इतिहासमा बिलायौं
हामी ढुङ्गामा कुँदिएका
फगत इतिहासका पात्रहरू हौं
हामी मार्वलमा कुँदिएका
फगत अक्षरहरू हौं
भन पर्यटकहरू !
हाम्रो के दोष थियो ?

म माइकल जोन
यो ग्राउन्ड जिरोबाट
तिमीहरूलाई साक्षी राख्दै
सम्पूर्ण विश्वलाई साक्षी राख्दै
अपिल गर्दछु
बन्द गर झुठा अहङ्कार र आडम्बर
बन्द गर दादागिरी
बन्द गर आतङ्कका
यी अनगन्ती शृङ्खलाहरू
अब न्यायको,
स्वतन्त्रता र समानताको,
अहिंसा र शान्तिको,
इतिहास लेखिनुपर्छ ।

न्यूयोर्क, अमेरिका
१५ जुन २०१५

संस्कृति

बज्जि गणराज्यको अभिनन्दन

■ शीतल गिरी

(नेपाल एकीकरण भएपछि राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले "यो देश चार जात छत्तीस वर्णको फूलबारी हो" भनेका थिए । विभिन्न जातजाति, भाषाभाषी तथा धर्मावलम्बीहरूको संयुक्तताले बनेको यो देश सजिलै बनेको थिएन । धेरै युद्धहरू भएका थिए र जनविनाश भएको थियो । धेरै रगत बगेको थियो यो देश बन्न । अहिले अस्तित्वमा नभए पनि हिजो थियो बज्जि देश, इतिहासमा सीमित रहेको देशको गाथालाई 'बज्जि गणराज्यको अभिनन्दन' भनिएको छ ।)

यादवगोत्रीय राउतहरू शान्त स्वभावका जङ्गली जातिका थिए । उनीहरूको प्राचीन थलो यमुना वा महिष्मती नदीको किनार नै हो भन्ने गरिन्छ ।

बज्जि गणको क्षेत्रफल कति थियो भन्ने कुराले खासै अन्तर पार्दैन, मात्र किम्बदन्ती हो । यसको न गतिलो इतिहास छ, न अन्वेषणको आधार भेट्न सकिएको छ । यो केवल तर्कमात्र हो । पुरानो कुरो लेख्न बस्दा 'हो' 'होइन' मा म अल्झिन चाहन्नँ । 'हो-होइन' मा अल्झिँदा लेख्नुपर्ने कुरो छुट्न सक्छ । नलेख्नुपर्ने कुरा धेरै लेख्न पुगिन्छ ।

वास्तवमा धेरैजस्तो मतभेद शब्दलाई लिएर हुने गर्दछ । व्यवहारको क्षेत्रमा सुविधा के छ भने शब्दले त्यहाँ एउटा अर्थ दिन्छ ।

व्यवहारदेखि पन्छाएर विचारको क्षेत्रमा तन्काउँदै जाने हो भने शब्द यथास्थितिमा आइपुग्छ । त्यहाँ यो धारणात्मक अभिव्यञ्जनाका साथ कालिक सापेक्षमा तरङ्गित हुन थाल्दछ । यसकारण मनका दुई विचार सकारात्मक र नकारात्मकको मिलाप कहिल्यै हुन सक्दैन । मिलाप नभए पनि विचार मथेर सार्थक निर्णय निकाल्न सकिन्छ । शुक्ल यजुर्वेदमा यसो पनि भनिएको छ -

"सम्भूतिं च विनाशं च यस्तद्वेदोमयः सह ।
विनाशेन मृत्यु तीर्त्वा सम्भूत्याऽमृतमश्नुते ।"

अर्थात् सम्भूति (सकारात्मक विचार) भनेको समय अनुसारको नयाँ सिर्जना हो र विनाश भनेको (नकारात्मक विचार) अवाञ्छनीय कुराको विनाश गर्ने हो । यी दुईवटा कला हुन् र यिनीहरू एकै साथमा रहेका हुन्छन् भन्ने कुरो जान्नुपर्दछ । विनाशको कलाबाट मृत्युलाई पार गरेर सम्भूतिका कलाले अमरता प्राप्त गर्न सकिन्छ ।

भौतिक उन्नतिमा डुबुल्की लगाउन थालेपछि हिजोको अतीत हाम्रो लागि असभ्य झैँ लाग्दछ । सभ्यता मूलतः संस्कारमा निर्भर हुने गर्दछ । संस्कार संयमको द्योतक हो र संयम र मर्यादा नभएको सभ्यताको कल्पना पनि गर्न सकिन्न । पुराना संस्कार र सभ्यताको बारेमा कलम चलाउँदा मर्यादाको विचार गर्नै पर्छ । मर्यादाले असल बाटो देखाउँदछ । सुललित वाणी विवेकपूर्ण भएमा प्रिय लाग्दछ, यसर्थ साहित्य प्रिय हुन्छ । यसै गरी आफू बसेको ठाउँको बारेमा धैर्यसाथ खोजी गर्नुपर्छ । आफूलाई यदुकुल मान्ने यादवहरू (जो कृष्णौट भन्न रुचाउँछन्) यमुनाका किनारमा बाक्लो बस्ती बसालेर रहेका थिए भन्ने कुरा पौराणिक आख्यानहरूले पनि प्रस्ट पारेका छन् । पशुपालन नै यिनीहरूको प्रमुख पेसा थियो । पशुबाट उनीहरूका धेरै आवश्यकता पूरा हुन्थे ।

प्रकृतिप्रदत्त प्राणीहरूका शरीरमा ऋतुअनुकूल रहन बस्न सक्ने क्षमता हुन्छ ।

पशुसँग शरीरमात्र छ, न तिनीहरूमा घमण्ड हुन्छ, न लाज ।

चेतनाले मानिसमा बुद्धिको विकास भयो, ज्ञानको विकास भयो, दृष्टिकोणको विकास भयो ।

अनुभूत सत्य र बुद्धिको बलले गर्दा मानिसले ऋतु अनुसार लगाउन, बस्न-खान पर्ने भयो । सामाजिक मर्यादाको कारणले नै मानिसले आफ्नो शरीरमा गर्व गर्न सिक्यो । लाज छोपेर शरीर सजाउन सक्ने भयो । यो सबै मानिसले यसकारण गर्न सक्यो कि उसले दुई खुट्टामा उभिएर स्वन्त्रतासाथ हातबाट काम लिन सक्यो । मानिस स्वविवेकले काम गर्न सक्छ । सम्भव छ, सभ्यता र संस्कार मानव सम्भावनाको पुरानो निधि हो । निधि संरक्षण गर्न सङ्गठन चाहिन्छ, तब सहयोग पाइन्छ ।

विवेकको बलले मानव श्रमबाट समाज र सभ्यताको विकास भएको हुनुपर्छ । निश्चय नै यो प्रगतिको द्योतक हो । द्रष्टा र दृश्य, ज्ञाता र ज्ञेयको यो पृथक्ता प्रगतिको सोपान हो ।

एउटा प्रसङ्ग याद आयो । रौतहट र राउतको सम्झना भयो । भनिन्छ बज्जिहरू स्वतन्त्र थिए । पछि पराजित भएपछि पनि करद राज्य (कर तिर्ने सर्तमा गणतन्त्रको रूप) मा रहे । साम्राज्यमा रहेर पनि आफ्नो चलन छाडेनन् । तर गणराज्य भत्किंदै थियो, साम्राज्यमा विलय हुँदै थियो । करद बनेर पनि रौतहटका राउतहरूले पछिसम्म गणराज्य टिकाए ।

यही कुरो म यस लेखमा राख्न चाहन्छु ।

पुरानो कुरा, अनुमानको भरमा राख्न त्यति सजिलो छैन । भार्गव ऋषिलाई सहयोग गरेको बहाना बनाएर हिंसाका प्रतिमूर्ति हैहय राज कार्तवीर्य सहस्रार्जुन यादव गोत्रीय राउतहरूको समूल नाश गर्न तुण्डीकेरा, सर्यात र हैहयवीरहरू लिएर आर्यावर्त हुँदै हिमवत्खण्डतर्फ अघि बढे । भार्गव ऋषिका नाति परशुरामले यादव गोत्रीय राउतहरूको उद्धार गरे । भार्गवद्वारा प्रशिक्षित यादव गोत्रीय सैन्यहरू परशुरामको नेतृत्वमा ठाउँठाउँमा लड्दै मर्दै मार्दै; पशु, धन बचाउँदै, स्याहार्दै यमुना नदी तरेर आर्यावर्तमा गएका यादवहरू त्यहाँ पनि शान्तिसँग बस्न पाएनन् भन्ने कुरा मार्कण्डेय पुराणमा पनि उल्लेख छ ।

त्यही आर्यावर्तमा एउटा ठूलो लडाइँ मच्चिएको थियो ।

त्यो लडाइँ दासराज युद्धको नामले प्रख्यात छ । त्यस युद्धमा संरक्षक परशुराम भार्गवका मामाबाजे ऋषि विश्वामित्रले शहादत प्राप्त गरेपछि यादव गोत्रीय राउतहरू त्यहाँबाट भागे । तिनीहरू आर्यभूमिबाट पूर्वतर्फ हानिदै बङ्गालको खाडीसम्म पुगे । प्राप्त सामग्रीहरूको भरमा पनि बज्जि गणराज्य थियो र धरमराएर भए पनि पछिसम्म बचेको थियो भन्न सकिन्छ ।

बागमती नदीको पश्चिमी तट लहलहाउँदो घाँसले सजिएको घना जङ्गल अहिले त उर्वर र हराभरा छँदैछ भने त्यस बखत झन् लोभलाग्दो हुनुपर्दछ । समथल क्षेत्रको वन जङ्गल घना र मोहक थियो । निर्जन शान्त र सुरक्षित भूमि पाउँदा केही यादव गोत्रीय राउत रौतहटको भूमिमा बसे ।

धेरैजसो चाहिँ नेपाल उपत्यकातर्फ गए । बज्जि गणको पहिलो संस्थापक जाति नै राउत हो, भन्ने जनश्रुति अहिले पनि बलियो देखिन्छ ।

किम्बदन्तीमा उल्लेख गर्न सजिलो भए पनि, मेरो लागि भने कष्टसाध्य हुन लागिरहेछ अहिले । साहित्यले असत्य कुरोबाट चेतनशील मानिसलाई बचाउँछ भन्ने कुरा म मान्दछु । साहित्यले सन्तुष्टि दिन्छ, यसर्थ पाठकसमक्ष पुऱ्याउन चाहन्छु । समय हाम्रो लागि वर्तमान क्षणमात्र होइन, समय निरन्तर छ, त्यसमा बितेको र अनागत आउँदछ पनि । त्यसो भए जुन यो अवर्तमान छ, जुन हुनुभन्दा पहिले थियो र अगाडि हुनेछ, त्यसलाई हामी

शरीरले छुन सक्दैनौँ, मानसिकताले ग्रहण गर्दछौँ र केहीलाई वन्दनीय मान्दछौँ । यसरी मानिसले उन्नति र प्रगति गर्दछ । यो मानसिकता मानिसको पैतृक थाती हो । पशु स्वयम् समूहबाट अलग रहन सक्दैन । तर मानिस यता देवता उता राक्षस बनेको नमीठो इतिहास छ हामीसँग । स्वयम् आफूलाई नाप्ने क्षमताले व्यक्तिको मानिसकता प्रकट गर्दछ । आवश्यकता नै आविष्कारको जननी हो । आवश्यकता अनन्त भएकोले मानिसको आविष्कार पनि अनन्त छ । अब त आविष्कारलाई अतिक्रमण गरेर मानिस विलासितामा डुब्न तम्सिँदैछ । यस्तो मानसिकताको चक्रव्यूहबाट उम्केर नै मानिस सहज बन्न सक्छ भन्ने आशा पनि मारिसकेको छैन । इतिहास जे जस्तो भए पनि बज्जि गण सदस्यको सहजतालाई कसैले पनि अशिष्ट र असभ्य भन्न नसुहाउला ।

महिष्मती किनारका राउतहरूको बसाईं सराइलाई नितान्त वृथा मान्नु हुँदैन । प्रत्येक प्राणीले झैँ दुःखबाट सुख पाइन्छ भन्ने बज्जि गणको इतिहास पढ्दा थाहा हुन्छ । कसरी उनीहरू आफ्नोपन, जातीय गौरव बचाउन नै भोक सहँदै, अनेकौँ कष्ट झेल्दै रौतहटको भूमिसम्म आउन सके ? भोकको लागि भोजनभन्दा मीठो केही परिकार हुँदैन । गणराज्यको इतिहासमा बज्जिलाई ठूलो महत्त्वको मानिन्छ यस भू-खण्डमा ।

सत्य पहिल्याउन खोज्दा दृष्टि लडखडाउनु हुँदैन, यो सत्य बिर्सनुहुदैन कि कुनै पनि मानिस अमर हुँदैन । यो सत्य पनि बज्जि गणकाले बुझेका थिए । गणराज्यमा गणनियम आफैले बनाई आफैले पालन गर्ने हुँदा अनावश्यक झैझगडा हुँदैन । कोही राजा बन्ने हो कि ?, बन्ने प्रयास गर्ने हो कि ? यो डर रहँदैन । गणको हितलाई ध्यान दिइने हुँदा चाटुकारी प्रवृत्तिले टाउको उठाउन पाउँदैन । समान भाव, समान व्यवहार हुने गर्दछ ।

यो क्षमता या गुण बज्जि गणराज्यमा थियो । यो राउतहरूको सम्पत्ति हो ।

जातीय भावना, मानजनको चलन, जन्मदेखि मृत्युसम्म सहयोगी भावना रौतहटको राउतमा अहिले पनि पाइन्छ । यही सङ्लो भावनाबाट इतिहासको घुमैंलो प्रकाश प्राप्त गरेँ, उर्जा प्राप्त गरेँ र आफू बसेको ठाउँको बारेमा केही कोर्ने प्रयास गर्दैछु ।

नेपाल उपत्यकामा पुगेका यादव गोत्रीय राउतहरू गोपाल जातिको नामले प्रख्यात भए । नेपाल उपत्यकामा गोपालवंशका भुक्तमान, जयगुप्त, परमगुप्त, भीमगुप्त प्रथम, भीमगुप्त द्वितीय, मणिगुप्त, विष्णुगुप्त र यज्ञगुप्तले ३२० वर्षसम्म राज्य गरेको इतिहासमा उल्लेख छ ।

नेपाल उपत्यकामा भुक्तमानको नेतृत्वमा दानासुरको वध गरी प्रलयले बागमतीको निकासद्वारा थुनिनाले दहको रूप लिएकोमा चोभारको डाँडो काटी पानी बगाई खेती गर्न योग्य बनाएको चर्चा चलेको जस्तो लागेन । कुनै पनि कुरोलाई दैवी कथासँग जोडिदिँदा सत्य विस्थापित हुन पुग्दछ । भगवान् कृष्ण र उनको सुदर्शन चक्रलाई बीचमा ल्याइदिँदा भुक्तमानको प्रसङ्ग बिलाएर गएको हुन सक्छ ।

नेपाल उपत्यकामा भेडापाल, महिषपाल र माछामारको संसर्गले अनार्यहरूले शिस्नदेव भनी पुज्दै आएको लिङ्गदेवलाई पशुपति नामकरण गरी पूजा गर्न थालेका थिए । रौतहटका राउतहरू समय-समयमा नेपाल उपत्यका गइरहन्थे । त्यहाँ लिङ्गदेव पशुपतिको पूजा-आजा गरेको आफ्नै आँखाले देखेका थिए । रौतहटमा बसोबास गर्ने राउतहरूले पनि आफूहरूलाई बज्जि गणराज्यको रूपमा स्थापित गराए । बज्जि गणराज्य पशुपालक गणराज्य थियो । यिनीहरूले पशुरक्षाको लागि नेपाल उपत्यकाको देखासिकी औरैया भन्ने ठाउँमा शिस्नदेव स्थापना गरी पशुपति नामकरण गरे ।

त्यो युगमा राजधानी र आफ्नो जातिको रक्षार्थ ढुङ्गाको गढ बनाउने अनुभव सबैमा थियो । सबै जातिले गतिलो गढ निर्माण गरे भनेर भन्न सकिन्न । गढ निर्माण गर्ने पनि पराजित

भए, नगर्नेले पनि पराजयको पीडा भोगे । गढ निर्माण गर्नेको स्वाभिमान अवशेषको रूपमा अनुमान लगाउन सकिन्छ । गढ कसले भत्कायो ? कहिले र किन भत्कायो ? उत्तर भग्नावशेषमा खोज्दा पाइन्छ । जसले बनाएन, उसको इतिहास, वीरता.....?

बज्जि गणराज्यका राउतहरू पशुपालनमै निर्भर थिए । यिनीहरू गङ्गादेखि उत्तर, कौशिकीदेखि पश्चिम, शिवालिगदेखि दक्षिण र सदानीरादेखि पूर्वको भूभागमा बसाइँ सरिरहन्थे । तर वर्षको एकपटक आश्विन पूर्णिमाको दिन आराध्यदेव पशुपतिको पूजा आराधना गर्न अमलाको वन (स्थानीय भाषामा औरा वन) आइपुग्थे । शान्त स्वभावका राउतहरू बज्जि गणराज्यमा रमाएका थिए ।

बज्जिसंघका राउतहरू घुमन्ते पशुपालक थिए । यसो हुँदा राजधानी र सम्पन्न नगर बनाएनन् । जङ्गलमा रम्ने हुँदा अन्य छिमेकी राज्यसँग झगडा गरी क्षेत्र विस्तार गर्न चाहेनन् । छिमेकका कोल, लिच्छवी, मल्ल, शाक्यहरूका गणराज्य पनि आसपासमै थिए ।

ती गणराज्यहरू पनि जङ्गली अवस्थामै थिए । गङ्गा नदीदेखि वारि कुनै शक्तिशाली राज्यको निर्माण भइसकेको थिएन । प्राचीन मिथिला राज्य छिन्नभिन्न भइसकेको थियो भने वैशालीको पनि पतन भएको थियो ।

बज्जि सङ्घीय गणराज्यको सङ्गठन अद्वितीय थियो । बज्जि गणराज्यमा विविध जातिको राम्रो मेल थियो ।

राउतहरू लडाकु र पशुपालक बने भने थारू खेती गर्ने भए ।

तर पनि थारुहरूले राउतहरूलाई 'बाजी' भन्ने गर्थे र आफूभन्दा अलि भिन्न ठान्दथे । "ग्वार के लाठी कपार मे" लोकोक्तिले रौतहटका राउत लडाकाहरूले पछिसम्म आफ्नो गणराज्य टिकाइराखेको आभाष दिलाउँछ ।

❖❖❖

मेरो टोपी

■ **केशवराज पन्त**

कतै नडग्मगाई हलचल नगरिकन
नथिचिएर नमोडिई नखुम्चिइकन
सगरमाथा झैँ स्थिर र अटल भई
शिरमा ठिङ्ग उभिइरहेको छ मेरो टोपी ।

भीडभाडमा कहिलेकाहीँ धक्याउन
कुच्याउन लडाउन र पल्टाउन
प्रयत्न हुँदा दुई हातले सीधा बनाई
टपक्क मिलाई लाउने गरेको छु मेरो टोपी ।

धुलो मैलो हुँदा साबुन पानीले
धोई पखाली चिटिक्क बनाउने गरेको छु
सङ्कटमा पनि बचाइराखेँ यसलाई
दिइनँ कहिल्यै खस्न र कुल्चिन मेरो शिरको टोपी ।

विश्वकै अग्लो शिखर बनेर उभिएको
कतै हलचल नभई स्थिर र अटल रही
कडा चट्टान बनेर फलामको किलोमा
सिउरेजस्तै सिधा बसिरहेछ शिरमा मेरो टोपी ।

फिँजाइए भ्रम कहिले सगरमाथा, बुद्ध जन्मस्थल
सारिए कति त सिमानाका जङ्गे स्तम्भ पनि
तर गरेन कोही आँट नेपाली टोपी चलाउन
अनि त गर्व लाग्छ मलाई मेरो शिरको टोपी ।

पहाड हिमाल तराई मधेस मेची महाकाली
सबै नेपाली दाजुभाइलाई कति सारै सुहाएको
घामपानीबाट जोगाउँदै नेपालीलाई विश्व चिनाएको
नेपालको पहिचान र स्वाभिमानको प्रतीक मेरो टोपी ।

हैन पहिचान जातजाति भाषा धर्म र भूगोल
पहिचान हो सबै हामी नेपाली देश हाम्रो नेपाल
भनिरहेछ सधैँ त्यही मेरो शिरको नेपाली टोपी
सधैँ मैले लगाइरहेको भादगाउँले कालो टोपी ।

❖❖❖

भाषा नबिगार

■ **विजयध्वज थापा**

यो कस्तो खेल हो
राष्ट्रभाषा बिगार्ने !
मनगढन्ते लेख्न सिकाई
विद्यार्थीलाई भाँड्ने
सबैलाई छक्याउँदै
आफू पण्डित बन्ने
जाल झेल गरेरै पनि
पद ओगट्न खोज्ने
यो कस्तो खेल हो ?
भाषागत खेल्ने
आफ्नो स्वार्थ पूरा गर्न
राष्ट्र भाषा बिगार्ने
आफ्नो घर आफै भत्काउने
आफै लोप्पा खाने
आफ्नो भेष आफ्नो संस्कृति
आफ्नो भाषा मास्ने
यो कस्तो खेल हो सधैँ आफै हार्ने
विदेशीको इसारामा
जामा फेर्दै नाच्ने
भाषा, भेष संस्कृति मास्दा
देश कङ्गाल पार्दा
दुई चार जनाको लहैलहैमा
राष्ट्र भाषा बिगार्दा
धारेहातले सराप्ने छन्
तिम्रो इतिहास पढ्दा
भानु, मोती देवकोटा रोलान्
तिम्रो षड्यन्त्रमा पर्दा ।

यो कस्तो खेल हो,
वर्णविन्यासमा खेल्ने
कस्तो बुद्धि पलायो यिनमा
आफै खाल्डोमा खस्ने
वन पाखामा गुञ्जिने
खोलानालासँग बोल्ने
ऋषिमुनिको सृष्टि बोकेर
तत्सम छन्दमा फुल्ने ।

नफैलाऔँ कुनै जालझेल
भाषा यस्तो मास्ने
नगरौँ कसैले कुबुद्धि यहाँ
उपबुज्रुक बन्ने
पाणिनी, लेखनाथ छक्क पर्लान्
अरू तमासा हेर्लान्
पैसामा बिक्नेहरूदेखि
छिःछि दुरदुर गर्लान्
किन बन्छौ यस्तो स्वार्थी
भाषामा प्रहार गर्ने
अर्काको गुलियो चटाइमा
आफ्नै नुर गिराउने
नगरौँ यस्तो छलकपट
सधैँ आफू बिक्ने
नफैलाऔँ यस्तो विकृति
देशको अस्तित्व मेटाउने
यो कस्तो खेल हो.....
राष्ट्रभाषा बिगार्ने ?

❖❖❖

लघुकथा

तीन लघुकथा

■ युवराज मैनाली

१. मोहभङ्ग

नायकै मान्दथे, प्रायः मानिसहरू उनलाई । अझ समूदायहरू त उदायको सूर्य नै ठान्दथे । समय सँगसँगै सूर्य अस्ताए झैँ मान्छेका मनबाट अस्ताउन थाले । यसको कारण थियो, उनले जतिसुकै मै हुँ भनेर कुर्ले पनि त्यो कुर्लाई आफ्नो झोडजामको प्रचण्ड प्रयासमात्र भइरहेको देख्दै जान थालेका थिए ।

जब भूकम्प गयो, भूकम्पीय पीडाले थच्चिएका मानिसहरूका समस्याहरूलाई केही बढी मूल्यमा कर्तव्य पूरा गरे । भूकम्पीय समस्याको ढाकछोपमा नबनिरहेको संविधानको कुरा आएपछि उनको पछि लाग्नेका मनमा चिसो पस्दै गएको थियो । संविधान आएपछि सबैले थाहा पाए, अरूजस्तै त्वं शरणम्को पर्दामा लुकेर स्वार्थको घ्याम्पोमा लुकेको स्याल रहेछन् उनी पनि भन्ने कुरा सबैले थाहा पाए । यसपछि जति जोगी आए पनि कानै चिरिएका भन्ने भनाइहरू सबैको मुखबाट निस्कन थाले ।

२. छिमेकी

म आफैंलाई विस्थापित तुल्याएर बसिरहेको छु, ठान्नेहरूले ठानिरहेछन्, म भाग्दै छु, तर उनीहरूलाई के थाहा ? म शक्तिसञ्चयमा लागिरहेछु । उनीहरूले मेरो छिँडीलाई अतिक्रमण गरिरहेछन् । बहालमा बस्नेलाई उक्साएर विभिन्न अत्तो थाप्न लगाइरहेछन् । यी सब गर्नुका पछाडि मेरो संस्थापनलाई धकेल्नु हो । यो कुरा मलाई राम्रो थाहा छ । तर उनीहरू आफै कत्तिको धकेलिँदैछन्, उनीहरूलाई थाहा छैन । परिणामप्रति अनभिज्ञ ती आकाशमा तीर हानिरहेछन् । त्यो निशानाबाट कत्तिको क्षति बेहोर्दै छन् तिनीहरूले जानेका छैनन् । शक्तिको दम्भ यस्तै हुदो रहेछ, भगवान्ले तिनीहरूको रक्षा गरून् ।

३. परिवर्तन

विश्वामित्र आज फेरि तपस्यामा बसेका छन् । इन्द्रलाई हम्मेहम्मे पारेको पाऱ्यै छन् । छन् यहाँ व्याकरणीक दृष्टिकोणले नहेरियोस् । निरन्तरताको स्वरूपमा सम्हालियोस् । थियो को सियो भाँचिएको अहिले हो र ? त्यो कालदेखि यो अकालसम्म विश्वामित्र एउटा कालखण्डमा सकिएर पनि रक्तबीज झैँ अतृप्तिमा तप्तपी चुहिँदै गइरहेका छन् । इन्द्र जो एकै नाम भएर पनि टुक्रिदै गल्दै पनि एमिबाको रूपमा सम्पूर्ण आकारको निरन्तरतामा परिक्रमा गर्दैछन् । कथाको आकारको निरन्तरतामा परिक्रमा गर्दैछन् । कथाको रूप परिवर्तन समयचक्रको घुमाउदार पाङ्ग्रो फेरिएर गतिमा रङ्गढङ्गमा कनिकुथी बदलिएर उही उही बेथामा पस्किएका छन् ।

❖❖❖

दिल्लीका दासहरू

■ डा. मुरारि पराजुली

दासहरू
दिल्लीमा दासताको सलामी चढाउँछन्
र, दरभङ्गामा कालाबजारीको भात हसुरेर
दशगजाबाट देशमाथि ढुङ्गा बर्साउँछन्
दिल्लीका दासलाई दास हुनुको पनि मजा छ
अरूलाई दास बनाउँदा पनि दङ्गदास छ
किनभने,
दासताको पुजारी दास नै हुनेगर्छ
आफू दास हुनुको हिसाब
ऊ अरूलाई दास बनाएर असुल्छ ।

दिल्लीका दासहरू मालिकसँग लम्पसार पर्छन्
तिनका चरणमा चँवर डोलाउँछन्
जिब्राले पैताला चाट्छन्
र, आफ्नै जातिका निरीह औ महिलालाई
आफ्ना चाकर ठान्दै
तिनमाथि दासताको घोडा चढ्छन्
जसरी श्यालको सिङ भेटिन्न
उसै गरी दासहरूका शब्दकोशमा
स्वाभिमानको अर्थ भेटिन्न
उनीहरूलाई दास हुनुको पनि ग्लानि छैन
र, दास बनाउनुको पनि परिताप छैन
जसरी साष्टाङ्ग दण्डवत्मा
प्रभुका गोडामा लमतन्न पसारिन्छन्
ठिक त्यसैगरी
रैतीका निधारहरूलाई
यिनले आफ्ना पयरको सिरानी दिन्छन् ।

दिल्लीका दासहरू
बिधवा आफ्नी आमालाई अलच्छिन ठान्छन्
उनीहरूले छोएको वस्तुमा छोइछिटो गर्छन्
दाइजो नल्याएको निहुँमा
मट्टितेलले स्वास्नी सल्काउँछन्
पुत्री जन्मिँदा अघोर तापमा हुन्छन्
यिनले मागेर पाउने भए
संविधानमा सतीप्रथा बहाली गर्छन्
छोरीको भ्रूणहत्याका निम्ति
विधेयक पारित गराउँछन् ।

यिनले महिलालाई मान्छे मान्दैनन्
दलितलाई मान्छे गन्दैनन्
यी छुवाछूतका पालकहरू
दलितलाई इनारमा पानी भर्न दिँदैनन्
धर्मका यी ठेकेदारहरू
बिधवा र दलितलाई मन्दिर छिर्न दिँदैनन्
धर्म भने यिनकै मानि दिनु पर्छ
यिनैलाई ईश्वर ठानि दिनु पर्छ
तर यिनका मन्दिरमा
पसे भने कुनै बिधवा आमा र दलित
यिनीहरू गङ्गाजलले मन्दिर चोख्याउँछन्
पुराण लगाएर धर्म बचाउँछन्
आफूलाई जन्माउनेप्रति कृतघ्न दासहरू
आफ्नै बिधवा आमालाई बिटुलो देख्छन्
आफ्नै दलित छिमेकीलाई अछुतो मान्छन्
मातृशक्तिमै घृणा छ यिनीहरूलाई
विदेशीको कलो खाएर
हान्छन् ढुङ्गाले पराई देशबाट आफ्नै मातृभूमिलाई
विदेशीका नारा बोकेर स्वदेशमा
साम्प्रदायिक युद्धको घोषणा गर्छन्
यिनले आमालाई बोक्सी भन्छन्
बहिनीहरूलाई वेश्या देख्छन्
यी दासताका पालकहरू
दूधले आफ्ना गोडा धुवाउँछन्
र, तिनकै मस्तकमा शिर छुवाउँदै
दिल्लीका मालिकहरूको शरणमा पर्छन्
र, तिनकै चरणको धुलो चाट्छन् ।

२०७२।१०।२१

समालोचना

शाकुन्तल महाकाव्यको सम्प्रेषणीयता

■ भगवती अर्याल 'पाण्डे'

१. विषय प्रवेश

कुनै पनि सर्जक समाजबाट अलग हुन सक्दैन । त्यसैले उसमा निहित सूक्ष्म अन्तर्दृष्टि एवम् विशेष शिल्प रचनामा सामाजिक रूपमा प्रस्तुत हुन्छन् र तिनीहरूरूले दीर्घजीवी बन्दै समाजमा सम्प्रेषण दिने काम गर्दछन् । यसै क्रममा महाकवि लक्ष्मीप्रसाद देवकोटा (वि.सं. १९६६-२०१६) ले पनि कृतिहरूमार्फत् सामाजिक सन्दर्भ सम्प्रेषण गरेका छन् । करिव १० वर्षको उमेरदेखि आफ्नो साहित्य यात्राको सुरुवात गर्ने देवकोटा वि.सं. २००० सालदेखि (३४ वर्षको उमेरदेखि) महाकाव्य यात्राको सुरुआत गर्दछन् । नेपाली साहित्यमा कविता, निबन्ध, कथा उपन्यास जस्ता विभिन्न विधामा कलम चलाए तापनि महाकाव्ययात्राको पहिलो महाकाव्य **शाकुन्तल** हो । वि.सं. २००२ सालमा प्रकाशित प्रस्तुत महाकाव्यले सामाजिक रूपमा के-कस्ता सम्प्रेषणीय सन्दर्भहरू दिन सकेको छ ? त्यसबारेमा प्रकाश पार्नु नै प्रस्तुत लेखको प्रमुख उद्देश्य रहेको छ ।

२. शाकुन्तल महाकाव्यका सम्प्रेष्य सन्दर्भहरू

कविको कवित्वले नै कुनै पनि रचनाको वास्तविक मूल्याङ्कन हुन सक्छ । "पाठकलाई रसास्वादन गराउने साहित्यका सम्पूर्ण विद्यामध्ये महाकाव्यलाई सर्वश्रेष्ठ मान्न सकिन्छ । संस्कृत साहित्यको **रामायण** तथा पाश्चात्यतर्फ अङ्ग्रेजीको विउल्फ एवम् युनानका **इलियड** र **ओडेसी** महाकाव्य अन्तर्गतका उल्लेख्य उदाहरण हुन्" (अर्याल, २०६३:१) । यसरी संस्कृति तथा पाश्चात्य जगत्मा जाज्वल्यमान विधाको रूपमा चर्चित महाकाव्य विधा नेपाली साहित्यमा भने देवकोटाको साधनाले नै पहिलो पल्ट महाकाव्यीय तत्त्व, भाषा, भाव, लय आदिका आधारमा उत्कृष्टतामा पुऱ्याउँदै गरिमा दिने काम गरेको पाइन्छ । त्यसैले देवकोटाद्वारा रचित **शाकुन्तल** महाकाव्य (२००२) नेपाली साहित्यको महाकाव्यीय जगत्का महत्त्वपूर्ण कृतिमध्ये उल्लेख्य काव्य हो । प्रस्तुत काव्य मार्फत् समाज, राष्ट्र र युगलाई राम्रो प्रभाव पर्न सकेको देखिन्छ । विवेच्य महाकाव्यको रचनाक्रममा कवि अनुभूतिका विशेष उत्कर्षहरू नै यसका प्रभावक तत्त्व हुन् । युगीन वास्तविकताप्रति संवेदनशील कवि हृदयका प्रतिकृयाका रूपमा सम्प्रेषण सन्दर्भहरू प्रकट भएका देखिन्छन् । महाकाव्य लेखनका सन्दर्भमा महाकवि स्वयंका स्रष्टा, द्रष्टा र भोक्ता हृदयबाट यिनीहरू प्रस्फुटित देखिन्छन् ।

नेपाली साहित्यमा समर्पित कवि-कवियत्री, समाजका विविध व्यक्तित्वका साथै सिङ्गो मानव समाजका लागि यस्ता सम्प्रेष्य सन्दर्भहरू सम्प्रेषणीय छन् । यिनले हरेक प्रतिभाका बौद्धिक उच्चता र मानव हितका लागि प्रभावपरक कार्य गरेका छन् । विवेच्य महाकाव्यका पाठकहरूका माध्यमबाट तिनीहरूले व्याप्ती पाएको देखिन्छ । गहन कवित्वले आख्यानीकरणलाई नै शिथिल बनाउन पुगेको यस काव्यमा देवकोटाको गाङ्गेय भाव प्रभावहलाई जुन पाठकले बुझ्न सक्दैनन्, उनीहरूलाई बुझेकाले बुझाइदिनुपर्ने सन्दर्भलाई

महाकविले विवेच्य काव्यमा सम्प्रेषण गरेका छन् । यसलाई भूमिकामा स्वयं देवकोटाले यसरी लेखेका छन् ! "नेपाली महाकाव्य आइसल्यान्डको सर्पै जस्तो थियो । मलाई अभात पूरा गर्ने इच्छा पहिल्लाएर आएकाले लेखें । लेखें तीन महिनामै राती राती बसेर फुर्सदमा..... (देवकोटा २०५४: भूमिका) । यस अभिव्यक्तिबाट **शाकुन्तल** लेखनका कारण, यसको पृष्ठभूमि र यसका लागि गरिएको निरन्तरको कवि प्रयासप्रति पाठकहरू अनभिज्ञ हुने छैनन् । बरू महाकविले बताएका यी अभिव्यक्तिले विवेच्य महाकाव्यको गर्भ बोक्न सकेका छन् कि छैनन् ? अर्थात् महाकविले पाठकलाई दिन खोजेका कुरा पाठक सामु पुऱ्याइदिन सकेका छन् कि छैनन् ? जस्ता विभिन्न जिज्ञासाको जवाफ "आइसल्यान्डको सर्प" (जहाँ सर्प पाइँदैन) का रूपमा तत्कालीन नेपाली महाकाव्य भूमिलाई सङ्केत गरेका छन् । यस्तो अभावमा कतैबाट गतिशील सर्प देखिन्छ कि भन्ने जुन आश्चर्य र कुतूहलता हुन्छ, त्यस्तै स्थिति तात्कालीन महाकाव्य विधामा देखिएको छ । हुन त महाकवि देवकोटाको उपस्थिति अगाडि नेपाली साहित्यमा महाकाव्य विधा नभित्रिएका होइनन्, बरू नेपाली भाषामै लेखिएका भए तापनि महाकाव्यभित्र नेपालीपन नझल्किनुले यस भनाइको मर्म बुझाउँछ । वास्तवमा आदिकवि भानुभक्तले संस्कृत भाषामा लेखिएको '**आध्यात्म रामायाण**'लाई नेपाली भाषामा अनुवाद गरेर महाकवि देवकोटा भन्दा पूर्व नै महाकाव्यको प्रकाशन गरेका थिए । तथापि यसले नेपाली समाजलाई पूर्णरूपमा भिऱ्याउन सकेन । सबल भन्दा दुर्बल पक्षका रूपमा आफू बाँचेको युग, आफ्नो परिवेशलाई भिऱ्याउन नसक्ने देखिए । त्यस्तै आफ्नो प्रतिनिधित्व गर्न एवम् समग्रमा आफ्नोपन दिन नसक्नुबाट महाकाव्य शिथिल देखियो । पौराणिक कथानकलाई पौराणिकताको सीमा ननाघ्नु तत्कालीन विश्वसाहित्यका परिप्रेक्ष्यमा महाकाव्यमा अपेक्षित आख्यान र कवित्वको सन्तुलन नमिल्नु, कवित्वपनको अभात हुनुले आख्यान प्रवल रहेको प्रस्तुत काव्य नेपाली साहित्यकै लागि लेखिएको भए तापनि नेपालीपन दिन नसकेको देखियो । त्यसैले अध्यात्म रामायण महाकाव्य लेखनका पृष्ठभूमि मात्र बन्न पुगेकाले यसलाई नेपाली महाकाव्य मान्न सकिएन । भानुभक्तीय रामायण पश्चात्का महाकाव्यहरू पनि गरिमायुक्त बन्न सकेनन् । त्यसैले देवकोटाले नेपाली महाकाव्यलाई **'आइसल्यान्डको सर्प'** जस्तो थियो भनेका छन् । यसमा आफूले लेख्दासम्मको समयावधि शून्य प्राय: अवस्थाको वर्तमान र भविष्यलाई सुरक्षित पारी भूतकालिक क्रियापदको प्रयोग गरिएको छ । यसरी भानुमक्तको रामायण आए तापनि नढाँटी त्यो युगलाई लागि यथावत् राखिदिएका दिए । त्यसैले उनको उपर्युक्त अभिव्यक्तिले त्यो युगलाई नेपाली पाठकसामु सकुशल पुऱ्याइदिएको छ, जुनबेला नेपाली महाकाव्य वास्तवमै आइसल्यान्डको सर्प थियो ।

यसैगरी "अभाव पूरा गर्ने इच्छा पलाएर आएकाले लेखें" भन्ने सन्दर्भले देवकोटाको दूरगामी सम्प्रेष्य भाव प्रकट हुन्छ । यहाँ प्रयुक्त 'अभाव' शब्दले नेपाली हार्दिकताको अभाव हुनु हो । युगलाई चिन्न नसक्नु र नेपाली हुनुको अर्थ सार्थक नुहनु हो । त्यसैले यसलाई पूरा गर्ने इच्छा सबै जागरूक नेपालीमा पलाउन पर्छ र पलाउनु कर्तव्य पनि हो । यसै सन्दर्भलाई हृदयङ्गम गरी त्यो इच्छा देवकोटामा पलाएको छ र कसैको मुख नताकी आफै उनी कटिबद्ध भएका छन् । अभावको पूर्ति आफैले गरेका छन् । तर प्रेरणाका लागि यसलाई पाठकसम्म भने जस्ताको तस्तै पुऱ्याइदिएका छन् । उनलाई आफू साधक भएर नपुगेको हुनाले आफूजस्ता अनेकौं प्रतिभालाई साधनका लागि

प्रेरणा दिन पुगेका छन् । आफ्ना युगका अभावपूर्ति आफूले गरेझैं आफ्ना उत्तरवर्तीहरूलाई भविष्यका अभावहरू पूरा गर्नुपर्ने महत्त्वपूर्ण उद्‌गारको सम्प्रेषण गरेका छन् ।

विवेच्य महाकाव्यमा प्रयुक्त महाकविका प्रवल इच्छाशक्तिले जन्माएको काव्य साधना बेजोड देखिन्छ । **शाकुन्तल**का पाठकका लागि पनि यसले चानचुने सन्दर्भ सम्प्रेषण गरेको छैन । "लेखेँ तीन महिनामा, राती राती बसेर फुर्सदमा ....." भनी रातारातको फुर्सदको सन्दर्भले स्रष्टाको इच्छाशक्ति अभावपूर्ति गर्ने प्रमुख कारक हो भन्ने सत्यताको सम्प्रेषण गरेको छ । त्यस्तै भूमिकामा नै लेखिको **भगीरथको गङ्गा** प्रसङ्गले पौराणिक कथनमा श्रमसाध्य गङ्गालाई प्रकट गरेको छ । जस अनुसार आफ्ना साठी हजार पुर्खालाई मुक्ति दिन भगीरथले यसलाई स-सङ्घर्षका साथ धर्तीमा ओलिर्एका थिए । यसअघि उनका हजारौँ पुर्खाहरूले त्यो प्रयास गरे तापनि अपेक्षित तपस्याका अभावमा लक्ष्य हासिल गर्न दुर्घटित बने । वास्तविकता सबै बुझी भगीरथले अत्यन्तै कठोर तपस्या गरेपछि मात्रै स्वर्गबाट गङ्गा ओर्लिन र भगीरथ आफ्ना पुर्खालाई मोक्ष दिलाउन सफल भए । त्यस्तै झैँ देवकाटाअघि आधुनिक महाकाव्यका लागि निरन्तर प्रयत्नरत नेपाली कविहरूको लामो पृष्ठभूमि भए तापनि दुर्घटित अवस्थामा पुगे । त्यस प्रसङ्गले देवकोटालाई प्रयत्नरत गरायो तर उनी पनि **सुषमालोचन** नामक महाकाव्य शिशुको जन्म दिन असमर्थ हुन्छन् । उनको महाकाव्य प्रसवनमा लामो समयदेखि कल्पनाशील अपार प्रतिभासागर अचानक अवरुद्ध हुन्छ र यसले मर्माहत पार्छ । त्यही प्रतिशोध स्वरूप अप्रत्याशित रूपले शाकुन्तलको जन्म हुन्छ । नेपाली साहित्य संसारकै मोक्षका लागि देवकाटाले लिएको लक्ष्य पूरा हुन्छ । दुई सय वर्षसम्म अभावमय हुन पुगेको आधुनिक नेपाली महाकाव्य गङ्गा नेपाली साहित्यमा अविलम्ब ओर्लियो । यसैबाट नेपाली साहित्य संसार हराभरा र मनमोहन हुने सङ्केत देखा पऱ्यो । यसले अग्रजहरूको भन्दा निकै कठोर गङ्गा साधनाबाट बल्ल जन्म लिन सफल भएकाले यसलाई भगीरथको गङ्गा भनिएको हो ।

देवकोटाले आफ्नो नवप्रसूत काव्यलाई भगीरथको गङ्गा सम्झँदा यहाँ प्रतीकात्मक सम्प्रेष्य भाव पनि सँगसँगै गुञ्जिएको छ । यसैले देवकोटाको आँसु प्रवाहात्मक रचनाशक्तिका प्रतिस्पर्धीहरूलाई सङ्केत गरेको उद्‌गार हो । विशेषतः देवकोटाप्रति गरिएका शङ्का एवम् विज्ञापन र दबाबका भरमा प्रतिष्ठित तुल्याइनेहरूप्रतिको लाक्षणिक व्यङ्ग्य हो । भगीरथको गङ्गा अवतरित हुँदा गङ्गाको वेग थाम्न नसकी शिवजीले आफ्ना जटा ओछ्याइदिएको पौराणिक कथानक अनुसार देवकोटाले तात्कालीन परिस्थितिमा शाकुन्तलको भाव गाम्भीर्य बहन गर्न सक्ने मस्तिष्कहरू नगण्य हुँदा यसलाई थाप्लामा बोक्न मुस्किल देखेका छन् । त्यसैले त्यसप्रति सचेत हुँदै 'तब धेरै किन ? यो एउटा भगीरथको गङ्गा हो, यसलाई थाप्लामा बोक्न मुस्किल छ", भन्दै कहिल्यै नटुङ्गिने अमर सन्देश दिएका छन् । यसले शाकुन्तल निर्माणको वास्तविक गर्भ बोक्न सफल छ । यसर्थ विवेच्य महाकाव्यको भूमिका महाकवि देवकोटाका अनुभूति र जीवनदृष्टिले भरिएको अकाट्य सम्प्रेष्य सन्दर्भहरूको सम्प्रेषण र रससिक्त खजाना हो ।

प्रस्तुत महाकाव्यभित्र यस्ता थुप्रै सम्प्रेष्य सन्दर्भहरू रहेका छन् । पूर्वीय महाकाव्यीय मान्यता अनुरूप नमस्कारात्मक, आशीर्वादात्मक तथा वस्तुनिर्देशात्मकजस्ता तीनै थरी

मङ्गलाचरण एकैसाथ समेटिएको छ। प्रथम सर्गको एउटा श्लोकबाट नै देवकोटीय कवि व्यक्तित्वको परिचय लिन सकिन्छ। जस्तैः

दाढीबाट सफेद व्यास ऋषिको गङ्गा बनेकी कथा,
ओर्ली सल्वल कल्बलाउन चली पूर्वीय मैदानमा
(सर्ग १/श्लोक १९)

विवेच्य काव्यमा देवकोटाले व्यासको काव्यकारिता (महाभारतको शाकुन्तले पाख्यान) बाट कालिदासको अभिज्ञान शाकुन्तलमा वर्णित कथालाई आफूले टिपेको बताएका छन्। महाकाव्य अनुसार भारतवर्षको उदयकालतिरका कर्णप्रिय कथा महाकाविलाई मीठो लागेकोले सो प्रसङ्ग रोजेको पाइन्छ। मीठो लाग्नको कारण यसमा निहित श्रेष्ठ र आदर्श सभ्यताको सम्पन्नता, दूरदर्शिता र शाश्वतता हो। व्यक्तिगत स्वार्थ एवम् नाफा नोक्सानमा रुमल्लिएको, छोटो दिनचर्या बाँच्न विवश वर्तमानलाई अतीततिर फर्काउन यो सन्दर्भ प्रस्तुत गरिएको छ। आफूले त्यो पुरानो कथा लेखेको कुरालाई कविले वस्तुनिर्देशका क्रममा दिएका छन्। त्यस्तै आदर्शले घनीभूत त्यस प्राचीन वनलाई नेपाली घरमा ल्याई सजाउन महाकवि आफै खटेको प्रसङ्ग प्रथम सर्गमा प्रस्तुत गरिएको छ। यसबाट महाकाव्यका रचायिताहरूलाई पूर्वीय आदर्शका युगजीय काव्यस्रोत चयन गर्ने सम्प्रेष्य सन्दर्भ बुनिन पुगेको छ।

महाकवि देवकोटा महाकाव्य निर्माणका कठिनाइलाई स्पष्ट राख्न चाहेका छन् शाकुन्तलमा। प्रथम सर्गको छैठौ श्लोकमा प्राचीन गौरव गाथा गाउन कलमको वीणा लिएको हात अज्ञानतावश थर्थरी काँप्दा वीणाको ताल खज्मजिन गई काव्यझङ्कार बिग्रिएको प्रसङ्ग छ भने सातौँ श्लोकमा महाकाव्यको अभावपूर्तिको आवेगमा आँसु प्रतिभाको कालोनीलो घनघटाबाट आवश्यक अनावश्यक सबै बर्सिएको थाहा हुन्छ, जसबाट गुणग्राह्य वस्तु मात्रै छानिदिन पाठकलाई महाकवि आग्रह गर्दछन्। त्यसैले आफ्नो स्वतस्फूर्त भावावेगमाथि व्याकरणका बन्धन र वर्णविन्यासका उल्झनहरूले पटक-पटक जिस्क्याउने गरेको कटुसत्यलाई पनि कविले स्पष्ट राखेका छन्।

व्यास र कालिदासका काव्यकलाले सुसज्जित सर्वसम्पन्न कथावस्तुलाई देवकोटा आफूले सिँगार्न आवश्यक देख्दैनन्। जसबाट उनी आफ्ना प्रेरक, अग्रज एवम् उपजीव्य ग्रन्थप्रति कृतज्ञ बनी उत्प्रेक्षा अलङ्कारमा आफ्नो आत्मानुभूति यसरी प्रकट गरेका छन्ः

के शृङ्गार गुलावलाई ? कमलैलाई म धोऊँ किन ?
नीलो रङ्ग थपी सफा गगनमा मूर्खै बनूँ के भन ?
(सर्ग १/श्लोक २०)

कवि देवकोटा विवेच्य कृतिमा स्रष्टामात्र नभै दृष्टा पनि बनेका छन्। उनको दृष्टा व्यक्तित्वले हरेक पाठकलाई निष्पक्ष, नीरक्षीर, विवेकी र उदार स्रष्टा बन्नुपर्ने अकाट्य सम्प्रेष्य भाव प्रस्तुत गरेको छ।

जस्तैः
हडबडसित लेखेँ छैन उस्तो मिठास
गडबड कति पर्छन् मर्दछन् भित्र आश।
लटपटसित आयो काव्य यो नामनिम्ति
खटपट परिजाँदा माफको गर्छु बिन्ती।
सर्ग १/श्लोक ५०

उपर्युक्त पङ्क्तिमार्फत् स्रष्टाहरू आफूसँग आफै सन्तुष्ट हुन सक्नुपर्ने सन्देशात्मक भाव सम्प्रेषण गरिएको छ। यसका साथै आफ्नो रचनाको मूल्याङ्कन गरेर हरेक सर्जकलाई परिष्कृत, परिमार्जित र महिमोज्ज्वल बनाउने अमूल्य भाव सम्प्रेषण गरिएको छ।

विवेच्य काव्यको विषयवस्तुका सन्दर्भमा समाजका विभिन्न व्यक्तित्वहरूलाई उपदेशात्मक

भाव सम्प्रेषण गर्ने प्रयास गरिएको छ । पाठक, विद्यार्थी, पुर्खाहरू, बुद्धिजीवी वर्ग र गृहिणीहरूलाई काव्यका अवगुणबाट बचेर काव्य पढिदिन सम्प्रेषण गरेको देखिन्छ (१/२६) । त्यस्तै काव्यभित्र आफ्ना काव्यका मर्मस्पर्शी तथ्यहरू पाठकले राम्ररी मनन् गर्न सकून, बुझेर तिनलाई व्यवहारमा लागू गर्न सकून, सत्पात्रहरू यहाँका पात्रसँग निकट रहन पुगून्, नीति नियम नजानेका ठूला बडाले यसबाट कुशल नीतिको पालना गर्न सकून, प्रजाहरूमा सद्भक्तिको आदर्श छाओस्, ज्ञानीहरूले यसबाट आफ्नो ज्ञान वृद्धि गर्ने सौभाग्य पाऊन्, कविहरूले यसैबाट आफ्नो काव्य चातुरी अपनाउन सिकून्, रसिक नवावीहरू यस्तै कविताकाव्यमा विलास गर्न जानून् (१/३१) भन्दै सर्वत्र सुधारै सुधारका सन्दर्भ सम्प्रेषण गरिएका छन् ।

यसरी सुधारात्मक सन्दर्भको प्रेषण गर्नु विवेच्य काव्यको प्रमुख उद्देश्य देखिन्छ । यसका साथै प्रेमी-प्रेमिकाहरूलाई शृङ्गारभावले पूर्ण हुँदै फुल्दा छहारीमुनि बसेर यहाँको प्रियकथा पढिदिने खबर महाकविको छ, (१/३४) शृङ्गारभावले पूर्ण विवेच्य महाकाव्यमा शृङ्गार नै अङ्गीस् भएर आएको छ । कविले प्रेमी-प्रेमिकालाई छलकपट रहित सच्चा प्रेम गर्न सम्प्रेषण गरेको देखिन्छ । त्यस्तै काव्यका मर्मज्ञ अग्रजहरूलाई आफ्नो राम तुल्य रमाइलो काव्यमा कश्यप र कष्टभै डुलिदिन आग्रह गरिएको छ भने गुरूहरूलाई कुशल अभिनय र हाउभाउका साथ काव्यका गूढार्थ खोलिदिन लगाइएको छ । त्यसैगरी काव्य भित्रका रसभाव ग्रहण गर्दा हास्य रुचाउनेहरू बत्तीस दन्त लहर खोलेर हाँसून र वियोगी दशा देख्नेहरू भुल्भुल चित्त पगालेर द्रवीभूत बनून् भन्ने पनि भाव सम्प्रेषण गर्न खोजिएको छ (१/३६) । यसबाट अर्काका सुखदुःखलाई आफ्नै सुख दुःख ठान्ने मानवतावादी भावनाको अपेक्षा गरिएको देखिन्छ यसबाहेक पनि विवेच्य काव्यको कथानकबाट प्रभावित हुनेहरूलाई हर्षाश्रुमिश्रित नयाँ काव्य निर्माण गर्ने शुभकामना दिइएको छ । यसलाई नयाँ पुस्ताप्रतिको सम्प्रेष्य सन्दर्भ मान्न सकिन्छ ।

आर्य सभ्यताको पुनर्जागरणका लागि सम्प्रेष्य सन्दर्भहरू यस महाकाव्यको अर्को महत्त्वपूर्ण पक्ष मान्न सकिन्छ । दूरदर्शी देवकोटा वर्तमान मानिसले सिक्नुपर्ने आदर्श जति प्राचीनतामै विद्यमान देख्छन्, उनका अनुसार कोलाहल र अस्थिरताले विषाक्त बनी मृत्युवत् बाँचिरहेको आजको जीवन यात्रीलाई एकैछिन भए पनि वर्तमानतिर पर्दा लगाई शाकुन्तलरूपी वृन्दावनमा विचरण गर्नुपर्छ भनी कर्मयोगी र उदाहरणीय व्यक्तित्व बन्न अतीतको यात्रा गर्नुपर्छ भन्ने सन्दर्भ प्रेशित गरेका छन् । जस्तैः

यात्री आज बनूँ अतीत युगका, सम्झूँ त त्यो भारत,
ब्यूँझाऊँ त सुषुप्तभाव अधिका, पर्दा लगाऊँ यता ।
यो कोलाहल बिर्सिऊँ, मृतकको यो नामको जीवन,
पाल्नोस् सज्जनवृन्द यो रसिकको मीठो छ वृन्दावन ।
(सर्ग १/श्लोक ९)

विवेच्य काव्यमा अतीतप्रतिको सुषुप्त भावलाई ब्युँझाएर अतीततर्फ फर्काउँदै प्राचीन आर्य सभ्यताको पुनर्जागरणको स्तर मुखरित गर्ने भाव सिङ्गो कृतिकै महत्त्वपूर्ण सम्प्रेंष्य सन्दर्भ हो । जीवनलाई आदर्श र गरिमामय बनाउनका लागि यस्ता थुप्रै श्लोक यस क्रममा आएका छन् । त्यस्तै विवेच्य कृतिमा युग चेतनाको समावेशका सन्दर्भमा पनि केही उपयोगी सम्प्रेष्य सन्दर्भ प्रस्तुत गरेको देखिन्छ । आर्यगाथा, दुष्यन्त-शकुन्तलाका प्रणय प्रसङ्ग र अन्य केही पात्रहरूका क्रियाकलाप मूलकथाकै परिवेशका भएर पनि धेरथोर रूपमा काव्य रचनाकालतिरका परिवेश र पात्रहरूको झझल्को दिन आएका छन् । जस्तैः ८ औं सर्गमा पोल्टामा भुटेका मकै राखेकी शकुन्तला, १८औं सर्गमा गर्भवती छोरीलाई

माइतीमा राख्न नचाहने बाबु कण्व, १९ औँ सर्गमा धाममा बसी शकुन्तलालाई ठुङ मारिदिने गौतमी, २० औ सर्गमा नेपाली समाजकै परिवेशमा बसी अतिथि सकारमा रमाउने किसान जस्ता पात्रहरू नेपाली समाजकै जस्ता देखिन्छन् भने २१ औँ सर्गमा दरबारमा आएका सर्वसाधारणलाई क्षुद्र व्यवहार गर्ने सेनाहरू र त्यहाँको राजभाषा (लिइबक्सियोस्, खाइबक्सियोस् भन्ने)ले तत्कालीन नेपाली दरबारीमा परिवेशलाई बुझाएका छन् । त्यस्तै शकुन्तलालाई भित्रभित्र चिनेझैँ लाग्दालाग्दै बाहिर प्रेममा कलङ्क लगाउने दृष्यन्तलाई मूलकथामा भन्दा उग्र बनाई राणाकालीन सामन्ती शासकको छवि दिन खोजिएको छ । यता निश्छल प्रेम गर्दा वेश्या सावित गर्न खोज्ने राजासँग मूलकथामा निडर अभिव्यक्ति दिन सक्ने शकुन्तलालाई निरीह बनाइदिनुले राणाकालीन नेपाली नारीहरूको अवस्था चित्रण गर्न खोजेको देखिन्छ । त्यसैले समग्रमा भन्ने हो भने भाव गाम्भीर्यमा आएका अन्य पक्षजस्तै समसामयिकताको मिश्रणले पनि महाकाव्यमा प्रशस्त मौलिकता आएको छ । सायद यस्तै प्रवृतिलाई सङ्केत गर्नको लागि होला, महाकविले 'सिकून् कविहरू यो काव्यमा चातुरी' (१/३१) भन्दै कविहरूलाई काव्य चातुरी सिक्ने सल्लाह दिन्छन् । प्रथम सर्गको १५ औँ श्लोकअनुसार महाकविले हृदयाकाशमा सौन्दर्य फैलाउँदै युगचेतनाको समावेश भएको बस्ती बसाउन चाहन्छन् । यस बस्तीमा आफू बसी कला-साहित्यको सौखिन कुवेर बन्ने उनको उत्कृष्ट अभिलाषा छ ।

विवेच्य महाकाव्यको अर्को अद्वितीय सम्प्रेषण सन्दर्भ लेखकीय स्वाभिमान संरक्षण हो । आफूले गर्न थालेका साधनाका अगाडि देखापर्ने सङ्घर्षलाई स्रष्टा स्वयंका आत्मगौरवले मात्रै जित्न सकिने कुरामा महाकवि विश्वस्त छन् । वास्तबमा कोइलीको सुमधुर स्वर भए तापनि अरू पक्षीहरूले वासन्ती ध्वनि उरालिरहने एवम् प्रकृतिप्रदत्त भ्यागुतो कर्कस स्वर उसको पापीपन नभएको, गौरीशङ्कर हिमशृङ्खलाका अगाडि सामान्य चुचुराहरू पनि नझुकेरै ठडिएका दृष्टान्त देखाई कालीदासीय काव्यका अगाडि सगौरव नेपाली शाकुन्तललाई जन्म दिएको देखाएका छन् । जस्तैः

कालीदास भनेर कोकिल अरू, काला भए तापनि,
कुँज्दैछन् वनमा न अड्छ तिनको आफ्नो वसन्ती ध्वनि ।
के मण्डूक कराउनू प्रकृतिले पापीपना हुन्छ र ?
गौरीशङ्करको नजीक चुचुरा उठ्छन् अरू वामन ।
(सर्ग १/श्लोक २१)

प्रस्तुत श्लोकांशबाट पनि सिर्जना प्रेमीका लागि प्रेरक बनेको देखिन्छ । हार्दिक प्रेमलाई महत्त्वपूर्ण ठानेको यस महाकाव्यले कथानकको माध्यमबाट शृङ्गारलाई अङ्गी तथा अन्य रसलाई अङ्गरस बनाएको छ । चौबीस सर्गमा संरचित विवेच्य काव्यमा सबैलाई प्रेममा हार्दिकता राख्नु पर्ने सम्प्रेष्य सन्दर्भ व्यक्त गरिएको छ । जस्तैः

प्रेमै हो सिर्जनाको प्रथम विधि यही विश्व-आधार जान,
प्रेमै हो दिव्यताको मधुमय करुणा प्रेम हो विश्व-प्राण ।
प्रेमैले मिल्छ तारा, यसकन सबको धर्मको तत्त्व जान,
हेलाँ हो पाप भन्ने बुझ नृपवर यो प्रेम हो दिव्य गान ।
(सर्ग २४/श्लोक ७३)

बालक सर्वदमनको वीरता, शाश्वत प्रेमको विजय, नायक-नायिकाको पुनर्मिलन र दरबार प्रवेशले मानिसमा-आध्यात्मिक चेतनाको सङ्गम हुनुपर्ने सम्प्रेष्य सन्दर्भ मूलरूपमा प्रस्तुत काव्यका घटनावली बन्न आएका देखिन्छन् ।

३. उपसंहार

मानव समाजमा प्रौराणिक प्रसङ्गको मूलस्वर स्थापित गर्दै महाकविका स्रष्टा, द्रष्टा र भोक्ता हृदयबाट प्रकट हुन पुगेका दार्शनिक चिन्तनहरू नै शाकुन्तल महाकाव्यका अमूल्य

सम्प्रेष्य सन्दर्भ हुन् । यस महाकाव्यका ठाउँ-ठाउँमा वर्णित यिनै साङ्केतिक सन्दर्भहरूलाई मात्रै मनन गर्ने हो भने पनि जागरुक व्यक्तित्व निर्माणका अङ्चनहरू स्वतः हराउन सक्ने सम्भावना देखिन्छ । विशेषतः तपोवन सभ्यतामा हुर्किएकी शकुन्तला र हस्तिनापुरको राजसी सुखसयलमा हुर्के बढेका दुष्यन्तको मिलनबाट भौतिक-आध्यात्मिक गुणयुक्त भरतको जन्मको कथालाई आधार मानेर लेखिएको विवेच्य महाकाव्यमा व्यक्तिमा आध्यात्मिक एवम् भौतिक दुवै गुण हुनुपर्ने सन्दर्भलाई सम्प्रेषण गरिएको छ । महाकाव्यका पूर्वीय काव्यसूत्रलाई अवलम्बन गर्दै लेखिएको विवेच्य काव्यमा मौलिकता समावेश गरिएको छ भने प्राचीन आर्य सभ्यताको जगेर्ना गर्नुपर्ने सन्दर्भलाई मूल स्वरको रूपमा सम्प्रेषण गरिएको छ ।

नेपाली साहित्यको कविता विधातर्फ आधुनिक कालमा मौलिक महाकाव्यको श्रेय प्राप्त गर्न सफल शाकुन्तल महाकाव्य पौराणिक स्रोतबाटै जन्मलिएर पनि देवकोटेली गाङ्गेय भावप्रवाहद्वारा विशिष्ट काव्यात्मक उचाइमा पुगेको देखिन्छ । विवेच्य कृतिको प्रकाशन पश्चात् नेपालीमा मौलिक महाकाव्य लेखनको क्षेत्र फराकिँदै गएको पाइन्छ । विशेषगरी मौलिकताको सीमालाई फैलाउँदै दस दिनमा **सुलोचना** महाकाव्यको रचना गर्न सफल देवकोटाले **महाराणा प्रताप**, **वनकुसुम**, **पृथ्वीराज चौहान, प्रमिथस** जस्ता महाकाव्यहरू लेखे । यी सबै महाकाव्यहरूमध्ये शाकुन्तल प्रकाशन एवम् महाकाव्यीय श्रेय प्राप्त गर्न सफल छ । यस महाकाव्यमा सम्प्रेष्य सन्दर्भहरू प्रशस्त छन् र यिनले काव्यको उचाइलाई माथि उकासेको देखिन्छ ।

वास्तवमा शाकुन्तल बारेमा जे जति अध्ययन अनुसन्धान गरिएका छन् । तिनबाट महाकाव्यका पाठकहरू अवश्य पनि लाभान्वित नै भएका छन् । देवकोटीय भाव भगीरथबाट प्रवाहित अजस्र प्रतिभा प्रवाहमा पौडिन रहर गर्ने तर कुशलतापूर्वक पार गर्न नसक्नेहरूका लागि यिनीहरू निकै सजिला साँधु बनिदिएका छन् । तथापि शाकुन्तलमा अवस्थित सिन्धुको खास गहिराइ नाप्न सबैलाई धौ धौ परेको छ । त्यसैले यसका लागि निश्चित समय र सीमामा रहेर गम्भीर चिन्तद्वारा नीरक्षीर विवेचना गरिनु आवश्यक देखिन्छ ।

सन्दर्भ ग्रन्थ

१. अर्याल, भगवती **नवलपरासीको साहित्यिक गतिविधि**, त्रि.सा.प., लालीगुराँस मासिक, देवचुली, नवलपरासी, २०६३)

२. देवकोटा लक्ष्मीप्रसाद भूमिका **शाकुन्तल** महाकाव्य ललितपुर, साझा प्रकाशन, छैटौं संस्करण-२०५४

३. जोशी कुमारबहादुर **देवकोटा र उनका महाकाव्य**, काठमाडौं साझा प्रकाशन, तेस्रो संस्करण-२०५२)

४. श्रेष्ठ दयाराम र शर्मा, मोहनराज **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** २०४० ।

५. लामिछाने, बुनू **सुलोचना** महाकाव्यको विश्लेषण, काठमाडौं डबली प्रेसु-बल्खू २०५८ ।

६. देवकोटा, लक्ष्मीप्रसाद **सुलोचना** (नवौ संस्करण) ललितपुर साझा प्रकाशन २००३ ।

७. **श्रेष्ठ** दयाराम 'सम्भव', **नेपाली साहित्यका केही पृष्ठ**, ललितपुर, साझा प्रकाशन २०३२ ।

❖❖❖

नाटक

भानुभक्त

■ विमल खनाल

(एक जना व्यक्ति भानुभक्त बन्छ। ऊ स्टेजको वरिपरि घुम्छ र कुर्सीमा गएर बस्छ। ऊ टोलाउँदै विभिन्न हाउभाउ गर्न थाल्छ।)

सक्षम : (भानुभक्तको वरिपरि घुम्छ। उसले भानुभक्तलाई चिन्दैन अनि बोल्न थाल्छ।)

यो को मान्छे हो, थाहा छ तपाईंहरूलाई ? बिर्खे टोपी लगाएको छ, दौरा सुरुवाल पनि लगाएको छ, अझ कालो कोट पनि छ ,काला काला जुत्ता पनि छन्। छिः छिः छिः कस्तो पाखे रहेछ।

नोर्विन : हो हो हो कस्तो पाखे। मान्छे भएपछि त यस्तो पो हुनुपर्छ। (आफ्नो लुगा जुत्ता देखाउँदै, लुगा घुडाँमा फाटेको, पाइन्ट, जुत्ता पनि त्यस्तै)

(यसै बीचमा भानुभक्तको कविता सुनिन्छ)

भर्जन्म घाँसतिर मन् दिई धन् कमायो

नाम् क्यै रहोस् पछि भनेर कुवा खनायो...

सक्षम : यस्तो झारे गीत पनि कोही सुन्छन्, बन्द गर। कुन भाषा हो यो ? बेकारको टाइम पास। के तपाईंहरूलाई मन पऱ्यो र ? के मन पर्थ्यो तपाईंहरूलाई पनि ?

नोर्विन : तपाईंहरू र मलाई मन पर्ने गीत त यस्तो पो हुन्छ।

(अँग्रेजी गीत बज्छ, दुवै जना मस्त नाच्छन्)

भनुभक्त : (झोक्किदै जुरुक्क उठेर) बन्द गर यो हल्ला।

दुवै जना तर्सिन्छन्। (गीत बन्द हुन्छ)

दुवै जना: अझै पनि चिन्न सकिएन बा यो मान्छेलाई।

(यसै बीचमा तेस्रो व्यक्ति स्टेजमा प्रवेश गर्छ, सरासर जान्छ र भानुभक्तलाई नमस्कार गर्छ)

नासिर : आदिकवि भानुभक्त। नेपाल एकीकरणमा भाषाका माध्यमबाट एक पार्ने कवि। तिमीहरूलाई लाज लाग्दैन, यस्ता कविलाई पाखे भन्न। एक पटक आफूलाई हेर त त्यो पहिरन छिः छिः छिः नेपाली भएर पनि यस्तो ? घिन लाग्यो मलाई त। सुन हाम्रा आदिकविका रचनाहरूः

एक् दिन् नारद सत्यलोक् पुगि गया
लोक्को गरूँ हित् भनी।

ब्रह्मा ताहिँ थिया पऱ्या चरणमा
खुसी गराया पनी॥

क्या सोध्छौ तिमी सोध भन्छु म भनी
मर्जी भयाथ्यो जसै।

ब्रह्माको करुणा बुझेर ऋषिले
बिन्ती गराया तसै॥

हे ब्रह्मा जति हुन् शुभाशुभ सबै
सुनी रह्या छन् कछू ।

बाँकी छैन तथापि सुन्न अहिले
इच्छा म यो गर्दछू ॥

आऊला जब यो कली बखतमा
प्राणी दुराचार् भई ।

गर्न्याछन् सब पाप् अनेक् तरहका
नीच्का मतीमा गई ॥.....

श्रीभाली : (स्टेजमा प्रवेश गर्दै) आहा ! कस्तो राष्ट्रभक्ति भएको गीत यस्तो पो हुनुपर्छ कविता तथा गीतहरू, देशभक्तिले भरिएका । आज हामीले बिर्सिएका छौँ **रामायण, वधुशिक्षा, भक्तमाला** जस्ता काव्य र कविता लेखी नेपाली भाषा र नेपालीलाई चिनाउने कविलाई । त्यसैले म भन्छु, हामी पश्चिमा संस्कृतिको नक्कल गर्ने होइन, नेपाली संस्कृतिको संरक्षण गरौँ, के होइन त ? तपाईंहरूलाई कस्तो लाग्छ ?

सक्षम : हो हो हो आजदेखि मेरा पनि आँखा खुले । म त मेरो नेपाली भषा र साहित्यलाई माया गर्छु, तिमीले नि ?

नेर्विन : किन नगर्नु म पनि माया गर्छु । म मात्र होइन हामी सबैले माया गर्नु पर्छ, होइन त साथीहरू ?

भानुभक्त : (जुरुक्क उठ्दै) नानी बाबु हो म पनि आज एउटा गरिब घाँसीको प्रेरणाले कवि बने । तिमीहरू पनि ठूलो मान्छे बन्नू । आफ्नो भाषा संस्कृति र देशलाई कहिल्यै नबिर्सिनू है । जाऊ अब रात परिसक्यो आफ्नो घरतिर । म पनि फेरि स्वर्गलोकतिरै फर्कन्छु ।

❖❖❖

समय र संविधान

■ **नारायण 'गोदारे'**

शान्तिमय समय
चील बाभ्हरूले च्यापेर
ठुङ मार्दै छन् कल्पवृक्ष बसेर
नङ्ग्याउँदै छन्
चथरा पार्दै आङ्गप्रत्यङ्ग
कोपर्दै संविधानको
खिल्ली उडाइरहेछन्
म हावा हूँ
म पानी हूँ
म तेज हूँ
म माटो हूँ
म आत्मतत्त्व हूँ शान्तिको
अनि संविधानको
म समष्टिमा खसिइरहन्छु
शीतल पङ्खा बनेर
म सरसर झरझर कलकलाइरहन्छु
तृप्त गङ्गाजल बनेर
म तेज प्रकाश हृदयको
सृष्टि थेग्दै हुन्छु प्रकाशपुञ्ज भएर
म धर्ती उर्वराउने गर्दछु
जीव वनस्पति भरपूर खजाना गर्भमा लिएर
म आत्मतत्त्व मिलन हुन्छ ईश्वरमा गएर
शान्ति देऊवा शान्ति
शान्तिरेव शान्तिका ऋचा पाठ हुँदै छन्
संविधान मूल आधार चल्दै छन् भरपूर सभाहरूमा
छलफल गरेर,
ए चील र बाजहरू होसियार !

धनुषा

कथा

बालहित पुरस्कार

■ चन्द्रश्री कार्की

आज जिल्ला सदरमुकाममा उत्सवको माहौल छ, सभाहलमा जिल्लाका वरिष्ठ समाजसेवी शान्तिरामजीको सम्मान कार्यक्रम रहेको छ। दिउँसो १ बजे हाइस्कुल प्राङ्गणबाट बाजागाजासहितको जुलुसको अग्रभागमा खुल्ला जिपमा शान्तिरामजीलाई फूलमालाले सुसज्जित पारेर नगर परिक्रमा गर्दै जुलुस सभाहलमा पुग्यो। सदरमुकाम र आसापासका स्कुलका स-साना बालबालिका पनि जुलुसमा सामेल गरिएको थियो ठूलो सङ्ख्यामा। अरू त केही बजारिया साहु, महाजन, जनप्रतिनिधिहरू र शान्तिरामकै नातागोता मात्र देखिन्थे।

शान्तिरामजीले बालबालिकाको क्षेत्रमा उल्लेखनीय काम गरेको आधारमा यो वर्षको राष्ट्रिय बालहीत पुरस्कार प्राप्त गरेकोमा जिल्लाबासीको तर्फबाट उनको अभिनन्दन कार्यक्रम आयोजना गरिएको थियो। मञ्चमा जिल्लाका प्रमुख राजनैतिक दलका मुख्य नेताहरू, प्रजिअ लगायत कार्यालय प्रमुखहरू, समाजसेवी र नागरिक समाजका गिनेचुनेका व्यक्तिहरू आसन जमाएका थिए। अग्रभागमा त स्कुलका शिक्षकहरू र विद्यार्थीहरू पलेटी कसेर बसेका अनि बजारमा रल्लिने झल्ला टाइप केटाहरू हल्ला गर्दै थिए। बजारिया साहु, महाजन र शान्तिरामका आफन्त नातागोताहरू कुर्सी ओगटेर बसेका थिए। चार बजेसम्म शान्तिरामजीको व्यक्तित्व र समाजसेवाको बखान गर्दागर्दै, केही वक्ताले उनीबाट असहाय बालबालिकाको उद्धार र लालनपालन गरेको गाथा वर्णन गरे। जिल्ला बालकल्याण समितिका संयोजक प्रमुख जिल्ला अधिकारीले शान्तिरामजीले राष्ट्रिय पुरस्कार प्राप्त गरी जिल्लाको गौरव बढाएको उल्लेख गर्दै अभिनन्दन पत्र हस्तान्तरण गरे।

बिचरा बाल-बालिका भोकप्यासले छटपटाइरहेका थिए। ठूलाबडाका लागि कोक फेन्टा मासु चिउरा बाँडिदै थियो भने बालबालिकालाई चाहिँ दुईटा चकलेट। बडो रमाइलो चाहिँ के देखियो भने जलपान लिएर आएका दुब्ला थाङ्ने केटा थिए जो शान्तिरामजी कै होटलबाट आएका थिए।

बीस वर्षअघि एउटा कित्ली र चार छवटा ग्लास बोकेर सदरमुकाम पसेको सन्ते चियावाला भाग्यले नभई कर्मले शान्तिराम साहु भएका हुन्। बिहान ५ बजेदेखि पहिलो पटक हाकिम कर्मचारीका टेबुल टेबुलमा चिया पुऱ्याउने सेवा पुऱ्याएका हुन्। उनको व्यापार बढाउने मद्दत पुग्यो। तीनचार वर्षभित्रै ऐलानी पर्ती जग्गामा टहरा बनाएर खाना खुवाउने शान्ति होटल सुरु गरेपछि उनको हैसियत बढ्दै गयो। टहरो बिस्तार हुँदै शान्तिरामको पहुँच बढ्दै गयो। सर्वे नापी हुँदा वडाअध्यक्षसँग मिलेर त्यो पर्ती जग्गा आफ्ना नाममा दर्ता गराउन सफल भए। आखिर नापीका अमिन हाकिम सबैको खानपिन त उनकै होटलमा हुन्थ्यो। शान्ति होटल दिन दुई गुणा रात चौगुणा उन्नति गर्दै गयो। छाप्रोको ठाउँमा पक्की भवन बन्दै गयो। भुँइतलामा एकै पटक चालीस पचास जना खाना खाने व्यवस्था गरियो। शान्ति होटल एन्ड लजमा परिणत भएपछि पचासवटा कोठा तीन तलामा व्यवस्था भयो। मासिक खाना खाने कर्मचारी शिक्षक प्राध्यापक विद्यार्थी नै पचास जना थिए। शनिबार र सरकारी बिदाको दिन बाहेक अरू दिन खाना खाने जलपान गर्ने र साँझ परेपछि सेकुवा

सोमरसको भीड हुन्थ्यो । शान्ति होटलले भीड धान्न कठीन हुँदै गएपछि नजिकै आकर्षक बाँस, काठ र पराले छाप्रो बनाएर श्रेष्ठ रेष्टुरा बार एन्ड सेकुवा कर्नरको बोर्ड टाँसियो– कान्छो सालाको म्यानजरीमा । शान्तिरामजीको उन्नति प्रगतिमा परिवारको साथ सहयोग हुनु त स्वाभाविकै हो, त्योभन्दा बढी योगदान त गाउँघरबाट उछिट्टिएर आइपुगेका नाबालक केटाहरूको थियो ।

दश बाह्र वर्षअघि एक जना एनजिओका हाकिम शान्ति होटल लजमा तीनचार महिना डेरा जमाएर बसे, आफ्ना सारा काम त्यहींबाटै सञ्चालन गरेर । शान्तिराम साहुसँग साँझ- बिहान उठबस हुँदा गजबका आइडिया दिएछन् एनजिओका हाकिमले ।

शान्ति अनाथ बाल विकास केन्द्रको साइनबोर्ड टाँसियो, साहु शान्तिरामको माथिल्लो तलामा । जहाँ उनी सपरिवार बस्थे, केन्द्रको सञ्चालक समितिमा मुख्यपद अध्यक्ष उनी आफैं, उपाध्यक्ष श्रीमतीसहित सबै पदाधिकारी भान्जा, भतिजा, साला थिए । होटल र रेष्टुराँका सबै केटाहरूको नाम स्थानीय स्कुलमा लेखाइएको हुन्थ्यो, तिनीहरूसँग एक जोर स्कुल ड्रेस हुन्थे, केन्द्रबाट अथवा दातृनिकायबाट निरीक्षण गर्न आउँदा कक्षामा पुऱ्याइन्थे । होटलबाट भागेका केटाहरू चाहिँ केन्द्रको बालमन्दिर पुऱ्याइएको प्रचार गरिन्थ्यो ।

यो पटक दैव संयोग समाजकल्याण बालबालिका मन्त्री उनकै आफ्नै साली हुन पुगिन् जसको प्रसाद शान्तिरामलाई प्राप्त भयो– राष्ट्रिय बालहित पुरस्कार ।

तेह्रथुम

लघुकथा

सत्य केवल आकाश हो

■ **मुकुन्द न्यौपाने**

किन किन मलाई आज ललितपुर पाटन कुम्भेश्वरको बंगलामुखी भगवती दर्शन गर्ने इच्छा भयो । म बसद्वारा ललितपुर यातायात बसद्वारा पाटन ढोका पुगें । त्यहाँबाट क्वालखु हुँदै म बंगलामुखी पुगी दर्शन गर्ने लाइनमा बसें । लाइन त्यति लामो थिएन । लाइनमा बस्दाबस्दै मेरो आँखा महिला लाइनकी एउटी महिलामा पऱ्यो । म टोलाएँ अनि आफ्नो चश्मालाई झिकेर पुछें, अनि फेरि लगाएँ । महिला उनै सरु थिइन् । मेरी प्रेमिका ! मन निलो कालो हुँदै गयो, के गरौं के नगरौं भन्दै थिएँ, दर्शन गर्ने पालो आइसकेछ ।

म दर्शन गरी बाहिर आउँदा सरु थिइन् ! म जिल्ल पर्दै आफ्नो मनलाई "न यो दृश्यजगत् सत्य हो न स्वप्न जगत् ! सत्य केवल आकाश हो । बाँकी सबै छायाँ हो" यही नै मेरो सोझो उत्तर सम्झी सरुको यादलाई तिलाञ्जली दिँदै आफ्नो बाटो लागें ।

लाजिम्पाट-२, काठमाडौं

के तपाईंलाई थाहा छ ?

२०७१ को वर्ष पुस्तक आइसकेको छ र हामी २०७२ वर्ष पुस्तकमा जुटिसकेका छौं । २०७२ वैशाखदेखि चैत्रसम्म निस्केका पुस्तकहरूको हामी टिप्पणीसहित परिचय प्रकाशन गर्दै छौं । हामीलाई टिप्पणीका लागि पुस्तक वा परिचयका लागि जानकारी उपलब्ध गराउनुहोस् ।

साहित्य संवर्द्धन केन्द्र
शब्दार्थ प्रकाशन
चाबेल गणेशस्थान, काठमाडौं
४४९७३५१/९८४१४९६१०३

समालोचना

श्रीमद्भागवतामृत कृतिको समालोचना

■ डा. दामोदर ढकाल

विद्यावतां भागवते परीक्षा

सुन, वीर र पत्नीको परीक्षा क्रमशः आगो युद्ध र विपत्तिमा हुन्छ भने विद्वान् विद्वत्ताको परीक्षा भागवतमा हुन्छ । श्रीमद्भागवत गहनताले मात्र महनीय भएको होइन, यो त विश्व कल्याणकारी साँचो धर्मको वाङ्मय शरीर हुनाले सर्वग्राह्य बनेको हो । श्रीमद्भागवत वेदरूपी कल्पवृक्षको अमृतरसमय पाकेको फल हो, जसलाई भावुक कुनै पनि सज्जनरूपी सुगाले कदापि छोड्न सक्दैन । त्यसैले विभिन्न भाषाहरूमा यसको अनुवाद भएको छ । नेपाली भाषाहरूमा पनि यसका अनुवादहरू भएका छन् । इन्दिरस, विद्यारण्य केशरी, वसन्त शर्मा आदिले क्रमशः गोपिकास्तुति, युगलगीत र श्रीकृष्ण चरित्र आदि छायानुवाद भावानुवाद रचनाहरू प्रकाशित भएका, छन् । त्यस्तै यदुनाथ पोखर्‍यालको कृष्ण चरित्र पनि उल्लेखनीय नै छ । यी सबै आंशिक पद्यानुवाद हुन् । जुन अनुवाद सम्पूर्ण छन्, उनमा अत्यधिक भाषिक विकलता देखिन्छ । सुखसागर र कृष्ण चरित्र त सम्पूर्ण भागवतलाई नै नेपालीमा अनुवाद गरिएका कृतिहरू नेपाली समाजमा सुप्रसिद्ध नै छन् ।

यस्तै अन्य धेरै विद्वान्हरूले श्रीमद्भागवतका कथालाई सङ्क्षिप्तमा पद्यमा अनुवाद गरेका छन् उक्त सबै कृतिहरू पुराना अनुवाद हुन् । नयाँ अनुवादहरूमध्ये विद्वद्वरेण्य डा. स्वामी रामानन्द गिरीज्यूको गद्यानुवाद व्याख्या आफ्नो विशेषताले गर्दा सम्मान र चर्चाको शिखरमा छ । हुन त अध्यात्म वा भक्ति साहित्यमा विषयवस्तु र भाव भए पुग्दछ, भाषिक शुद्धता चाहिँदैन भन्ने भनाइ पनि छ । यस्तो भनाइ तबसम्म ठिक हुन्छ, जबसम्म भाषाको व्याकरण लेखिएको हुँदैन । वर्तमान समयमा नेपाली भाषालाई अँग्रेजीकरण, अशुद्धीकरण र अस्थिरीकरणरूपी त्रिशूलबाट प्रताडित गरिएको छ । यो चिन्ताको विषय हो ।

एक भाषाबाट अर्को भाषामा अनुवाद गर्ने परम्परा प्राचीनकालदेखि नै चल्दै आएको छ । प्रायः अनुवाद पद्यवाट गद्यमा र पद्यवाट पद्यमा नै पनि गर्ने परम्परा छ ।

पद्यानुवाद पनि दुई प्रकारका हुन्छन्, जसमा श्लोककेन्द्रित पहिलो प्रकार हो भने भावकेन्द्रित दोस्रो प्रकार हो । यीमध्ये श्लोककेन्द्रित अनुवाद उसै छन्दमा हुनु राम्रो मानिन्छ । त्यसमा एउटा ठूलो समस्याको पहाडले बाटो साह्रै दुर्गम बनाइदिन्छ । त्यो समस्या हो नेपाली पद्यमा अन्त्यानुप्रास परम्परा । संस्कृतजस्तो अति समृद्ध प्रशस्त पर्यायवाची शब्द सम्पत्ति रहेको भाषामा समेत नरहेको त्यस्तो अन्त्यानुप्रासको व्यवस्था नेपालीमा रहनु उक्त मान्यता तबसम्मका लागि ठीक थियो, जबसम्म नेपाली भाषाको कुनै मानक नै थिएन । अजन्त, हलन्त ह्रस्व, दीर्घजस्तो लेखे पनि हुन्थ्यो । अहिले त्यो अवस्था छैन । यसै कारण श्लोक केन्द्रित, अत्यानुप्रास उही छन्दमा अनुवाद यी कुराले सम्पन्न पद्यानुवाद गर्न समर्थ व्यक्ति अत्यन्त दुर्लभ हुन्छन् । शताब्दीमा कोही एक दुई व्यक्तिमात्र पृथ्वीमा जन्मिने गर्दछन् त्यस्तै

मध्येका एक उज्ज्वल नक्षत्र श्री फणिनारायण सिग्देल अहिले नेपाली भाषा साहित्य र विशेष गरेर अध्यात्म क्षेत्रमा झुल्किएको देखिन्छ । जसले श्रीमद्भागवतलाई पद्यमा उनै छन्दमा रचना गरेर 'श्रीमद्भागवतामृत' नामक ग्रन्थ प्रकाशित गरेका छन् ।

उक्त कृतिमा नेपाली भाषिक मान्यता र अत्यानुप्रासको पनि परिपालन गरिएको छ । ठूला छन्दका पद्यहरूको अनुवाद प्रायः उनै छन्द वा उस्तै उस्तै छन्दमा गरिएको छ । साना छन्दको अनुवाद प्रायः ठूला छन्दमा गरिएको छ । उक्त सबै पद्यहरू सररर पढ्दा पूर्णतया मौलिक रचनाजस्तै सहज रूपमा बगेका छन् । मूल श्लोकसित मिलाएर हेर्दा पूर्णतया मौलिक रचना जस्तै सहज रूपमा बगेका छन् । मूल श्लोकसित मिलाएर हेर्दा पूर्णतया अनुवादका रूपमा छन् ।

प्रस्तुत कृतिमा आ-आफ्ना क्षेत्रका सर्वमान्य विद्वान्हरूबाट यस कृतिको प्रशस्ति लेखिएको छ । त्यस्ता विद्वान्हरूमा श्रीदेवराज आचार्य, अध्यक्ष श्री वैष्णव परिषद् नेपाल, डा.स्वामी रामानन्द गिरी, महेश सन्यास आश्रम देवघाट, प्रा. हरिशरण उपाध्याय, निम्बार्क दर्शनकेन्द्र गैडाकोट, प्रा.डा. दीर्घराज घिमिरे, श्रीवेङ्कटेश्वर मन्दिर बत्तीस पुतली काठमाडौँ आदि रहेको देखिन्छ ।

श्रीमद्भागवतामृत ग्रन्थको प्रशंसा गर्दै विद्वद्वर श्रीदेवराजाचार्यद्वारा यसप्रकार लेखिएको छ –

'सर्वप्रथम पद्यात्मक नेपाली भाषामा श्रीमद्भागवतामृत टीका प्रस्तुत गर्ने.... श्री फणिनारायण सिग्देलज्यू हुनुहुन्छ.... यसमा द्वैत, अद्वैत र द्वैताद्वैत र शब्दतः नभए पनि विशिष्टाद्वैतको पनि केही अंश देखिएको छ । ...स्वल्प मस्तिष्कमा टीकाको भाव व्यक्त हुन नसके पनि भागवत मर्मज्ञको लागि कुनै कठिनाइ नहोला । यो कृति नेपाली साहित्य जगत्लाई ठूलो निधिको रूपमा आएको छ । सम्मति पत्रबाट यस कृतिको उच्च प्रशंसा गर्दै डा. स्वामी रामानन्दजीद्वारा प्रस्तुत विचार यसप्रकार छन्–

"भक्ति ज्ञान वैराग्य सबैलाई एउटै रसमा प्रवाहित गरिदिने श्रीमद्भागवतलाई नेपालीका सरल पद्यहरूमा भावानुवाद गरिएको थाहा पाउँदा असाध्यै खुसी लागेको छ । अनुवाद गर्ने काम त्यति सजिलो होइन । त्यसमा पनि श्लोक केन्द्रित अविकल स्तरीय पद्यानुवाद गर्न त झनै कठिन काम हो । झन् भक्ति र ज्ञानको गूढ रहस्य अनि साधना प्रणालीले भरिएको यस्तो ग्रन्थको अनुवाद अझै असजिलो काम हो । यस्तो असजिलो कामलाई पनि आफ्नो निरन्तरताको निष्ठाबाट सफल बनाउने विद्वान् हुनुहुन्छ । श्री फणिनारायण सिग्देल.... (शुभाशंसाबाट)

प्रस्तुत कृतिप्रति प्रा. हरिशरण उपाध्यायका विचार यसरी व्यक्त भएका छन् – "श्री सिग्देलका अनेक रचनाहरूमध्ये एक गौरवपूर्ण रचना हो 'परमहंश संहिता' श्रीमद्भागवतको प्रकाशित पद्यानुवाद । जसरी वाल्मीकि, रामायण आदि संस्कृत ग्रन्थहरूको सार सर्वस्व तुलसीकृत रामायणले भारतवासीहरूलाई 'राममय' बनाएको छ, जसरी नेपालका भानुभक्तको रामायण नेपालीमात्रको कण्ठहार बनेको छ, त्यसै गरी विद्वान् फणिनारायण सिग्देलको श्रीमद्भागवतको सरल र सरस पद्यानुवादले नेपाली मात्रलाई 'कृष्णमय' बनाउन सक्नेछ । .... शुभाशंसाबाट

यस कृतिको उच्च मूल्याङ्कन गर्दै प्रा.डा. दीर्घराज घिमिरेका विचार यस प्रकार प्रस्तुत भएका छन् –

'फणिनारायण सिग्देजीबाट प्रस्तुत पद्यानुवादले विषयवस्तुका कडा गाँठाहरूलाई फुकाइदिन्छ,

शास्त्रको आशयलाई छर्लङ्ग पार्दछ । यसमा पदविन्यासकलाको सफल प्रयोग छ र उनमा उस्तै कवित्वको माधुर्य छ" (अभिमति : बाट) ।

यस कृतिको समीक्षा श्री कमल रिजालद्वारा गोरखापत्रमा कृति समीक्षा शीर्षकमा लेखिएका विचार यस प्रकार छन्–

'उपर्युक्त विशिष्ट लब्ध प्रतिष्ठित विद्वान्हरूका महत्त्वपूर्ण उद्गारहरूबाट मात्रै पनि यस कृतिको अपूर्वता प्रमाणित हुन्छ ....। यस ग्रन्थका प्रकाशक श्रीवेङ्कटेश्वर मन्दिर बत्तीस पुतलीका तर्फबाट व्यक्त विचार यस प्रकार छन् –

वैदिक संस्कृतिको जगलाई मजबुत पार्ने उद्देश्यले संस्कृत अध्ययन नगरेका सम्पूर्ण सर्वसाधारण भक्तहरू पनि भागवत जस्तो महान् ग्रन्थको महत्त्वलाई बुझेर आफ्नो परम्परा एवं संस्कृतिको संरक्षण गर्न उद्यत हुन भनी भागवतका मर्मज्ञ, वैदिक संस्कृतका ज्ञाता पं श्री फणिनारायणज्यूले श्रीमद्भागवतको नेपालीमा पद्यानुवाद गर्नुभएको छ, जुन कार्य अत्यन्त स्तुत्य छ ।" ....

उक्त कृतिका केही पद्यहरू यस प्रकार छन्–

पहिलो श्लोक –

जन्मादि क्रम चक्र चल्छ भवको
जोबाट ती ईश्वर ।
सत्मा अन्वित छन् असत् विषयमा
छैनन् सदा छन् पर ॥
हुन् जन्मादि अनेक रूप उनकै
यी नाम रूपात्मक ।
यी तीनै स्थितिदेखि छन् तर पृथक्
ब्रह्म स्वराट् कौतुक ॥ १/१ पृ १

कविले छायानुवाद यसरी गरेका छन्–

जो कंसको कैद परेर देवकी
रुन्थिन् छुटायौ म छु ती समानकी
सन्तान साथै कविवार कष्टमा
परे बचायौ करुणा भई ममा
विषाग्नि साथै वनबासका कति,
ताऱ्यौ विपत् दुष्ट सभा दशा स्थिति
ब्रह्मास्त्रको त्रास रहेन युद्धमा
ब्रह्मास्त्र टाऱ्यौ नि अचूक हालमा ॥

पुष्पिताग्रा छन्दमा लेखिएको भीष्मस्तुतिलाई वियोगिनी छन्दमा यहाँ लेखिएको छ । श्लोक केन्द्रित उक्त अनुवादबाट मूल ग्रन्थका प्रत्येक श्लोकको मर्म बुझिन्छ । कविको कलम छायानुवादमा पनि अत्यन्त सफल देखिन्छ । द्वितीय स्कन्धको विराट् स्वरूपको वर्णन सद्योमुक्ति र क्रममुक्तिको वर्णन आदि विषय पनि उस्तै बेजोड रूपमा प्रस्तुत गरिएका छन् । चौथो अध्यायको शुकस्तुति नवौं अध्यायका सबैजसो पद्यहरू उदाहरणीय छन् । तृतीय स्कन्धको पाँचौ अध्यायको छायानुवाद पनि उत्कृष्ट देखिन्छ । आठौं अध्यायका सबैजसो पद्यहरू छायानुवाद गरिएका छन् । मूल ग्रन्थमा रहेका अलङ्कारहरू पनि यथास्थानमा उही रूपमा वर्णन गरिएको छ । ब्रह्मस्तुति, वैकुण्ठ वर्णन, साङ्ख्यतत्त्व वर्णन पनि पर्दछ । त्यसलाई पनि यहाँ सरल र सहज रूपमा प्रस्तुत गरिएको छ । जस्तै:

आकाशको रविजल - प्रतिविम्बबाट, आभाष
हुन्छ उसको पनि भित्तिबाट ।
त्यो ईश विम्ब उनको प्रतिविम्बयुक्त,
जानिन्छ हृदगत अहङ्कृतिबाट मुक्त ॥
जस्तै अहङ्कृति गुणत्रययुक्त रूप
देखिन्छ देह मन इन्द्रियमा स्वरूप ।
त्यो चित्त भित्र हरिको प्रतिविम्ब पर्छ
त्योबाट सूर्यसरि नै प्रभु देख्नुपर्छ ॥

श्रीमद्भागवतामृत पृ. १२०

२८ औं अध्यायका ध्यान योगका प्रत्येक श्लोकहरू उदाहरणीय रहेका छन् । दुःखी मानवको पूजा नगरी मूर्तिपूजा मात्र गर्नु धर्म होइन, मूर्तिपूजाको उद्देश्य मानव पूजा नै हो भनी आमा देवहुतीलाई तत्त्व बुझाउँदै भगवान् कपिल भन्नुहुन्छ–

आत्मा स्वरूप सबमा रहने मलाई,
छोडेर जो अबुझ पुज्दछ मूर्तिलाई ।
त्यो भस्ममा हवत तुल्य वृथा छ कर्म,
मिल्दैन शान्ति उसबाट हुँदैन धर्म ॥
जो वैर गर्छ अरूमा त्यसबाट मेरो,
सोझै हुनेछ अपमान सबै म मेरो ।
सम्मानले जति पूजोस् उसले तथापि,
सन्तुष्ट हुन्न उसमा त्यसरी कदापि पृ. १२४

एकतिसौं अध्यायको जीवस्तुति पनि अत्यन्त मनोहर छ ।

पाचौं स्कन्धमा ब्रह्माजीद्वारा प्रियव्रतलाई सम्झाएको प्रसङ्ग होस् वा ऋषभशिक्षा अथवा भरत रहुगणका प्रसङ्ग सबै अत्यन्त उत्कृष्ट शैलीमा प्रस्तुत गरिएका छन् । भवाटवी वर्णनको पद्यानुवाद पनि निकै प्रभावकारी छ ।

यमदूत कथनको अनुवाद यमदूत र देवदूतका बीचको संवाद नारदजीका गूढ प्रश्नहरू कृतद्युति रानीको विलापको जीवन्त छायानुवाद पढ्दा कसको मन नरोला ? चित्र केतु राजाले गरेको सङ्कर्षण स्तुति, प्रह्लाद र हिरण्यकशिपुको संवाद, दैत्य बालकहरूलाई प्रल्हादले दिएको शिक्षा, अत्यन्त सरल ढङ्गले प्रस्तुत गरिएको पाइन्छ । नृसिंहस्तुतिका पद्यहरूको भागवत प्रेमी कुन रसिकको मन न तानिएला ? यस्तै अवधूत शिक्षामा लेखिएको छ –

आफ्नो हो त्यति मात्र पेट जतिले भर्ने छ धेरै लिने ।
चोरै हो दिनुपर्छ दण्ड उसमा हो दिनमा त्यो दिने ॥

मूर्तिपूजाको उद्देश्य मानवपूजा नै हो । पहिला मानवपूजा नै हुन्थ्यो भन्ने कुराको पनि वर्णन छ । समुद्र मन्थन प्रसङ्ग, बलि वामन संवाद, अम्बरीष राजाको प्रसङ्ग, देवकीलाई हत्या गर्न खोज्ने दाजु कंसलाई वसुदेवले सम्झाएको प्रसङ्ग, गर्भमा रहेका विष्णुको ब्रह्माबाट गरिएको स्तुति आदि श्रीमद्भागवतका महत्त्वपूर्ण प्रसङ्ग हुन् । जुन प्रसङ्गलाई यहाँ अत्यन्त सरल ढङ्गले प्रस्तुत गरिएका छन् । वसुदेव र देवकीले गरेका भगवान्का स्तुतिहरू, कृष्णका बाललीला, गाईबाच्छा चराउँदाका खेलहरूको वर्णन, वेदस्तुति, ब्रह्मस्तुति आदि छायानुवाद गरिएका छन् । दशमस्कन्धको २० औं अध्यायको अलङ्कारमय अनुपम प्रकृतिको वर्णन गरिएको छ । २१ औं अध्यायको वेणुगीत पनि मनोहर रूपमा प्रस्तुत गरिएको छ । इन्द्रकृत श्रीकृष्णस्तुति, रास पञ्चाध्यायी, गोपीगीत, युगलगीत, अक्रुरकृत स्तुति गोपी उद्धव संवाद श्रीकृष्णप्रति गोपिनीहरूको अनुराग, राजा मुकुन्दद्वारा गरिएको भगवान्को स्तुति, रुक्मिणी कृष्ण संवाद, उषा विवाह प्रसङ्ग, शिवजीद्वारा गरिएको भगवान्को स्तुति, जरासन्धको वध र राजाहरूद्वारा गरिएका वन्दना, सुदामा चरित्र, वसुदेवानन्द समागम, वेदस्तुति आदिका प्रसङ्गहरूमा अनुवादकको विशेष ध्यान केन्द्रित भएको पाइन्छ ।

एकादश स्कन्ध श्रीमद्भागवतको सार सर्वस्व हो । अध्यात्म ज्ञानले भरिपूर्ण यस स्कन्धमा सिग्देलजीको कवित्व र विद्वत्ताको चरम उत्कर्ष देखिन्छ । अध्यात्म शिक्षा सम्बन्धी प्रत्येक पद्य उदाहरणीय र अनुपम छन् । दत्तात्रेय मुनिले २४ गुरुहरूबाट प्राप्त गरेका शिक्षाहरूको वर्णन, प्रसङ्ग, कुमार-हंस संवाद, उद्धवलाई श्रीकृष्णद्वारा आत्मतत्त्वको ज्ञान, बाह्रौ स्कन्धमा कलियुगको कुप्रभावको वर्णन आदि श्रीमद्भागवतका महत्त्वपूर्ण अंशलाई विशेष ध्यान दिएर कतै छायानुवाद त कतै भावानुवाद गरेर कवि सिग्देलजीले श्रीमद्भागवतामृत नामको दुर्लभ अर्पूव अमृतफल नेपाली समाजलाई दिएको देखिन्छ । यस कृतिको प्रचारप्रसार गरी जनसमक्ष पुऱ्याएर यसको स्वाद

चखाउनु प्रत्येक आस्तिक बुद्धिजीवीको परम कर्तव्य हो भन्ने मलाई लागेको छ। कभर र भूमिका आदि पृष्ठ बाहेक ६५८ पृष्ठमा यो कृति विस्तारित छ। अग्रभागमा श्रीकृष्णको चित्र पृष्ठभागमा अनुवादकको परिचय तथा श्री वेंकटेश मन्दिरको चित्र राखिएको छ। राष्ट्रपति रामवरण यादवबाट २०७१ सालको चतरा धरानमा लागेको कुम्भको बेलामा यसको विमोचन भएको छ। एक हजार प्रति छापिएको प्रस्तुत कृति कृतिरत्नका रूपमा आएको छ। कविले यस कृतिमा प्राय : सबैजसो छन्दलाई नर्तकीलाई नचाए झैं नचाउन सफल भएको देखिन्छ।

अनुवाद गर्न अत्यन्त कठिन कार्य हो। अनुवाद गर्दा भाषा शुद्ध हुनुपर्दछ। सकेसम्म छायानुवाद वा उसै छन्दमा अनुवाद हुनुपर्दछ। अनुवादका कठिन मापदण्ड अनुरूप रहेर यहाँ कविले अनुवाद गरेको पाइन्छ। यस्ता रचनाबाट एकातिर नेपाली भाषाको श्रीवृद्धिमा अतुलनीय योगदान पुग्दछ भने अर्कातिर आफ्नो संस्कृति र अध्यात्म जगत्सित पाठक जोडिन पुग्दछन्। जसबाट आफ्नो पहिचान र अस्तित्व राख्न सजिलो हुन्छ। यति ठूला ग्रन्थको पद्यानुवाद गर्न वर्षौंको साधना र तपस्याबाट मात्र सम्भव हुन्छ। त्यसैले यस्ता अति विशिष्ट प्रकारका पद्यानुवादहरूको उच्च मूल्याङ्कन गरिनुपर्दछ।

सहप्रा.भैरहवा ब.क्याम्पस

शेषान्त

■ **विनयकुमार शर्मा नेपाल**

खरानी बनेर डढ्यो
राख बनेर उडयो
शेष रहेनन् इच्छाहरू
शेष रहेनन् जीवनका डोबहरू
प्रत्येक पाइलामा धोखा
प्रत्येक पाइलामा शङ्का
एउटा मान्छेको जीवन
न पत्थरको हुन्छ
न जन्तुको हुन्छ
न वनस्पतिजस्तो हुन्छ
गतिशीलताले
क्रियाशीलताले
चेतना बल्झिँदै जान्छ
र, मान्छे
मान्छे बन्छ
तर
शेष रहेनन् अब रहरहरू
शेष रहेनन् अब उल्लासहरू
र, शेष रहेनन् कुनै
श्वासप्रश्वासका विचारहरू।

❖❖❖

क्रोधबाट सुरु भएका हरेक कुराहरू लज्जास्पद ढङ्गले समाप्त हुन्छन्। – **बेन्जामिन फ्रेङ्कलिन**

जो भविष्यसित डराउँदैन, उसले वर्तमानको आनन्द लिन सक्छ। – **विवेकानन्द**

हे ईश्वर ! मलाई मित्रहरूदेखि बचाइदेऊ, शत्रुहरूसँग त म आफैं बच्न सक्छु। – **भोल्तेयर**

यो देश मेरो कसले भन्ने ?

■ जनार्दन अधिकारी 'धड्कन'

म मधेसी हुँ, म पहाडी हुँ, म हिमाली हुँ
मेचीदेखि महाकालीभित्र
अब कसले भन्ने म नेपाली हुँ ?
निरक्षर सन्तानहरू
अभिभावकको कारण साक्षर भए
अझै पढ्छु भन्दै विदेश गए,
दुई चार वर्षपछि
त्यही देशको नागरिक भए
आफ्नै देशमा विदेशी पासपोर्ट बोकेर घुम्न आए
लौ भन अब यो देश मेरो कसले भन्ने ?
भाषा फेरिएको छ
भेष फेरिएको छ
जिन्दगी पनि फेर्छु भन्थ्यो सधैँ
के गर्ने उही समस्याले घेरिएको छ
बर्मा गए पनि कर्म सँगै
नेपाल छोडे पनि कपाल सँगै
हिजो पुर्खाहरू थिए
आज हामी वर्तमान
भविष्य भनेर भोलि सन्तति आउनेछन्
त्रिकालको संसार छ, घुमिरहन्छ
मेरो देश भन्ने भए आऊ
एकताको प्रतीक चन्द्रसूर्य अङ्कित
देशको झण्डा समाऊ
आफ्नै देशको संस्कृति
मारुनी, सोरठी र भ्याउरेमा रमाऊ
थाहा छैन पुनर्जन्म,
हजारौँ वर्षदेखि यही चन्द्र र सूर्य
यही पृथ्वी र आकाश,
यहीभित्र सुन्दर मेरो देश नेपाल,
विश्व नक्सामा अग्लो शिर लिएर
उभिएको सगरमाथा
आफैमा गर्व गरिरहेछ, युगौँदेखि,
कहिल्यै नझुकेको स्वाभिमानको वर्णन गरिरहेछ।
हो थाहा छ, अभाव र गरिबी छ
समस्याले पिल्सिरहेछ
सिमानापारि जाँदैमा
पैसाको बोट भेटिन्न,
कर्म नगरी भाग्यको दाग मेटिन्न
मेरो देश भन्छौ भने आऊ
स्वयम्भूले तिमी आउने बाटो हेरिरहेछन्
आऊ चन्द्र, सूर्य अङ्कित झण्डा समाऊ
आफ्नो चाड पर्व र संस्कृतिमा रमाऊ
इतिहासको पाना पढेकै हो,
मेरा बहादुर पुर्खाहरू
माटोको लागि लडेकै हो
तिमी सिमानापारि कुन माटोको लागि लड्छौ
आऊ माटोकै तिलक लगाऊ
पासपोर्टको भरमा विदेशी चिनारी लिएर हुन्न
नदेऊ आफ्नो अस्तित्व गुम्न
पुर्खाको कुल थमाऊ
चन्द्र, सूर्य अङ्कित झण्डा समाऊ
आफ्नै संस्कृतिमा रमाऊ
मेरो देश भनेर छिट्टै आऊ ।

नैकाप, काठमाडौं

कथा

नभोगेको बिहे

■ टेकनाथ दहाल

सञ्जीव मैले धेरैअघि चिनिरहेको मानिस र यदाकदा म आफैँ उसको घरमा गएर हाल समाचार सोधिरहने घनिष्ट मित्र । म किन पनि सञ्जीवका बारेमा कथा लेख्न खोज्दैछु भने उसका जीवनका पछिल्ला घटनाहरू भर्खरमात्रै घटेका हुन् र ती घटनाहरू मभित्र अहिले पनि शारदी प्रकृतिजस्तै बिल्कुल उमङ्गयुक्त र ताजा छन् । उसका बारेमा लेख्न बस्दै गर्दा मलाई धेरै समय सोच्नुपर्दैन र कापीका पानाहरूमा एउटै बुँदा टिप्दै काट्दै र मेट्दै पनि गर्नुपर्दैन चित्रकारहरूले रङ्ग पखालेजस्तो । सञ्जीवलाई म सानैदेखि अभिन्न मित्रका रूपमा बुझ्दछु । तीन भाइ थिए सञ्जीवका । सबै भन्दा सानो नै सञ्जीव थियो । परिवार पनि राम्रै थियो । उसको बाबुले आफ्ना तिनै भाइ छोरालाई राम्रो शिक्षादीक्षा दिएका थिए त्यस समयमा पनि । आफूले दुःख पाए पनि आफ्ना छोराहरूले दुःख नपाऊन् भन्ने धारणा राख्दथे विद्याकान्त झा अर्थात् सञ्जीवका बाबु । जेठो जेटिए पढेर जागिर खाएको अवकाशको अवस्थामा पुगेको छ । माइँलो शोभाकान्त भवन निर्माण विभागको इन्जिनियर थियो । स्वैच्छिक अवकाश लिएर अहिले बैंकमा जग्गा मूल्याङ्कन र सर्वे गर्ने करार सम्झौता गरेर त्यसैमा कार्यरत छ । सञ्जीवले पनि प्रजातन्त्र पुनःस्थापनापछि बी. एससी पास गऱ्यो । २०४६ सालको आन्दोलनमा ढुङ्गामुडा सञ्जीवले पनि गऱ्यो । त्यतिखेर ऊ भर्खर आई.एस.सी. पास गरेर बसेको थियो । युवा जोश थियो लड्यो पञ्चायती भूतहरूसँग तराईको गर्मीको पर्वाह नगरीकन ।

बी.एस.सी. पास गरेपछि भारतको विहारबाट केटी दिन आएका थिए सञ्जीवलाई । विद्यानन्दले पाँच लाख आइसी नभई आफूले छोराको विवाह नगर्ने अडान लिए । घरमा भित्रिने बुहारीभन्दा पैसाको मूल्य बढी सम्झेका थिए सायद विद्यानन्दले । केटी राम्री थिई । म र सञ्जीव घरदेखि साइकलमा मधवापुर पुगेका थियौँ हाट लाग्ने दिनमा केटीलाई हेर्न । बिहारदेखि ऊ पनि बजार गर्न मधवापुर आएकी थिई । हामीले थ्रि जिरो पान मुखमा हालेर चपाइरहेका थियौँ र बेला-बेलामा थुकले भरिएको मुखलाई आकाशतिर फर्काएर एक आपसमा कुरा गर्थ्यौँ । कच्चीबाटो त्यसमाथि बयल गाडाले उडाएको धुलोले गर्दा त्यस केटीको कपाल धुलाम्मे भएको थियो र खुट्टा पनि चप्पल नदेखिने गरी धुलोले ढाकेको थियो । हामी पनि चर्को घाममा साइकल चलाएर गएका कारण भिजेका थियौँ पसिनाले र मुख रातो भइकन पनि कालो भएको थियो । त्यस्तै अवस्थामा हामीले त्यस केटीलाई हेरेका थियौँ । तर बोल्ने आँट गरेनौँ । हेरेको पनि कसैले देख्छ कि झैँ गरेर हेऱ्यौँ हामीले र बोर्डरमा आएर पुरिकचरी खायौँ छोलाको साथमा । पेट भरिएन र पुनः एक-एक ओटा लिट्टी मागेर खायौँ । अघाएपछि हामी घर फर्कियौँ । हामी केटी हेर्न गएको कसैलाई पनि थाहा थिएन घरमा । पैसा नभए पनि हुन्छ तर यति राम्री केटी नछोड भनेर बाटामा मैले सञ्जीवलाई सम्झाएँ तर उसले मानेन । उसले माने पनि उसका बाबुले मान्ने थिएनन् ।

सञ्जीवको विवाह त्यो केटीसँग भएन । त्यसपछि पनि धेरै केटीहरूको प्रस्ताव आयो तर

पैसाका कारण सञ्जीवले विवाह गरेन । मानौं सञ्जीवको मूल्य तोकिएको थियो पाँच लाख । जसले तिर्न सक्छ त्यसैसँग विवाह हुन्छ । सञ्जीव र पैसाको विनीमय । विद्याकान्त मुटुका रोगी थिए एक्कासि मरे । दश बिगाहा जमिन जोडेका थिए मर्दा, केही लगेनन् । आमा त पहिले नै रातुको बाढीले बगाएर गङ्गा हुँदै सायद बङ्गालको खाडीमा पुऱ्यायो होला ! अहिलेसम्म अत्तोपत्तो छैन । बाबु मरेको दुई वर्षपछि शशिकान्तकी श्रीमतीको शरीरमा एक्कासि आगो लाग्यो । दाइजोको निहुँमा घरमा सधैँ किचलो परेको मलाई थाहा थियो तर आगो लाग्ला भन्ने थाहा थिएन । दुई जना स-साना केटाकेटीलाई रुवाएर शशिकान्तकी श्रीमती जिउँदै जलेर मरिन् । घरभित्रको घटना भएकाले शशिकान्त, शोभाकान्त र सञ्जीव मिलेर सबै कुरालाई भित्रै दबाए । उजुर-बाजुर केही चलेन । तीन भाइमा मनमुटावको अवस्था बढ्दै गएपछि एक आपसमा छुट्टा-भिन्न भए । सञ्जीवका नाममा चार बिगाह जमिन र एउटा घर राखेर बाँकी शशिकान्त र शोभाकान्तले बाँडे । दुवैले घर छोडे । सञ्जीव एक्लै घरमा बस्न थाल्यो । सञ्जीवको विवाहका लागि पछि पनि धेरै स्थानबाट कुराहरू आए तर शशिकान्त र शोभाकान्तले नै मानेनन् । शशिकान्त अहिले पनि सञ्जीवका बारेमा कुरा गर्दा आफ्नी श्रीमतीको शरीरमा आगो लाग्नुमा सञ्जीव पूरै दोषी छ भन्ने गर्दछ । एक दिन त उसले मुखै खोलेर भन्यो 'सञ्जीवले नै मेरी श्रीमतीलाई मट्टितेल छर्केर आगो लगाइदिएको थियो' ।

उसका कुराले म धेरै नै तातेँ र गाली गदै भनेँ– 'यदि तलाई भाइमाथि नै शङ्का थियो र तँ अहिलेसम्म पनि निश्चित छस् भने उती बेला नै किन किटानी जाहेरी दिएर कानुनी प्रक्रियामा गइनस् त ? तँ पनि दोषी छस् । घटनालाई लुकाउन खोज्नुमा के तेरो कमजोरी छैन ?' ऊ केही बोलेन । केटीको कुरा आउने बित्तिकै शशिकान्त सञ्जीवका बारेमा यस्तै अनर्गल कुरा गर्दै आएको थियो । शोभाकान्तलाई कुनै चासै थिएन, मानौं उसको भाइ नै होइन । शोभाकान्तकी श्रीमतीले एक दिन भनेको सुनेँ 'यसको विवाह गरे पनि म घरबार हुन दिन्न । यसको यति धेरै सम्पत्तिमाथि म कसैलाई पनि राज गर्न दिन्न । यसको सम्पत्ति पछि मेरा छोराहरूले खान्छन्' । थुक्क कस्तो लालच अर्काको सम्पत्तिमाथिको ! सन्तानविहीन बनाएर सञ्जीवको सम्पत्ति हडप्ने कत्रो महत्त्वाकाङ्क्षा ! मलाई असाध्यै घृणा लागेर आयो ।

केही समयअगाडि सञ्जीवको विवाहको कुरा चल्यो– म, ईश्वरकान्त, चोदीलाल र बुधुना हाट गएर आउँदा । साइकलको क्यारिजमा हामी सबैले एक एकओटा लौका बोकेका थियौं र काँधमा पातलो गम्सा बेरेका थियौं पसिना पुछ्न । मेरो गम्सा घाँटीबाट खसेर साइकलको चक्कामा बेरिन पुगेछ । बुधुना पछाडि थियो करायो 'रे तोरा गम्सा पैय्या में फस गेलइ' । मैले हेरेँ र साइकल रोकेर तानेँ । निकै गाह्रो भयो । झिकेर पुनः घाँटीमा बेरेँ । त्यसै बेला साइकल चलाउँदै बुधुनाले भन्यो -'भोगेन्द्र सञ्जीवको लागि केटीको कुरा चलाएको रहेछ सुप्लाले' ।

'राम्रै त भयो' मैले भनेँ ।

'यो पैतालिस वर्षको उमेरमा पनि कसले छोरी दिन आँटेछ नि त्यसलाई ?'

'सहरवाको आफन्त हुन् भन्थ्यो सुप्ला ।'

'केटी कति वर्षकी नि ?' मैले सोधेँ ।

'त्यस्तै पच्चीस - छव्वीस वर्षको भन्थ्यो ।'

'किन त आजसम्म विवाह नगरी राखेको रहेछ नि ?'

'गरिव छ रे त्यसमाथि छोरी धेरै । बूढो केटोलाई दिन पाए दाइजो दिन पर्दैन भनेर सञ्जीवलाई दिन आँटेका रहेछन् ।'

'तर खै ! सञ्जीवले के भन्छ' बुधुनाले भन्यो ।

'विवाह गर्न पाए कमसेकम खाना पकाएर त खुवाउँथी भनेर हिजै भन्दै थियो' मैले भनेँ ।

'त्यसो भए विवाह गराइदिँदा भइहाल्छ नि' बुधुनाले भन्यो ।

'खर्च-वर्च त जुटाउँछ होला नि ?'

'विवाह गर्न आँट्यो आवश्यक परे हालि दिउँला नि ।'

कुरा गर्दागर्दै ईश्वरकान्त र चोदीलाल पनि भेटिए । निधारदेखि बगेको पसिना पुछ्दै एकछिन लिप्टसको फेदमा बस्यौँ हामी । घाम त्यसैगरी चर्किरहेको थियो, जसरी बाह्र बजेको समयमा संसारै डढाउने गरी चर्कन्छ । ईश्वरकान्तसँग पनि कुरा भयो र चोदीलालले पनि सुनिरहेको थियो । बुधुनाको कुरामा हामी सहमत भयौँ सञ्जीवको विवाह गरिदिने कुरामा । चोदीलालले भन्यो 'तर केटी त उसैले नै हेर्नुपर्छ । चित्त बुझे मात्र विवाह हुन्छ, नत्र कसरी हुन्छ ।'

'यस विषयमा त सञ्जीवलाई नै भनौँला नि त' बुधुनाले भन्यो । हामी उठ्यौँ । घरमा लगेर लौका राख्यौँ र एक गिलास सत्तु खाएर सञ्जीवको घर गयौँ । जवानीले छोड्न थालेछ क्यारे कमजोर महसुस भयो । उमेर ढल्दै गएपछि हड्डी पनि कमजोर हुँदै जान्छ भन्छन् आजभोलि त्यस्तै अनुभव हुन थालेको छ । ईश्वरकान्त, बुधुना र चोदीलाल के अनुभव गर्दा हुन् कुन्नि !.

हामी पुग्दा सञ्जीव भर्खर कामबाट आएर पङ्खामुनि उत्तानो परेर पल्टेको रहेछ । रगतै सोस्लाजस्तो तातो हावा फ्याँकिरहेको थियो पङ्खाले र बेला-बेलामा चुईं-चुईं रुदै थियो चिसो हावा फाल्न नसकेर । खपरायल तातेर बसिनसक्नु भएको छ घरभित्र र त्यही तातोलाई पङ्खा कोठाभरि फैल्याइरहेछ । म सञ्जीवसँग खाटमा बसेँ । बुधुना भित्तामा एक मुठी धुलो बोकेर उभिएको कुर्सीमा गएर थ्याच्च बस्यो । ईश्वरकान्त र चोदीलाल भुईंमा गम्साले एक दुई पटक हिर्काएर त्यहीँ बसे ।

पानी ल्याउँछु भन्दै लोटा लिएर सञ्जीव बाहिर निस्कियो । मलाई उसको पारा हेरेर दया लाग्यो । आफूसँगको साथी पूरै जीवन एक्लै बाँचिरहेको छ । पानी खान मन लाग्दा लेराऊ न भनेर अराउने मानिस छैन । हामी सबैले ठाडो घाँटी लगाएर एक-एक लोटा पानी खायौँ भित्र चिसो बनाएर, तर बाहिर उत्तिकै गर्मी छ ।

'सञ्जीव हामी तँसँग एउटा सल्लाह गर्न आएका' मैले कुरा निकालेँ ।

'कस्तो कुरा होला ?'

'तेरो विवाहको कुरा, सुप्लाले केटीको कुरा गरेको छ अरे ! तँसँग पनि केही कुरा भयो ?'

'उसले त पहिले देखि नै भनेको हो'

'तेरो विचार के छ त?'

'विवाह त गर्नै पर्छ: नत्र जीवन चलाउन पनि नसकिने भैसक्यो ।'

'केटी हेरिस त?'

'सालिनी दिदीले हेर्नुभएको, केटी राम्री छ, पिपरावालीले पनि देखेकी छे रे ! हिजो बजारबाट आउँदा ऊ पनि भन्दै थिई ।'

'उनीहरूले हेरेपछि तैले हेर्नु पर्दैन त ?'

'मैले पनि हेरेँ ।'

'विवाह गर्ने पक्का भएकै हो त ?'

'तिमीहरू के भन्छौ र ?'

'हामी त भन्छौँ यही महिनामा विवाह गरिहाल ।'

'ठिकै छ कुरा मिल्यो भने गरौँला ।'

'हुन्छ त भोलि नै कुरा लिएर जाऊँ' ईश्वरकान्तले भन्यो ।

सञ्जीवले पैतालीस वर्षको उमेरमा विवाह गर्ने भयो । दुवै दाजुहरू घरमा छैनन् । उनीहरूसँग सल्लाह गरेँ भन्थ्यो सञ्जीव, तर गऱ्यो कि गरेन थाहा छैन । मलाई लाग्यो, यदि दाइहरूसँग सल्लाह गरेको भए सञ्जीवको विवाह यसपालि पनि भाँडिदिन्छन् ।

भोलिपल्टै हामी सहरवा गयौँ । केटीका बाबुसँग कुरा गर्न । कुरा भयो बिचरा ! गरिब रहेछ । सक्दो सत्कार गऱ्यो । केटी देखिएन । माघ १३ गते विवाह गर्ने भनी हामी कुराकानी छिनेर त्यताबाट हिँड्यौँ । घरमा आएर पनि तयार गर्नु थियो । पैसाका बारेमा सोध्यौँ सञ्जीवलाई । विवाहका लागि पैसा आफैँसँग छ भन्यो । भोलिपल्ट लत्ताकपडा किन्न सुरसन्ड जाने कुरा भयो । गरगहना त्यहाँ राम्रो पाईदैन; जनकपुमा राम्रो पाइन्छ भन्ने कुरा पनि भयो । पर्सि अन्य सामान किन्न मधवापुर जाने कुरा भयो । भिट्टामोडमा बट्टा काट्छ या त आइसि लैजानुपर्छ । मधवापुरमा उत्तिकै मूल्यमा नेपाली पैसा चल्छ बट्टा पनि लिँदैन ।

विवाहको सबै तयारी भयो । सञ्जीवले विवाहको कार्ड छपायो दाइको नाम राखेर, तर विवाह हुने अघिल्लो दिनसम्म पनि उनीहरू घर आएका थिएनन् । सामान सबै जुट्यो । पैसा सोचेको भन्दा धेरै खर्च भयो । नपुग पैसा मैले हालिदिएँ र केही पैसा बुधुनाले पनि दियो । विवाहको अघिल्लो दिन प्रीतिभोज थियो । सुधाको दुई डिब्बा रसबरी मगाइएको थियो । कचौरी, जिलेबी, गोभीको तरकारी तथा साथमा तिलको छोप र गोलभँडाको लेदो अचार तयार गर्ने निधो थियो । हलुवाइलाई बोलाएर खर्च गर्नुभन्दा सबै हामीले नै गऱ्यौँ । करिब सय जनालाई खुवाउने योजना थियो । बेलुकी सात बजेसम्म भोज चल्यो । बोलाएका मानिस जति सबै आएका थिए । भोलिपल्ट बरियाँती जानुछ । केटीको बाबुले हामी हिँड्ने बेलामा भनेको थियो 'पन्ध्रदेखि बीस जनामात्र बरियात आउनुहोला । बिसै जनाको लागि पनि दुईओटा बलेरो त चाहियो । दुलाहा-दुलाहीका लागि एउटा छुट्टै । भाडा पनि महँगै लिन्छ होला । बरु इन्डियन नम्बरको गाडी नै सस्तो पर्छ । गान्धीचोकबाट तिनओटा बलेरो मगाइयो । भोलि बिहान आइपुग्छ ।

विवाह भनेपछि हतार त हुन्छ नै जतिसुकै फुर्सदिलो भए पनि । घरबाट दुलाहा अन्माउँदा दिउँसो दुई बज्यो । एक बजेमात्रै आइपुगे सञ्जीवका दाइहरू । उनीहरूलाई पनि थाहा छ, केटीपक्षले जन्तीलाई कपडा दिन्छन् र विभिन्न परिकार बनाएर भव्य भोजको आयोजना गर्छन् । सायद त्यसकै मात्र आश थियो कि आफ्नो प्रतिष्ठा पनि जोगाउनु थियो ! नत्र एक दुई दिनअगाडि नै आउनुपर्ने थियो उनीहरू ।

सहरवा पुग्दा चार बजिसकेको थियो । बस्नका लागि राम्रै व्यवस्था रहेछ । पुग्नेबित्तिकै विवाहको कार्य प्रारम्भ भयो । रातभरि नै चल्यो । बरियात गएकाहरू कोही परिचयपातीतिर लागे कोही नातासम्बन्ध खुट्याउन । कोही स्थानका बारेमा सोध्दै थिए । विवाह राम्रैसँग सम्पन्न भयो । राती नै भोजको आयोजना पनि भयो । दुलाहा दुलाही चतुर्थी नगरी फर्कन्नन् । चतुर्थी चार दिनपछि मात्रै हुन्छ । अब हाम्रो काम छैन । हामी त्यहाँबाट निस्कियौँ बोलेरो लिएर । राती एक बजिसकेको थियो । बिहान हुन अझै पाँच-छ घण्टा कुर्नुपर्छ ।

भोलिपल्ट बिहानै पाँच बजे नै सञ्जीवको फोन आयो– 'भोगेन्द्र केटी पागल रहिछे मलाई सबै मिलेर फसाए । म त्यहाँबाट भागिसकेँ पर्सा आइपुगेको छु । मलाई भेटे भने तिनीहरू सबै मिलेर मार्छन् । मलाई जिउँदो हेर्न मन छ भने अहिले नै लिन आउन्' फोन कट्यो ।

मेरो मनमा एक्कासि धेरै कुरा खेल्न थाले । मैले आफ्नो छोरो रोशनलाई मोटरसाइकल लिएर पठाएँ । उज्यालो हुन नपाउँदै सञ्जीवलाई लिएर रोशन आइपुग्यो । मैले सोधेँ 'के भयो ?'

'केटी पागल रहिछे । मेरो औँला पनि भाँचिदिई । सबै जना मिलेर मलाई फसाए । टोक्न आँटेकी थिई, म उसको हात फुत्काएर भागेँ' उसले एकै सासमा भनि सिध्यायो ।

'कसरी भयो त त्यस्तो ?'

'तिमीहरू हिँडेपछि हामीलाई सुत्न एउटै कोठाको व्यवस्था गरिएको रहेछ । म खाना खाएर

जाँदा केटी गएर सुतिसकेकी थिई । उसलाई पनि दिनभरिको थकाइ र निद्राले बेसरी गाँजेको हुनुपर्छ । म गएर हेरेँ, त्यहाँ एउटा मात्रै खाट राखिएको थियो । म पनि गएर सुतेँ नजिकै जोडिएर । दुई बज्न थालिसकेको थियो । मभित्र बोल्ने शब्द केही फुरिरहेको थिएन । उसको नाकबाट पनि सासको ठुल्ठुला झोक्का मुस्लो बनेर निस्किरहेको अनुभव गरेँ मैले । मैले एक्कासि उसको कम्मरमा समातेर आफूतिर जोडसँग तानेँ । ऊ त निदाएकी रहिनछे । मतिर फर्केर बेस्करी मेरो ढाडै भाँचिने गरी समाती र बल गरेर कसी । मैले फुत्काउने प्रयत्न गरेँ तर जति गर्दा पनि सकिनँ । उसको तातो सासको स्पर्शले मेरो निधारदेखि च्यापुसम्मका प्रत्येक प्वालबाट स-साना पसिनाका दाना निस्कन थाले । म अझै पनि त्यसको बन्धनबाट छुट्न सकिरहेको थिइनँ । एक छिनपछि देखेँ ऊ त मलाई कस्न छोडेर रोइरहेकी थिई । रुँदारुँदै अर्कैपट्टि फर्किई र सिरक ओढेर सुती । म त्यतिखेरसम्म पनि केही बोल्न सकिरहेको थिइनँ । निकै बेर उत्तानो परेर सोचिरहेँ । तीन लाख खर्च भइसक्यो यसैका लागि । दाइहरू पनि मेरो यो व्यवहारबाट सन्तुष्ट छैनन् भन्ने कुरा मनमा खेलिरह्यो । ऊ रोएको आवाज आउन थालिरहेको थियो । मैले फेरि केही नबोलिकन उसको स्तनमा हात पुऱ्याएँ । एक पटक त छामेँ गिला भइसकेका रहेछन् । अलिक राम्रोसँग समात्छु भनेर पुनः हात पाखुराको बीचबाट घुसार्दै थिएँ एक्कासि मेरो हात समातेर बेस्करी झट्कारेर फ्याकिदिई । मेरो औँला नै भाँचिएजस्तो छ । अर्को पटक पुनः कम्मरमा समातेर तान्ने प्रयत्न गरेँ त र मेरो हातै समातेर टोकिदिई । म डरले त्यहाँबाट उठेर कसैले थाहा नपाउने गरी भागेँ । त्यसका आँखा पनि कुइरा रहेछन् हेर्दै डरलाग्दी राक्षसनी जस्ती । त्यो त लाटी पनि छे; बोल्दिनँ । त्यस्ती लाटी र पागल केटीसँग मलाई फसाए; म त बर्बाद भएँ । त्यो केटीलाई म आफ्नो घर ल्याउँदिन ।'

सञ्जीवका कुराले म छक्क परेँ । केही पनि बोल्न सकिनँ । मलाई लाग्यो– सञ्जीव पच्चीस वर्षको भएको भए सायद आज यो समस्या आउँदैनथ्यो होला । तर आयो । एकपटक त सुप्लासँग रिस पनि उठ्यो सत्य कुरा पहिले नै भनिदिएको भए पनि हुन्थ्यो भनेर । म सञ्जीवलाई त्यहीँ छोडेर बुधुना र चोदीललालाई भेट्न उनीहरूको घर गएँ । ईश्वरकान्तलाई पनि बुधुनाकै घरमा बोलाएँ । सबै समस्या भनेँ ईश्वरकान्तले भन्यो जाउँ न त कुरा के रहेछ बुझौँ ।

बिहान उज्यालो भएपछि हामी निस्कियौँ । बखरीको पुलमा पुग्दा केटीका बाबु र एक दुई जना छिमेकी पनि आइरहेका रहेछन् केटाको खोजी गर्न । हामीसँग निकै बेर कुरा भयो तर केटीका बाबुले आफ्नो छोरी लाटी र पागल भएको कुरा स्वीकारेन । धेरै कुराकानी पश्चात् उनीहरूले भने 'चतुर्थीसम्म जसरी हुन्छ केटीलाई राखिदिनुहोस् मेरो इज्जतको कुरा छ । पछि म तपाईंहरूलाई नै साथमा लगेर डाक्टरसँग परीक्षण गराउँछु मेरी छोरी पागल हो वा होइन भनेर । यदि पागल रहिछे भने तपाईंहरूले जे सजाय तोक्नुहुन्छ म त्यो भोग्न तयार छु ।' उसको अनुनय र विनय देख्दा केटी पागल र लाटी दुवै होइन भन्ने लाग्यो ।

मैले सम्झिएँ सञ्जीवको बाबुले उसको विवाह गर्न पाँच लाख आइसी मागेको घटना, भाउजु घरमा जलेकी, शशिकान्त र शोभाकान्तले घर छोडेका शोभाकान्तकी श्रीमतीको कुरा सबै एकाएक दिमागमा आए । केही बोल्न सकिन ।

हिजोमात्रैको कुरा हो शशिकान्तले गएर जालसाजीको मुद्दा हालेको छ रे म, सुप्ला, बुधुना, ईश्वरकान्त, चोदीलाल र केटीको बाबुलाई विपक्षी बनाएर । सञ्जीव पनि आजभोलि हामीसँग अलिक टाढिएको छ । थाहा छैन किन टाढिएको हो । उसले केटीलाई घरमा ल्याएन तर चतुर्थी नगरुन्जेल ऊ ससुराली नै गएर बस्यो । फेरि फर्किएको छैन रे ! अब म पनि मुद्दा लड्न केटीलाई लिएर अदालत जानुपर्ने भयो । हेरौँ अदालतले के फैसला गर्छ । त्यसैको प्रतीक्षामा छु ।

जिलिङ - १, नुवाकोट

निबन्ध

विवेकमा उब्जिएका सन्तोषी मनहरू

■ आत्माराम खरेल

प्रत्येक चेहरामा कथैकथा छन् । ती कथाका आ-आफ्नै पोकाहरू छन् । दुःखद पोकाहरू ठूला-ठूला, सुखद पोकाहरू साना-साना । तीनका पनि आ-आफ्नै स्वरूप छन् । तिनलाई सकार्ने प्रत्येक नयनमा आ-आफ्नै भाषा छन् । भन्छन्– हामी प्रत्येकका आ-आफ्नै आशा छन् । दुःखैदुःख भित्र उम्रिने आशे त्यान्द्रोमै पनि वर्तमान मानव झुन्डिरहेछन् । यसरी नै जीवन यात्रामा हिँडिरहेछन् । मानव भई बाँच्ने प्रयास गरिरहेछन् । र, तिनै हुलमा कोही-कोही मानव भई बाँचि पनि रहेछन् ।

तपाईंले भेट्ने आत्मारामका दुई स्वरूप छन्- भित्री र बाहिरी । बाहिरी आत्माराम त खुबै विवेकशीलझैँ देखिएको छ । उसको बाहिरी विवेक जति सभ्य हुँदै गएको छ भित्री विवेक उति नै क्षीण हुँदै गएको छ । यसर्थ पनि भित्री आत्मारामको एउटा चाहना छ- ऊ सभ्य र विवेकीको एउटा सङ्गम बनोस् । र, मानिसको रूपमा बाँचिरहोस् ।

उसको भोलि अनिश्चित छ, तैपनि यसमा विश्वास छ । आफ्नो दुःख आफैंसित, आफ्नो भरोसा आफैमा र आफ्नो आनन्द भन्नु वर्तमानमा छ । एउटा कोणबाट हेर्दाको यो जीवन फगत पानीको फोकाझैँ रहेछ । अनि यो हो, कहिले एक झोक्का हावाले दिने शीतल जस्तो । कहिले एक फिलुङ्गो आगोले दिने तातो जस्तो । यहाँ अनेक थरिका वस्तु छन्, अनेक थरिका स्वाद छन् । यो जगत्मा के छैन ? यहाँ मनुष्य जातिको पनि बास छ । तिनमा विवेक पनि छ । यही विवेकले विविध स्वादको व्यवहार गर्छ । मात्र खाँचो छ मात्राको । अन्यथा ब्लड प्रेसर हुन्छ, बाथ र ग्यास्ट्रिक्स पनि ।

केही समयअघि पृथ्वी-पेटको एउटा कुनामा; नेपाल भन्ने मुलुकमा, थुप्रै-थुप्रै जिल्लामा ठूलै भूकम्प गएथ्यो । उसका केही परिचितले भन्थे- 'के भएको यस्तो ?' यो मुलुक जैविक विविधतामा धनी छ । मुलुकवासीका पहिचानमा पनि विविधता छ । त्यसैमध्येको एउटा हो- ग्यास्ट्रिक्स । त्यसमाथि भूकम्पविद्हरूले त नेपाललाई भू-ग्यास्ट्रिक्सको ठूलो खतरा भएको मुलुकका रूपमा चिनाउँदै आइरहेछन् । जति नै बेला पनि भूकम्प आउँछ भनी चेताउँदै पनि आइरहेछन् । आखिर भूकम्प आयो । नेपाल धेरै रोयो । आत्माराम ! यही बेला त हो नि तँलाई खुबै सम्झना आएको एउटा प्यारो उखानको- 'रुनेको बिराम हुँदैन' । तँलाई पनि त ग्यास्टिक्सले पिरोल्ला भनी स्वास्थ्यकर्मीले चेताएकै थिए । सायद तँमा अटेरिपना थियो वा अबुझपना । तर पनि त्यतिबेला रोइरहेको तँसित मैले गुनासो गर्नै पो कसरी सक्थेँ र !

हेर्नोस् त ! यहँ सुख र दुःख छ । आँसु र हाँसो छ । निराशा र वैराग्य पनि । अनि आँट र उत्साह पनि । यहाँको जमिनमा देखिरहेछु रगत धेरै, पानी थोरै । बैठक कक्षभरि मिश्रित युद्ध छ । त्यहाँभित्र अशान्तिको बास छ । तैपनि यो संसार रमाइलो छ जहाँ सबथोक छ । ती सबै अनन्त छन् । मात्र भौतिक शरीरको अन्त छ । यसले प्रश्न उब्जाइदिएको छ– जन्मनु र मर्नुबीच मानव भई कसरी बाँच्न सकिन्छ ? त्यसैले गम्भीर

बनाइदिएको छ– उत्तरको खोजी कसरी गर्न सकिन्छ ?

यो मानव जगत् स्वार्थै-स्वार्थले भरिएको छ । जसले जतिबेला पनि धोका पाउन सक्छ । जित्छु भन्नेहरू हारिरहेछन् । हार्छु भन्नेहरू जितिरहेछन् । यहाँ हार्नै पर्नेले सजिलै जित्ने र जित्नै पर्नेले सजिलै हार्ने विचित्रमय विधि-चरित्र पनि छन् । जित्नेले नियम बनाउँछन्, हार्नेले सजाय पाउँछन् । कारण एउटै हो । यो वर्तमानलाई विज्ञताको भन्दा पनि व्यावसायिकताको पाठ छ । बदलिँदो परिवेशमा यसरी अभ्यास, अनुभव र अनुभूत गराउने यो संसार विचित्रको छ । तर पनि यसलाई जसरी हेर्ने र सोच्ने गरिन्छ, त्यसरी नै देखिँदो र जानिँदो रहेछ । स्वकर्मबाट आफूलाई प्राप्त न्यूनतम उपलब्धिमै पनि सन्तोष मान्नुमा ठूलो अर्थ रहेछ । कारण सानै र थोरैमा पनि सन्तोषी हुनेले नै जीवन रमाउनुको स्वाद पाउँदो रहेछ । मास्टरसाहेब भए 'ब्ल्याक बोर्ड हेर' भन्थे होलान्, तर यतिबेलाको म ऐना अगाडि छु । कलमको टुप्पोले आफ्नै मस्तिष्क र छातिभित्रका सत्य-तथ्यलाई एक-एक केलाउन मन लगाउँदो रहेछ । व्यवहारमा विवेकी भई उत्रँदाको 'भित्री म' निकै सन्तोषी हुँदो रहेछ । यही भित्री म हो, जसले सम्पूर्ण मानव एउटै परिवार हो भन्छ । विश्वलाई नै एउटा सिङ्गो राष्ट्र ठान्छ । यहाँसम्म मेरो र त्यहाँसम्म तेरो भनी यो धर्तीमा सिमा बाँध्नुको आवश्यकता नै छैन पनि भन्छ । सिङ्गो पृथ्वी नै उसका निम्ति प्रिय छ । सीमाहीन जगत् नै उसका लागि प्यारो छ । कारण ऊ त आफ्नो मूल्य कत्ति पनि बोक्न सक्दैन । आफ्नो सही मूल्य बोकिने त अरूको ह्रदयमा हो ! जब आफूलाई अरूका ह्रदयमा बसाल्न सकिन्छ तब न उसमा जीवन-मूल्यको एउटा 'ट्याग' लाग्दछ ।

जीवनको महत्त्व कर्मशीलतामा । कर्मको महत्त्व विवेकले सजिनुमा । त्यसो त सुख-सयलबाट हुने उन्मादले, दुःखले उमार्ने उत्तेजनाले, मानिसद्वारा गरिने बोली र व्यवहारले, मानिसका बारेमा गरिने टिप्पणी र समीक्षाले यहाँ मानव जीवन अभिव्यक्तिएको हुन्छ । आफूद्वारा आफ्नै बारेमा गरिने समीक्षाले जब निश्चित आकार लिएको हुन्छ, तब आत्मिक चेतन प्रवाहले साकार रूप पाएको हुन्छ । यस्तो जीवन अभिव्यक्तिमा जब सूक्ष्म दृष्टि लगाउँछौँ, तब त्यहाँ मानव विवेक पाउँछौँ । विवेक भन्नु त त्यस्तो ज्ञान रहेछ जसमा सिद्धान्त, तर्क र दर्शनलगायतका व्याख्याका शृङ्खलाहरू हुन्छन् । नैतिक दृष्टिकोणहरू छरिएका हुन्छन् । तर, यसैमाझ लुसुक्क छिरेर हामीमा मुस्कुराउँछ– महत्त्वाकाङ्क्षा ।

उफ् ! महत्त्वाकाङ्क्षी जीवन-यात्रा कत्ति कठिन ? तेर्सोभन्दा उकालो धेरै । त्यसमा पनि ठाडो नै ज्यादा । परिणाम- आशालु भन्दा निराशालु नै बढी । यसरी थाक लाग्दै जाने निराशै निराशामाझ कुनै आशे-त्यान्द्रोको खोजी गर्नु पनि बाँच्ने कला भइदिन्छ । यो हो पुनर्आशा जागरणको एउटा पथ । त्यही कलाकारिताभित्र हुने खोतल-खातलका प्रयासमा प्राप्त हुने सन्तोषको एउटा त्यान्द्रो । हेर्नोस् त ! सरलतासित बाँचिएको जीवन-शैली कति स्वादिलो । कहिल्यै नअघाइने । बाँचु-बाँचु लागिरहने । 'सरलता'को अनभिज्ञतामै पनि बाँचिएका ती सरल दिनहरू.सम्झँदा अहिले पनि कल्पिन्छु । नयन रसिलो हुँदै जाँदाका ती स्मृतिले मनमनै रसाउँछु । जब सामाजिकता भन्ने बुझ्दै गएँ । त्यसैमा आफूलाई पनि भिजाउँदै गएँ । अध्यात्मबिनाको सामाजिकता र मानवताविनाको गतिविधिमा रुमलिँदै जाँदा मेरो सन्तोष त टाढिँदै गएछ । कारण पहिल्याउँछु- आफूलाई निकै महत्त्वाकाङ्क्षी बनाइएछ । फलतः आफूमा असन्तोष उब्जाइएछ । सरलतासित बाँचिएका जीवनका तिनै न्यून क्षण सम्झेर त्यति बेलाको आफूसित यति बेलाको आफू कल्पिने

भइएछ । सन्तोषी मनले बाँचिएका ती क्षणहरू त वर्तमानको आफैलाई एक पाठ भएछ । आफ्नो लागि आफै पनि एक नमुना मानव पो भइएछ । अनि लाग्छ- निश्चित उमेर पार गरेको; आफ्नो वयस्क जीवनले दिने तर्क र दर्शन आफ्ना लागि सबैभन्दा प्यारो हुँदो रहेछ । यही स्वदर्शनले त हो नी स्वयम्लाई विवेकी बनाउने प्रयत्न पनि गर्दो रहेछ । भला यसमा आफ्नै सीमा हुन्छ । आफ्नै ढाँचा हुन्छ । आफ्नै रेखाचित्र हुन्छ । तर पनि आफ्नो विवेक आफ्नै मस्तिष्कको आयतनमा भर पर्छ । सोही अनुरूपको जीवन शैलीमा जीवन डोरिने गर्छ । यसर्थ पनि हरेक विवशतालाई स्वैच्छिक गतिविधिमा रूपान्तरण गर्न चाहिरहेको हुन्छु । हरेक क्षण सम्मानित हुन खोजिरहेको हुन्छु । आफूले लिने हरेक श्वासपछि सन्तोषको प्रश्वास चाहन्छु । र, आफूलाई प्राप्त हुने सुख, खुशी र आनन्द (अति न्यून परिणाम नै किन नहोस्)मा सन्तोष मानिरहेको हुन्छु । अनि थाहा पाउँछु– जब मानिसले जिउनुको अर्थ बुझ्छ तब ऊ मुस्कुराउँछ । (सायद मचाहिँ जिउनुको बेबुझपनामै पनि मुस्कुराइरहेछु ।) जीवनका पलपलमा आइलाग्ने विसङ्गतिमा पनि मानव विवेकले नै मुस्कुराहट उमार्छ । (सायद मचाहिँ रुनु र मुस्कुराउनुबीच बाँचिरहेछु ।) यही मुस्कुराहटको उपज त हो नि क्षीण हुँदै गएको स्वास्थ्यका विविध पक्षमा धेरै सुधार आए । जीवनबारे केही नजानेरै पनि मुस्कुराउन जान्नुमा पनि जिउनुको सार्थकता पाएँ ।

कमाउनु र खर्चनु, अनि खर्चनु र कमाउनु । सुत्नु र उठ्नु, अनि उठ्नु र सुत्नु । खानु र बाँच्नु, अनि बाँच्नु र खानु । श्वास पछिको प्रश्वास र प्रश्वास पछिको श्वास; यी सबै नियमित प्रक्रिया । जब यो रोकिन्छ, शारीरिक गतिशीलता पनि ठप्पिन्छ । यही श्वास र प्रश्वासबीच हुने चाहनाभित्रका हरेक वस्तु मैले नगदमा लिनु छ । तर मैले पाउने मानव विश्वासलाई भोलिको निम्ति उधारोमा राख्नुछ । मैले किन्नु र उसले बेच्नु त केता र बिक्रेताबीचको एउटा दैनिकी । यिनै नियमित 'सेटिङ'मा त चलिरहेछ– व्यापारिक कारोबार । यही परिधिभित्र चलिरहेछ, मेरो घरबार । यो त मुटुमा हुने रगतको पम्पिङजस्तो । दुईदेखि तीनमिनेटसम्म मुटुले पम्पिङ गरेर मस्तिष्कमा रगत नपठाए मस्तिष्कघात हुन्छ । त्यसपछि त मानिस पनि मर्छ । यसरी नै दुई-तीन मिनेट मात्रै मोबाइल नचलोस् त समस्यै समस्याका चाङ्ग लाग्छन् । दुई-तीन घण्टा थैली रित्तो होस् त ओठ-तालु सुक्छन् । यसैको परिणती हो– चुल्हो चिसिन्छ, पेट कुप्रिन्छ । यतिमात्र हो र ! यहाँ हुने बजार बन्दले कारोबार थलिन्छन् । सारा काम ठप्पिन्छन् । विना कारण हुने बन्दका तिनै गतिविधि हुन् जसमा कर्तव्यबोध हुँदैन । फलतः एउटा सोचाइलाई कलमले ओकल्छ । यो त्यही स्वार्थी जीवन हो जसले बिना नाफा आतिथ्य दिँदैन । यो त्यही व्यस्तता हो जसले जिन्दगीको परिभाषा खोज्नै भ्याउँदैन । यो त्यही थकित जीवन हो, जसले जिन्दगीलाई बुझ्नै चाहँदैन । यो त्यही अविवेकीपना हो जो चाहेर पनि सुविवेकी बन्न उन्मुख हुँदैन । यही नै स्वजीवनप्रतिको स्वउपहास हो । यो त हास्यभित्रको गतिलो व्यङ्ग्य पनि हो । अन्ततः स्वविवेकमा आफूप्रतिको व्यङ्ग्य नपहिल्याउनु स्वयम्मा एक अचेतपना नै हो ।

मानिस दुनियाँलाई हँसाउँछ । तिनलाई अनेक जोखिमबाट बचाउँछ । तर, आफू भने हाँस्न जान्दैन । त्यसैले बाँच्न पनि जान्दैन । बाँच्न नजान्नु जीवन-दुर्घटना हो । चोखो हाँसो मनभरिको सुखद अभिव्यक्ति हो । दुःखलाई पनि सुख बनाएर हाँस्न खोज्दा, हाँस्न पनि सक्ने र सन्तोषी भएर बाँच्न खोज्दा, बाँच्न पनि सक्ने मानिस नै मेरा लागि श्रेष्ठ मानिस हुन् । उसैले जिन्दगीमा सबथोक पाउँदछ जसले आफूलाई प्राप्त सानै सफलतामा

पनि सन्तोष मान्दछ । उसैले जीवन रमाएर बाँच्न पनि जान्दछ । तर आजभोलि यो मस्तिष्क औपचारिकतामा बढी सवार भइरहेछ । हृदयचाहिँ अनौपचारिकतामै पनि मायालु व्यवहार देखाउँदो रहेछ । सुखीभन्दा पनि खुशी हुन चाहँदो रहेछ । सम्पन्नतालाई भन्दा पनि सन्तोषलाई माया गर्दो रहेछ । तर उतिबेलाको आत्मारामले भन्थ्यो– उसले मलाई केही गरेन । न सघायो, न दियो । यतिबेलाको आत्मारामले भन्छ– मैले उसलाई केही दिएको छैन, कहिले सघाएको छैन । तर पनि मैले कमसेकम उसको केही बिगारेको छैन । त्यसैले उसबाट न आश, न त्रास । न लेना, न देना । त्यसैले त यस मामिलामा न कुनै सपना न कुनै जपना । मात्र यो हो– सन्तोषी हुँदै जाने जीवन लयको आफ्नै रचना ।

यति बेलाको स्थिति बडो असमञ्जस छ । बताउँ सत्य हुँदैन, बाँधु सीमित हुन्छ, फुकाऊँ छरपष्ट हुन्छ । अनि चुप लाग्नु पनि मौन-जवाफकै एउटा स्वरूप भइदिन्छ । त्यसैले यो अभिव्यक्ति पनि बोल्नुकै एक रूप बन्न पुग्छ । कारण आफन्तका सुख-गाथाहरू सुन्दै-सुन्दै आएको छु । तिनका दुःख-गाथाहरू बोक्दै-बोक्दै आएको छु । शारीरिक रूपमा स्वास्थ्य, मनोवैज्ञानिक रूपमा खुशी र सामाजिक रूपमा हुने सुसम्बन्धलाई नै महत्वपूर्ण आयआर्जन मानिरहेछु । यही तङ्ग्रीँदो जीवनकै कारण त हो नि दुःखका विविध पोका-पन्तरालाई काँधभरि थाम्न पनि सकिरहेछु । थाम्न नसक्दाको दिन त म समाप्त नै हुनेछु । यसर्थ विवेक नै जागरुकताको आधार ठानेको छु । यही नै सन्तोषको पृष्ठभूमि मानेको छु । यसलाई परिपूर्ण जीवनको महत्त्वपूर्ण पाटो नै मानेको छु । हेर्नोस् त, विवेकले उब्जाएका सन्तोषी मनहरू कति मजाले मुस्कुराइरहेछन् । तिनमा कति स्वर्गीय आनन्द छाइरहेछ ..... । ए साँच्ची ! जो सन्तोषी छ उसका लागि स्वर्ग त यहीँ रहेछ ।

atma55ram@gmail.com

स्मृतिपुञ्ज

■ सङ्गीता आचार्य

अनमोल ठानेर साँचिराखेको
स्मृतिपुञ्ज
आज फेरि
एकपल्ट पल्टाउन चाहेँ
आँध्यारो कुनामा कतै
आज पनि
आफूलाई एक्लै पाएँ
थाहा पाउन सकिनँ
के पाएँ के गुमाएँ
तर
यथार्थमा तैरिँदा
फेरि पनि पल्टैपल्ट
धोका नै खाएँ ।

उतार चढावको जञ्जालमा
जेलिँदै गएँ
भागदौडको कोलाहलमा
पेलिँदै गएँ
थोरै बिगारेँ, थोरै सपारेँ
शून्यतामा सलबलिँदै
आफूले आफैलाई लतारेँ
थाहा भएन
पाएँ कि गुमाएँ ?
अनि
नैरास्यतामा पौडिएर
मरुभूमिको बालुवामा
पदचिह्न बनाएँ ।

❖❖❖

कथा

भगवान्मा भक्ति लागोस्

■ लक्ष्मी पौडेल

मेरो बिहे भएको सात वर्षमा हो । प्रमोद त्यतिबेला दश वर्षका थिए रे ! म आमा नभएकी टुहुरी थिएँ । आमा र म धान कुटिरहेका थियौँ । ढिकीमा चटयाङ परेर आमा उत्तिखेरै बित्नुभयो, म बाँचे रे ! आमा बितेपछि घरमा पाँच वर्षकी बहिनी, म, दाइ र बा चार जना थियौँ । आमा बितेपछि हाम्रो घर तहसनहस भएको थियो रे ! बा आमा बितेको पिर र हामी साना नानीहरूको पिरले विरक्तिनुभएको थियो रे !

सात वर्षकी मलाई प्रमोदको जिम्मा लगाएर वा इन्डियातिर जानुभयो रे ! इन्डियन आर्मीमा जागिर खानुभएको थियो रे ! प्रमोदको घर मध्यमवर्गीय थियो, मेरो माइती पनि मध्यमवर्गीय थियो । आमा हुँदा हाम्रो घर सुव्यवस्थित थियो । आमा बितेपछि मात्र तहसनहस भएर केटाकेटीको बिचल्ली परेको हो भनेर हाम्री ठूली फुपूले भनेको मैले सम्झन्छु ।

सात वर्षकी भएर बिहे भएपछि मेरो स्याहारसुसार मेरी सासूले गर्नुभयो । उहाँका छोरी थिएनन् । एक जना छोरा प्रमोदलाई मात्रै पाएर मेरा ससुराको हैजा लागेर मृत्युभएको थियो रे ! मेरी सासू साह्रै असल हुनुहन्थ्यो । मेरो निम्ति मेरी आमाभन्दा कत्ति पनि कम मायालु हुनुहुन्थेन । प्रमोद र म दिन परदिन बढ्दै गयौँ । बिहेको भोलिपल्ट 'हिँड दुलही खेल्न जाउँ' भनेर प्रमोदले मलाई भने भनेर पछिसम्म पनि मेरी सासूआमा हाँसो गर्नुहुन्थ्यो । सासूले सात वर्षकी मलाई नुहाइदिने, तेल घसिदिने, कपाल कोरिदिने लुगा फेरिदिने घोइदिने, तीन पहर पकाएर खुवाउने सबै गर्नुहुन्थ्यो । सानैमा बिहे गरेर मलाई सुख भएको थियो । अब मेरो एउटा छोरो र छोरीको सट्टामा बुहारी भएकी छ भनेर सासू गफ गर्नुहन्थ्यो ।

प्रमोदको र मेरो पनि बालप्रेम बस्दै गयो । म साना साना काम सासूलाई सघाउने भैसकेकी थिएँ । प्रमोद गाउँमै गुरुसँग पढ्थे । मैले पनि अलि अलि पढ्ने मौका पाएकी थिएँ । सासू छोरीबुहारीले चिठीसम्म लेख्न जान्नुपर्छ भन्नुहुन्थ्यो र मलाई चिठी लेख्नसम्म सक्ने गरी पढाउन लाउनुभएको थियो । पछि प्रमोद पढ्न भनेर बनारसतिर गए । घरमा सासू र ममात्र भयौँ । प्रमोदको बिछोड मलाई ठूलै भएको थियो त्यतिबेला । सासुलाई र मलाई संयुक्त रूपमा प्रमोदका लामा लामा चिठीहरू आउँथे । चिठी आउँदा हामीहरूलाई प्रमोद नै आएजस्तो हन्थ्यो । चिठी पढ्न र लेख्न मैले जानिहाल्थे । सासूले अक्षर चिन्नुभएको थिएन । अक्षर नचिने पनि उहाँलाई सुनेकै भरमा धेरै कुराको ज्ञान थियो । उहाँका दाजु ठूला पण्डित हुनुहुन्थ्यो रे ! दाजुबाट सुनेकै भरमा सासूलाई धेरै कुराको ज्ञान थियो । मैले पनि सासूबाट धेरै राम्रो तालिम पाएँ ।

प्रमोद कहिले वर्षको एक पटक बिदामा घर आउँथे । म पनि चाँडै नै आमा बनेँ । मैले एउटा राम्रो छोरो पाएँ । म धेरै खुसी थिएँ । सासूले छोरो हुर्काइदिनुभयो । टाढा भए पनि प्रमोद र

मेरो बीचमा विश्वास थियो, प्रेम थियो । बिस्तारै प्रमोदका चिठीहरू कम आउन थाले । प्रमोद पनि वर्षको एक पटक पनि आउन छाडे । पछि बनारसबाट आउने उनका साथीहरूले प्रमोदले जागिर खाने ठाउँमा एउटी स्वास्नी राखेको कुरा सुनाए । त्यो सुनेर म धेरै दुःखी भएँ । रात दिन आँसुमा डुबें । सासूले अर्को जातकी आइमाईलाई कुनै हालतमा घरमा नभित्र्याउने भनेर अड्डी लिनुभयो । अब प्रमोदको घरमा आउने बाटो पनि रोकियो । म सासू र छोराको स्याहार गरेर बस्न थालें । रुँदा रुँदा रुवाइ हिक्कामा परिणत भयो । म बिरामीजस्ती भएँ । प्रमोदले मलाई ठूलो धोका दिए । मलाई सहन साह्रै भयो । सासू पनि प्रमोदलाई सम्झेर सधैँ रुनुहुन्थ्यो । जोरीपारीको अगाडि इज्जत गयो भन्नुहुन्थ्यो ।

मेरा हात गोडा लागेका थिएनन् । होस पनि ठीक ठाउँमा थिएन । बच्चाको सुसार त सासुले'नि गर्नुहुन्थ्यो । मैले छोराको मायाले आत्महत्या पनि गर्न सकिनँ । बाँच्न पनि मलाई साह्रै गाह्रो भयो । मेरो यो संसारमा कोही रहेनछ भन्ने पऱ्यो मनमा । सासूका पनि रुँदा रुँदा आँखा सुनिएका थिए । कति दुःख गरेर एक्ली बिधवा आमाले हुर्काएको छोराले आमालाई र बालक कालमा बिहे गरेर घर धानेर बसेकी श्रीमतीलाई प्रमोदले लत्याए । यति राम्रो परिवारलाई तहसनहस पारे । आमाले प्रमोदलाई आशिक दिनुपर्नेमा रात दिन रुनुहुन्थ्यो ।

घरमा पैसा चिठी पठाउन पनि प्रमोदले छोडे । आउन जान पनि छोडे । मेरो छोरो पनि ठूलो हुँदै गयो । सासूले र मैले छोरालाई राम्रोसँग बढायौँ पढायौँ । प्रमोदलाई छोरोलाई भेट्न पनि मन लागेन र गाउँ समाजमा प्रमोदको इज्जत भएन । कमाएको सबै सम्पत्तिलाई स्वास्नीको नाममा गरे– मलाई र मेरो छोरालाई दिनुपर्छ भनेर । म लोग्नेको माया नपाएरै बूढी हुन लागें । सासू त झन् भित्र बाहिर गर्न पनि सक्नुहुन्थेन । प्रमोदलाई सम्झेर रोइरहनुहुन्थ्यो । पछि थाहा पायौँ उतैबाट आउने गाउँलेहरूले भनेर– त्यो अर्को जातकी राईनी स्वास्नीले प्रमोदलाई कुटेर घरबाट निकालिदिई रे ! अहिले प्रमोद घरबाट परिवारविहीन भएर बसेका छन् रे ! घरमा आउन खोजेका छन् रे ! भन्ने खबर आयो । जीवनभरि हेला गरेकी मसँग कुन नाकले आउने हो । आफ्नी जन्म दिने आमालाईसम्म हेलो भन्ने बुद्धि आएन त्यही राईनीलाई भन्दा । म धर्मकर्म गर्ने व्रतमा बस्ने भक्तिनीलाई रुवाएर, राईनीको जुठो र जे पायो त्यही खाने ? अब तिनको चाकडी मलाई किन चाहियो ? मलाई त्यसरी लत्याएको मैले कसरी बिर्सन सक्छु र ! सासूले भएको जायजेथा सबै मेरो र नाबालक छाराको नाममा पहिला नै पास गरिदिनुभएको थियो ।

अब त म भगवान्को भक्ति गरेर, भगवान्को नाममात्र जपेर बस्न सक्छु । मलाई सारा बैंसभरि रुवाए । अब म त भगवान्मा लीन भएकी छु । भगवान्को भक्ति गरेर मेरो यो मन्दिरजस्तो घरमा बस्न सक्छु । अब यति छोराको एक जिउको दुई जिउ बनाइदिन पाए हुन्थ्यो । अनि देवघाटमा गएर भक्तिनी भएर बस्ने थिएँ । सारा बैंस रोएर विरक्तिएर बित्यो । अब बुढेसकालमा भए पनि राम्रोसँग सन्तोष पाएर बितोस् भन्ने भगवान्सँग प्रार्थना छ ।

छोराबुहारीको राम्रो होस्, उनीहरूको दाम्पत्यजीवन सफल होस् सुखी खुसी भएर बितोस् । चाँडै नातीनातिना देख्न पाम् । सुख शान्ति मिलोस् कल्याण होस् । हात गोडा चल्दै मर्न पाम् । कसैलाई मैले दुःख दिन नपरोस् । कसैले मलाई दुःख पनि नदिऊन् । भगवान्मा भक्ति लागोस्, यही मेरो भगवान्सँग प्राथना छ ।

❖❖❖

सुपारी खेती

■ प्रेम वली

साइबर खोल्यो चलेन
फाइबर खोल्यो चलेन
ठूलो खोल्दा फापेन
सानो पसल थाप्दै थापेन
राम्रै स्कुलमा पढियो
राम्रै कलेज पढियो
त्यसैमा पनि
आफू राम्रै दिमाग भा'को ठहरियो
अरू काम नपाएपछि
देशमा राम्रै चल्ने, राम्रै फल्ने
सुपारी खेती पो गरियो ।

बोट पनि नचाहिने
सुरु गर्न खास नोट पनि नचाहिने
रूखमा पनि चढ्न नपर्ने
दुःख पनि गर्न नपर्ने
हाम्रो सुपारी खेती
हावामा फुल्छ हावामै फल्छ
भ्याम्म काट्यो भने
ठूलै रूख पनि ढल्छ ।

भोज निम्तोलाई
मान्छेले सुपारीको पोको दिए झैँ
हामीलाई पनि शुभ कार्य गरिदिन
मान्छेहरू सुपारिको डोको नै दिन्छन्
त्यसपछि साथीहरू
मेरो सुपरभिजनमा
मान्छेलाई बोको झैँ छिन्छन् ।

हाम्रो सुपारी खेती त
पारिदेखि वारिसम्म चल्याछ
यो सङ्क्रमणकालमा त झन्
व्यापार राम्रो फल्याछ
हाम्री सुपारी त
व्यापारी मात्र होइन
मन्त्रीहरूले समेत किन्छन्
त्यसैले
धेरै मन्त्रीले हामीलाई
राम्रैसँग चिन्छन्

पुलिस जुर्मुरायो भने
यिनै मन्त्री सहारा दिन्छन् ।

बा त्यता,
कहिले काहीँ पुलिस
घरसम्म आउँलान्
तपाईंलाई छोरो खै भन्दै
सताउलान्
तर चिन्ता नगर्नुहोला
म सब कुरो मिलाउँछु
तपाईंलाई अन्याय पऱ्यो भने
म यतैबाट न्याय दिलाउछु
मेरो चिन्ता नगर्नुहोला
मलाई ठिक छ
सुपारी खेती पनि ठिक छ
हेरौँ यो नयाँ बिजिनेस
कत्तिको टिक्छ ।

❖❖❖

एक

आनन्दमय जीवनका हकदारहरू : निराजन तिमल्सिना

अबोध बालक फूलजस्तै सुन्दर हुन्छ ।

ऊ जन्मनासाथ 'च्याँ..., च्याँ...., च्याँ...' गरी कराउँछ । च्यस 'च्याँ..., च्याँ...., च्याँ...' ध्वनिले ऊभित्र सङ्गीतको सन्देश पुऱ्याइरहेको हुन्छ । अनि बिस्तारै-बिस्तारै उसको जिब्रोमा 'आमा..' 'बाबा...' चल्मलाउन थाल्छन् । र, ऊ समयक्रमसँगै तोतेबोली निकाल्न थाल्छ ।

यस प्रकार ध्वनि र शब्द सँगसँगै उसको अवचेतन मनमा विचारका मुना पनि जन्मिन थाल्छन् । जहाँ ध्वनि र शब्दका अङ्कुरण एकाकार भएर निस्कन थाल्छन् । ती ऊर्जामय स्वरूपका सुसुप्त अवस्था हुन् । त्यो एकाकार रूप लालित्यपूर्ण हुन्छ । सुकोमल हुन्छ । सुमधुर हुन्छ । सुकोमल र सुमधुर हुनु नै हो सूक्ष्मता । सूक्ष्मता नै हो ऊर्जाको स्रोत । त्यसै पानीबाट बिजुली कहाँ निस्किहाल्छ र ? अँ, माटोभन्दा सूक्ष्म छ पानी । पानीको गहिराइको स्वच्छता र शीतलतामा डुबुल्किमारेका हुन्छन् साहित्य र सङ्गीतले ।

जीवनका नङ र मासु हुन्– साहित्य र सङ्गीत । नङ र मासुलाई कुन अवस्थामा कसरी मिलाएर राख्दा ती सुन्दर एवम् ऊर्जामय बन्छन् भनेर सिकाउने दायित्व हो कलाको । कलाबिना एउटा फूल फूलजस्तो हुन सक्तैन । जून, जून जस्तो हुन सक्दैन । प्रकृति, प्रकृति जस्तो हुन सक्दैन । जीवन पनि जीवनजस्तो हुन सक्दैन ।

साहित्यकला र सङ्गीतकलाको समागम भएपछि जीवन फूलजस्तो हर्हराउँदो हुन्छ । जीवन जून जस्तो टहटहाउँदो हुन्छ । र, जीवन प्रकृतिझैं लहराउँदो हुन्छ ।

हो, साहित्यसँग सङ्गीतको जन्मसिद्ध नाता छ । कला यिनका अमूल्य सुगन्ध हुन्, ऊर्जामय सुकोमल सुगन्ध । यसर्थ कला, सङ्गीत र साहित्यलाई प्रेम गर्नेहरू आनन्दमय जीवनका हकदार हुन् ।

❖❖❖

bfloTj afl]5 ¿

- 'दायित्व' मा रचना पठाउँदा ईमेल मार्फत् प्रीति फन्टमा टाइप गरी पठाइदिनुहुन,
- दायित्वमा प्रेषित रचनाहरू सूचना नगरी अन्यत्र दिएमा त्यस्ता लेखकको नाम कालोसूचीमा राखिने व्यहोरा अवगत गर्नुहुन,
- दायित्वका लागि फोटो नपठाएका स्रष्टाहरूले एक प्रति अटोसाइजको फोटो समेत पठाउनु हुन,
- कृति परिचय गराउन चाहने महानुभावहरूले परिचयात्मक लेख र एक प्रति किताब वा दुई/दुई प्रति कृति उपलब्ध गराउनु हुन,
- दायित्वलाई सुपाठ्य एवं सर्वप्रिय बनाउनका लागि विविध विधाहरूका लेख रचनाहरू पठाई सहयोग गर्नुहुन,
- लेख रचनामा प्रकाशित विषयवस्तु तथा तथ्याङ्कहरूको सम्पूर्ण उत्तरदायित्व सम्पादक एवं प्रकाशकमा नरही स्वयं लेखकमा रहने व्यहोरा समेत अवगत गर्नुहुन अनुरोध छ ।

दायित्व वाङ्मय प्रतिष्ठानका आजीवन सदस्यहरू

क्र.सं.	नाम थर	फोन नं.	क्र.सं.	नाम थर	फोन नं.
१	अच्युत प्र. पौडेल 'चिन्तन'	९८४१३२१९९८	५८.	भूपेन्द्रप्रसाद पौडेल	४४८७२५८/९८४१३७६११४
२.	अर्जुन विरक्ति	४४८५८७८/९८५१०६५४७६	५९.	भोला रेग्मी	४४३१४५४/९८५१०५१४५४
३.	अनिल कोइराला	४४२३२०९/९८४१२५०४५२	६०.	मणिराज सिंह	९८५१११८३४९
४.	अमर अधिकारी	४४६८६७७/९८४१६१७४५५	६१.	मधुसूदनप्रसाद घिमिरे	४१०७७१७/९८४९६५५९९०
५.	अमरकुमार प्रधान	५५२८१०४/९८४१३८३३६१	६२.	ममता शर्मा नेपाल	९८४१३७०५१५
६.	ऋषिराम डाँगी	९८४९२४२००३	६३.	महादेव पन्थ	५५५२३२६/९८४१५०४७५२
७.	एस.पी आसा	४२७५३६५/९८४१३११६६२	६४.	माधव घिमिरे (टङ्गाल)	४४३१५३७/९८४३२४१५२३
८.	कपिल लामिछाने	९८५७०२२१०९	६५.	मित्र 'उराठी' गौतम	०८८-५२००७४
९.	कमलप्रसाद ज्ञवाली	४४८६२४६/९८४१२९८५१४	६६.	मोहन दुवाल	९८४१६३०४६५
१०.	कलाधर काफ्ले	४४९५४४४/९८४१५३५०३०	६७.	मोहनबहादुर कायस्थ	४४७००४९/९८५१०१५०३५
११.	केदारप्रसाद सुवेदी	९८४५०२३८५२	६८.	मोहन सिटौला	४४८१४७६
१२.	केशवराज पन्त	६६३९१५४/९८४३०६९५१५	६९.	यज्ञराज ज्ञवाली	९८५११५०७७४
१३.	कृष्णप्रसाद बस्याल	४४६८९८३/९८४१५६४५२५	६७.	यदुलाल पन्थ	९८४७०२१०४५
१४.	कृष्ण बाउसे	९७४१०५१४२५	७१.	यादव भट्टराई	४७८३२६४/९८५१२३९००९
१५.	कृष्ण ज्ञवाली	४४२८१४७/९८५१११५१५६	७२.	युवराज मैनाली	४४२०३९१/९८४१५२६६७०
१६.	खगेन्द्र खोल्साघरे	९८५१०९७२६८	७३.	युवराज शर्मा गौतम	४२३१३१७/९८४९२४१७४४
१७.	खड्गबहादुर चापागाईं	९८४२४४८८००	७४.	रमा सिंह	५५२५१२२
१८.	खिमानन्द आचार्य	६६३०५६१	७५.	रविन्द्र आशिष शैली	९८५११६६७७५
१९.	गङ्गा पौडेल	४८२३४०८/९८४१५४४०६१	७६.	राजेश मानन्धर	४४९७३६७/९८५१०४७०८३
२०.	गणेश ज्ञवाली	४६२१३८०/९८५११८८२२२	७७.	रामचन्द्र बस्नेत	९८४९४२८४०७
२१.	गीता केशरी	४४३२१२०/९८५११०२२०३	७८.	रामप्रसाद दाहाल	४४९००४८/९८५१०८९६१३
२२.	गुणराज काफ्ले	४४९५३८६/९८४१५७७४५३	७९.	रामप्रसाद पन्त	४४८६४७६/९८४१५२६०१७
२३.	गोकुल अधिकारी	६६३५०७३/९८४२०३०२७७	८०.	डा.रामप्रसाद शर्मा	९८४७०४३१८१
२४.	गोपीकृष्ण शर्मा	४४२४६७६/९८४१६०३३३४	८१.	रामबहादुर पहाडी	९८४१७१०७५२
२५.	गोविन्दप्रसाद घिमिरे	४९१५२९६/९८४३२३४४५०	८२.	रामशरण अर्याल	४१०४०५५
२६.	घनश्याम राजकर्णिकार	४४१०३९२/९८५१०६२२१८	८३.	रामेश्वरी पन्त	९८४९८९९६९९
२७.	चन्द्रकान्त आचार्य	४४७३८९६/९८५११०६३८१	८४.	रूद्र शर्मा 'दुःखी'	०७१-५२१७१७
२८.	डा. चन्द्रकान्त ज्ञवाली	०७८-५८०३८७	८५.	रूद्र ज्ञवाली	९८५७०२१०३७
२९.	डा. चेतबहादुर कुँवर	४४१६२६३	८६.	रेवतीरमण पोखरेल	२१०२१०२/९८४१२६९००८
३०.	छविरमण सिलवाल	९८४१२१६३७६	८७.	ललिता दोषी	४७८०८१६/९८४१८९०२६६
३१.	जयदेवकृष्ण श्रेष्ठ	९८५१०६३२५८	८८.	लक्ष्मी पन्त	४४८६४७६/९८४१४४६२१९
३२.	जयन्ती स्पन्दन	९८४१२४८३८१	८९.	लुमडी आचार्य	९८४९४८२९३०
३३.	जयराम शर्मा लुइँटेल	४६७३०२७	९०.	डा.लेखप्रसाद निरौला	९८४१३७२८०८
३४.	जीवनचन्द्र कोइराला	४११०२६७/९८४१८१६७१९	९१.	लोकेन्द्रबहादुर चन्द	६६३०४२७
३५.	जीवनपानी पोखरेल	९८४१८८९८६३	९२.	वसन्तकुमार शर्म्मा 'नेपाल'	४४८४६२९
३६.	जीवराज घिमिरे	९८४१२७२२५१	९३.	वासुदेव उपाध्याय ढकाल	४४७२५८३
३७.	जीवलाल सापकोटा	९८५१०००४०३	९४.	वासुदेव गुरागाइँ	९८४१६६७१४९
३८.	टङ्क पन्त	९८५१०३६१२०	९५.	विजय सागर	९८४७०५५९७८
३९.	टीकाराम पन्त	९८५१००५६६६	९६.	विमल खनाल	९८४१५६७७३७
४०.	टुमानाथ अर्याल	९८४७५३३००३	९७.	विष्णुबहादुर सिंह	४३७०४३२/९८५१०२१८०९
४१.	ठाकुर शर्मा	४४२०६१०/९८४१२४५३३१	९८.	विष्णुमाया पन्त	९८५१०७४४६६
४२.	डा. तुलसी भट्टराई	४१०८५१८/९८५१०७७३६१	९९.	डा. विष्णुराज आत्रेय	४४७३५२५/९८४११३७४३९
४३.	तुलसीराम पाण्डेय	४८२००२९/९८४१६२८९८५	१००.	विष्णु ज्ञवाली	४३८२५०३/९८४१६१७५९६
४४.	तेजबहादुर थापा	०७१-५२१७०५	१०१.	शङ्करविक्रम शाह	४४११९०३
४५.	देवी नेपाल	९८४१४४४१३५	१०२.	शिव क्षेत्री 'अपरिचित'	९८४१४५३३५८
४६.	देवेन्द्र अर्याल 'आँसु'	९८४१२७२६११	१०३.	शेषराज सिवाकोटी	९८४९३०१३१८
४७.	नारायण गोदारे	४८२२१०७/९८४११३७३९६	१०४.	सकु थापा	९८४१३८५६१२
४८.	नारायण ज्ञवाली	५१०४६१३/९८५१०७३८०९	१०५.	सुदर्शन आचार्य	४३५२९४९
४९.	पुष्पलता आचार्य	४१०७७३४	१०६.	सुदीपभद्र खनाल	४३६२०२९
५०.	प्रतापजङ्ग शाह	४४९७६१२/९८४१२७४०२५	१०७.	सुरेन्द्रप्रकाश उप्रेती	४४७८१८०
५१.	प्रह्लाद कार्की	९८४१३९७६५४	१०८.	सूब सेन	४४९०८३१/९८४१६६९०७४
५२.	प्रह्लाद पोखेल	४९१५२१७/९८४१५३०१९१	१०९.	हरिकुमार नेपाल	४७८१४४०/९८५१०९३७६४
५३.	बालकृष्ण भट्टराई	०७१-५२०३९४	११०.	हरिप्रसाद न्यौपाने	४७७०५२६/९८४१३५९३२७
५४.	बालकृष्ण शर्मा	४४३८४४१/९८४१२५२८७९	१११.	हरिहरप्रदीप घिमिरे	४४८१५५४/९८४१५१९५०२
५५.	सुश्री भद्रकुमारी घले	४४२०४६१	११२.	हेमराज पाण्डे	६६३०७५१/९८४१८०५८७६
५६.	भागवत आचार्य	४१०८५६५/९८४१५७३१०१	११३.	हेमराज ज्ञवाली	४४७०८११/९८५१०२०२१५
५७.	भागवत ढकाल	४७८१४७७/९८४१२७१२२६	११४.	होमशङ्कर बास्तोला	९८४१३६५७६६

दायित्व वाङ्मय प्रतिष्ठानका प्रकाशनहरूः

१.	तीन आमाको छोरा (उपन्यास) २०५७- रामप्रसाद पन्त	१५०/-
२.	श्रद्धाञ्जली (खण्डकाव्य) २०५८- देवी नेपाल	५०/-
३.	ललित मञ्जरी (खण्डकाव्य) २०५८- अमृत खरेल	२१/-
४.	जापान भ्रमणका केही सम्झनाहरू (नियात्रासङ्ग्रह) २०५८- रामप्रसाद पन्त	२००/-
५.	शङ्कर कोइराला: कृति अनुशीलन (समालोचनासङ्ग्रह) २०५८- सं. रामप्रसाद पन्त	५००/-
६.	जीवनपानीका फोहराहरू (गजलसङ्ग्रह) २०५९- जीवनपानी पोखरेल	५०/-
७.	विस्मरणीय जुम्ला (नियात्रासङ्ग्रह) २०५९- सूब सेन	१५०/-
८.	देशभक्तहरूको भूमि: इजरायलमा केही दिन (नियात्रासङ्ग्रह) २०५९- सूब सेन	१००/-
९.	आस्थाका पाइला (कवितासङ्ग्रह) २०५९- ठाकुर शर्मा	५१/-
१०.	रामचन्द्र शर्मा: स्मृतिग्रन्थ २०५९- रामप्रसाद पन्त	७५/-
११.	घाँटी हेरी हाड निल्नु ? (निबन्धसङ्ग्रह) २०५९- लेखप्रसाद निरौला	३०/-
१२.	मालती (खण्डकाव्य) २०६०- लेखप्रसाद निरौला	२५/-
१३.	मधुकलश (कवितासङ्ग्रह) २०६०- सुदीपभद्र खनाल	१०१/-
१४.	औचित्यहीन समारोह (कथासङ्ग्रह) २०६०- लुमडी आचार्य	१००/-
१५.	यात्रा र अनुभूति (नियात्रासङ्ग्रह) २०६०- रामप्रसाद पन्त	२२५/-
१६.	उपासना (कवितासङ्ग्रह) २०६०- ठाकुर शर्मा	५१/-
१७.	विवश हृदय (कथासङ्ग्रह) २०६१- महादेव अधिकारी	५०/-
१८.	जीवनपानीका सुस्केराहरू (गजलसङ्ग्रह) २०६१- जीवनपानी	५१/-
१९.	सेवारत निजामती साहित्यकारहरू (विविध सङ्कलन) २०६१- सं. रामप्रसाद पन्त	३००/-
२०.	आस्था र आकाङ्क्षा (कवितासङ्ग्रह) २०६१- हरिहर प्रदीप घिमिरे	२००/-
२१.	चमत्कारी ऋषि (बालकथासङ्ग्रह) २०६१- लुमडी आचार्य	२५/-
२२.	रुक्मी दिदी (कथासङ्ग्रह) २०६१- रामप्रसाद पन्त	२००/-
२३.	एउटा अनुहारको खोजीमा (कवितासङ्ग्रह) २०६१- देवेन्द्र अर्याल (आँसु)	१००/-
२४.	पृथक् यात्रा (नाटक) २०६२- मिलन गतौला	१२५/-
२५.	देखासिकी (बालकथासङ्ग्रह) २०६२- मधुसूदनप्रसाद घिमिरे	२०/-
२६.	मध्यान्तर (कथासङ्ग्रह) २०६२- मधुसूदनप्रसाद घिमिरे	६०/-
२७.	अज्ञात यात्राका पदचिन्हहरू (कवितासङ्ग्रह) २०६२- कृष्ण बाउसे	५०/-
२८.	स्मृतिका छालहरू (नियात्रासङ्ग्रह) २०६२- विष्णुबहादुर सिंह	२००/-
२९.	सन्झ्याल (कथासङ्ग्रह) २०६२- रामप्रसाद पन्त	२००/-
३०.	मर्माहत (कवितासङ्ग्रह) २०६३- लुमडी आचार्य	५०/-
३१.	आँखाभरि रमिता मनभरि वेदना (नियात्राडायरी) २०६३- गोपी मैनाली	२००/-
३२.	जीवनपानीका तरङ्गहरू (गजलसङ्ग्रह) २०६३- जीवनपानी	५२/-
३३.	रामायण: परम्परा, मान्यता र विश्लेषण (अध्यात्म ग्रन्थ) २०६३- देवेन्द्र अर्याल (आँसु)	१००/-
३४.	एकदर्जन निबन्धसङ्ग्रह (व्यङ्ग्यनिबन्ध) २०६३- अमरप्रसाद रिजाल	१११/-
३५.	साढेसातदेखि अढैयाको शनिसम्म (निबन्धसङ्ग्रह) २०६३- कृष्ण प्रधान	२०१/-
३६.	पेट्रोनास टावरको सेरोफेरो (नियात्रासङ्ग्रह) २०६३- रामप्रसाद पन्त	२००/-
३७.	अनुभूतिको आकाश (कवितासङ्ग्रह) २०६३- अशोककुमार लामिछाने	१००/-
३८.	इन्द्रेनी (सप्तरङ्गी विधा) २०६४- कलाधर काफ्ले	१५०/-
३९.	मेरा सपना र बिपना (संस्मरण) २०६४- सूब सेन	१००/-
४०.	बाह्र सूर्य सोह्र फन्को (नियात्रासङ्ग्रह) २०६४- रामप्रसाद पन्त	२५०/-
४१.	पछि फेरि (निबन्धसङ्ग्रह) २०६५- निरञ्जन बराल	१४०/-
४२.	जीवनका घुम्तीहरू (कथासङ्ग्रह) २०६५- राजनविक्रम थापा	९५/-
४३.	ऋतु थरिथरिका (गजलसङ्ग्रह) २०६५- जीवनपानी	५१/-
४४.	भाइको खोजी (संस्मरण) २०६५- सूब सेन	५०/-
४५.	उत्कृष्ट सत्ताइस व्यक्तित्व (संस्मरण) २०६५- रामप्रसाद पन्त	२००/-

४६.	विमर्शन (समीक्षासङ्ग्रह) २०६६- ठाकुर शर्मा	१००/-
४७.	प्रकृतिमा मान्छे (मुक्तकसङ्ग्रह) २०६६- ठाकुर शर्मा	५१/-
४८.	पर्यन्तदेश (नियात्रासङ्ग्रह) २०६६- रामप्रसाद पन्त	२००/-
४९.	छरिएका मनहरू (समीक्षासङ्ग्रह) २०६७-रामप्रसाद दाहाल	२५०/-
५०.	सैद्धान्तिक कसीमा भाउपन्थीका कथा २०६७-भागवत ढकाल	२२५/-
५१.	सूब सेनका प्रवृत्ति (समालोचनात्मक ग्रन्थ) २०६७- सूब सेन	२५०/-
५२.	स्मृतिविम्ब (कवितासङ्ग्रह) २०६७-गोपीकृष्ण शर्मा	१००/-
५३.	इतिहास अध्ययनको खोजी (अन्वेषण) २०६७- सूब सेन	१५०/-
५४.	सम्झनाका थुँगा (संस्मरणसङ्ग्रह) २०६७-रामप्रसाद पन्त	२२५/-
५५.	अभिवादन : नयाँ विश्वनिर्मातालाई (इतिहास) २०६७- सूब सेन	१५०/-
५६.	स्मृतिगङ्गाको तीरैतीर (नियात्रासङ्ग्रह) २०६८-रामप्रसाद पन्त	२००/-
५७.	मेरा आदर्शरत्न साथीहरू (संस्मरण) २०६८- सूब सेन	१००/-
५८.	युगकवि सिद्धिचरण : कृति र प्रवृत्ति विश्लेषण (समालोचना) २०६८- गोपी मैनाली	१७५/-
५९.	सिङ्नीको सेरोफेरो (यात्रानिबन्ध) २०६८-कलाधर काफ्ले	३२५/-
६०.	अभिशप्त वर्तमान (कवितासङ्ग्रह) २०६९- रामेश्वर जलन	१२५/-
६१.	पुष्पमञ्जरी (कथासङ्ग्रह) २०६९-रामप्रसाद पन्त	२००/-
६२.	पानीमुनिको आकाश (गजलसङ्ग्रह) २०६९-जीवनपानी	१५०/-
६३.	आस्थाको सरोवर (नियात्रासङ्ग्रह) २०७०- रामप्रसाद पन्त	२००/-
६४.	साहित्ययात्राका पदचाप (समीक्षासङ्ग्रह) २०७०- ठाकुर शर्मा भण्डारी	२००/-
६५.	रामप्रसाद पन्तका कविता (कवितासङ्ग्रह) २०७०- रामप्रसाद पन्त	१५०/-
६६.	समुद्रपारि काज (नियात्रासङ्ग्रह) २०७१- रामप्रसाद आचार्य	२००/-
६७.	पारामाटा किनारबाट (नियात्रासङ्ग्रह) २०७१- रामप्रसाद पन्त	२५०/-
६८.	निबुवाको बोटमा आँप फल्दैन (मुक्तकसङ्ग्रह) २०७१- विजयध्वज थापा	१००/-
६९.	पीडा (गजलसङ्ग्रह) २०७१- केशवराज जोशी	१००/-
७०.	मेरा साठी वर्ष (आत्मसंस्मरण) २०७१- रामप्रसाद पन्त	२२५/-
७१.	माटो मायाको परिभाषा (कथासङ्ग्रह) २०७१- सूब सेन	१५०/-
७२.	शैलीका गीतहरू (गीतसङ्ग्रह) २०७१- रविन्द्र आशिष शैली	१५०/-
७३.	उपहार (लघुकथासङ्ग्रह) २०७१- कलाधर काफ्ले	१५०/-
७४.	अविरल यात्रा (नियात्रासङ्ग्रह) २०७२- रामप्रसाद पन्त	२५०/-
७५.	कविताको मलामी (कवितासङ्ग्रह) २०७२- कृष्ण प्रधान	१५१/-
७६.	दाउ (लघुकथासङ्ग्रह) २०७२- रामप्रसाद पन्त	१५०/-
७७.	मनका तरङ्गहरू (मुक्तक/कवितासङ्ग्रह) २०७२- नारायण देव पन्त	१००/-
७८.	आत्मघातपछिको अभिव्यक्ति (कथा/लघुकथासङ्ग्रह) २०७२- घनश्याम पुडासैनी	१२५/-
७९.	केही अन्वेषण केही विश्लेषण (समालोचनासङ्ग्रह) २०७२- डा. दामोदर ढकाल	३५०/-
८०.	आधुनिक समालोचना (समालोचनासङ्ग्रह) २०७२- डा. भागवत ढकाल	३७५/-
८१.	मनकम्पन (काव्य) २०७२– नारायण ज्ञवाली	१५०/-
८२.	साहित्यिक यात्रा (नियात्रासङ्ग्रह) २०७३- रामप्रसाद पन्त	२५०/-
८३.	बहिष्करण (कवितासङ्ग्रह) २०७३- राधेश्याम लेकाली	२००/-
८४.	भाइकी साली (कथासङ्ग्रह) २०७३- गंगासागर पन्त	३००/-
८५.	मोह (कथासङ्ग्रह) २०७३- सुन्दर खड्का	१५०/-
८६.	मन्जिल (कवितासङ्ग्रह) २०७३– मन्जिला शर्मा	उपहार
८७.	देवदर्शन (अध्यात्म) २०७३– यज्ञराज ज्ञवाली	४८०/-
८८.	हाम्रो धार्मिक आस्था (अध्यात्म) २०७३– यज्ञराज ज्ञवाली	७४५/-
८९.	प्रतिविम्ब (अध्यात्म) २०७३– यज्ञराज ज्ञवाली	३००/-
९०.	भरतराज पन्तको काव्ययात्रा र प्रवृत्ति (समालोचना) २०७३– डा. भागवत ढकाल	३५०/-
९१.	नमेटिने सङ्कल्पहरू (कवितासङ्ग्रह) २०७३– सबिन पोखरेल	१५०/-
९२.	शालिक बोलिरहेछ (कवितासङ्ग्रह) २०७३– मेनुका चापागाईं 'मेनु'	१५०/-
९३.	पद्यमुक्तक (मुक्तकसङ्ग्रह) २०७३– ठाकुर शर्मा भण्डारी	१००/-

नेपाल आयल निगम लि.को खाना पकाउने ग्यास (एल.पी.ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :

१. सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔँ। भान्सामा सिलिन्डर सधैँ ठाडो राखी प्रयोग गरौँ। सुताएर, घोप्ट्याएर प्रयोग नगरौँ।

२. रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौँ। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौँ। खाना पकाउँदा सधैँ भ्याल ढोका खुल्ला राखौँ र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौँ।

३) काम सकेपछि सधैँ रेगुलेटर बन्द गर्न नबिर्सौँ।

ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :

१. खाना पकाउने स्थानमा एल.पी. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिरहेको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौँ।

२. ग्यास हावाभन्दा गह्रौँ हुने भएकोले तल भुईंमा बस्छ, यस्तो अवस्थामा भ्याल ढोका सबै खुल्ला गरौँ र आगोको झिल्का निस्कने बस्तुहरू जस्तैः ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौँ। साथै बिजुली बत्ती लगायत कुनै पनि बस्तु नचलाऔँ।

३) ग्यास लिग भइरहेमा सिलिन्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्लाप लगाएर घर बाहिर खुल्ला ठाउँमा राखौँ र छिटो भन्दा छिटो नजिकको ग्यास बिक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौँ।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो। उपभोक्ताको हितमा नेपाल आयल निगम लि.

नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, बबरमहल

फोन : ४२६२९७०, ४२६३४८५

दायित्व वाङ्मय प्रतिष्ठानका पछिल्ला प्रकाशनहरू चाहिएमा.....

सम्पर्क नं.
०१-४४८६४७६
९८४१५२६०१७

साहित्यिक यात्रा (नियात्रासङ्ग्रह) २०७३- रामप्रसाद पन्त
बहिष्करण (कवितासङ्ग्रह) २०७३- राधेश्याम लेकाली
भाइकी साली (कथासङ्ग्रह) २०७३- गंगासागर पन्त
मोह (कथासङ्ग्रह) २०७३- सुन्दर खड्का
मन्जिल (कवितासङ्ग्रह) २०७३– मन्जिला शर्मा
देवदर्शन (अध्यात्म) २०७३– यज्ञराज ज्ञवाली
हाम्रो धार्मिक आस्था (अध्यात्म) २०७३– यज्ञराज ज्ञवाली
प्रतिविम्ब (अध्यात्म) २०७३– यज्ञराज ज्ञवाली
भरतराज पन्तको काव्ययात्रा र प्रवृत्ति (समालोचना) २०७३– डा. भागवत ढकाल
नमेटिने सङ्कल्पहरू (कवितासङ्ग्रह) २०७३– सबिन पोखरेल
सालिक बोलिरहेछ (कवितासङ्ग्रह) २०७३– मेनुका चापागाईं 'मेनु'
पद्यमुक्तक (मुक्तकसङ्ग्रह) २०७३– ठाकुर शर्मा भण्डारी

नयाँ नेपालको परिकल्पना,
मानव बेचविखनरहित समाजको सृजना ।

लैङ्गिक हिंसा हटाऔं,
मानव बेचविखन अन्त्य गरौं ।

हामी सबैको साझा अभियान,
मानव बेचविखनको पूर्णविराम ।

हाम्रो गन्तव्य,
मानव बेचविखनको अन्त्य ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

हामीलाई देहाय बमोजिमका किताबहरू प्राप्त भएका छन्, उपलब्धकर्तालाई धन्यवाद !

कृतिको नाम	विधा	लेखकको नाम	प्रकाशकको नाम	पृष्ठ सङ्ख्या	मूल्य रु.
टाँक	(कवितासङ्ग्रह)	तीर्थराज अधिकारी	सगरमाथा वाङ्मय प्रतिष्ठान	९७+१८	२००/-
बगैंचाका फूलहरू	(बालगीत)	डा. मुकुन्द पथिक	एस.एन.इ.एच.ए.	६०+१०	$10
केही चिन्तन केही विश्लेषण	(समालोचना)	योगराज पौडेल	एकता बुक्स	१७६+१६	१७५/–
परेलीभित्रै छु	(कविता)	देवेन्द्र केसी	श्रीमती चन्दा केसी	८४+८	१००/-
सरम हराएको सहर	(कविता)	अजम्बरध्वज खाती	सु.आ.र.खा प्रतिष्ठान	१३२+१६	३७५/-
कहाँ छ मेरो देश	(यात्रा+लेख)	शेखर ढुङ्गेल	राजन कार्की	२००	२००/-
समय र सपनाहरू	(कविता)	विमल वैद्य	शैलुङ बुक्स प्रालि	८०+१४	१५१/-
ज्ञान उदासका कविता	(कविता)	ज्ञान उदास	प्रेम उदास	१३२+२०	१५०/-
योगेन्द्र-सीता भट्टराई स्मृतिग्रन्थ	(संस्मरण)	सं.डा. यमबहादुर खत्री	योगेन्द्र-सीता स्मृति कोष	४८०+२५	५०१/-
सेलाएको घाम	(कविता)	विद्याप्रसाद घिमिरे	बिएन पुस्तक संसार	७८	७०/-
सहारा	(उपन्यास)	रमेश गौतम पाल्पाली	विजया गौतम	१५४+२२	२००/-
आँसुओं की सिपाही से	(कविता)	वसन्त चौधरी	वाणी प्रकाशन दिल्ली	२५५+२४	भारु. २९५/-
धर्तीको माटो	(कविता)	शिव अधिकारी	आँखा विकास पत्रिका	११६	१५०/–
यथार्थता	(गजल)	इलामे जेठो	ईश्वर अधिकारी	१४९	१५०/-
बाटो खोज्दै बाटोमा	(कविता)	हरिमाया भेटवाल	शब्दार्थ प्रकाशन	१००	१७५/-
सरकार पारिको गाउँ	(कविता)	कृष्ण कट्टेल	शब्दार्थ प्रकाशन	१०४	१५०/-
सामाजिक तथा राजनीतिक परिवर्तन	(दर्शन)	एविन्द्रप्रसाद न्यौपाने	शब्दार्थ प्रकाशन	२०२+१०	३००/-
योग्यता	(दर्शन)	एविन्द्रप्रसाद न्यौपाने	शब्दार्थ प्रकाशन	२४६+१०	३७५/-
व्यवहार	(दर्शन)	एविन्द्रप्रसाद न्यौपाने	शब्दार्थ प्रकाशन	३०२+१०	४००/-
रबरको मान्छे	(कविता)	शशि चालिसे	अम्बिका चालिसे	१०४	२५०/-
क्षितिजपारिको जून	(गीत+गजल)	विष्णा विरही	राप्ती साहित्य प्रतिष्ठान	८६+२	१५०/-
आह्वान युवालाई	(लेख)	सूब सेन	स्वयम्	६४	–
फेरि आह्वान युवालाई	(लेख)	सूब सेन	स्वयम्	४७	–
गन्तव्य गणवहाल	(लामा कथा)	गोविन्द गिरी प्रेरणा	साझा प्रकाशन	२१७	२७०/-